महेश प्रकाशन माला - २५

ॐ

॥ आचार्यवान् पुरुषो वेद ॥

# डा. स्वामी रामानन्द गिरि
# एक अध्ययन

लेखक

स्वामी रमणानन्द गिरि

प्रकाशक

महेश संस्कृत गुरुकुल

देवघाट-५, तनहुँ

# डा. स्वामी रामानन्द गिरि : एक अध्ययन


- लेखक – **स्वामी रमणानन्द गिरि**
- प्रति – **१११९ प्रति**
- प्रकाशन मिति– **द्वितीय गुरुस्मृति महोत्सव, २०७६**
- मूल्य — स्वेच्छा
- ISBN — 978-9937-0628-7-9
- सुसाङ्ख्यलिपि— कृष्णप्रसाद पौडेल
- मुद्रक— **ग्लोबल प्रेस,** काठमाडौँ



© *प्रकाशक*



महेश-संन्यास-आश्रमद्वारा सञ्चालित

**महेश–संस्कृत–गुरुकुलम्**

देवघाट-५, तनहुँ

फोन- (०५६) ५०००२०, ५०००४७

E-mail- msgurukulam@gmail.com

web- www.gurukulam.edu.np

Facebook- facebook.com/msgurukul

# शुभाशंसा

धर्मार्थकामोक्षाख्येषु चतुर्विधपुरुषार्थेषु मध्ये परमपुरुषार्थो मोक्ष आत्मतत्त्वसाक्षात्कारादेव प्राप्तुं शक्य इति वेदस्य स्पष्ट उद्घोषो वर्तते। आत्मतत्त्वज्ञानाय च गुरूपसत्तेः परमावश्यकत्वं प्रतिपाद्यते उपनिषत्सु- तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् (मु.उ. १/२/१२) । मन्त्रे एवकारस्य प्रयोगदर्शनात् साधनान्तरनिषेधः परिज्ञायते । यज्ञदानतपःस्वाध्यायादिषु शास्त्रीयेषु साधनेषु सत्स्वपि तेषां निषेधस्य अयमेवाशयो यत्- सर्वाण्यपि साधनानि साधकस्य कर्तृत्वाभिमानमादायैव प्रवृत्तानि। अभिमाननिवृत्तावेव तत्त्वसाक्षात्कारः सम्भवति । गुरुचरणकमलयोः सर्वस्वसमर्पणरूपा गुरूपसत्तिरेव अभिमानविनाशाय प्रभवतीत्यतः तदेव मूलं साधनम् । गुरुर्नैव शिष्यः (निर्वाणषट्क, श्लो. ५) इत्यादि व्याख्यानं तु न गुरुशिष्यभावखण्डनाय अपि तु तत्त्वज्ञानानन्तरं गुरुशिष्ययोरेकात्मत्वं भवतीति प्रतिपादनाय । कार्यकारण-स्वस्वामि-शिष्याचार्य-पितृपुत्रादिषु बहुविधेषु सम्बन्धेषु मध्ये गुरुशिष्यसम्बन्धस्यैवायं विचित्रो महिमा यत्- सम्यक् परिपालितोऽयं सम्बन्ध एव संसारसम्बन्धरहितस्य निर्लेपस्यात्मनः परिज्ञापकः । अत एवोपनिषत्सु सद्गुरोः स्थानमीश्वरतुल्यं दृश्यते- यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ (श्वेता.उ. ६/२३) । एतमेव भावमादाय ब्रह्मलीनानां रामानन्दगिरिस्वामिवर्याणां शिष्यैः रमणानन्दगिरिभिः स्वगुरोर्जीवनादर्शप्रदर्शको ग्रन्थः प्राकाश्यं नीयमान इति ज्ञात्वा मोमुद्यते मे चेतः । ब्रह्मविद् ब्रह्मैव भवतीति श्रुत्यनुसारेण रामानन्दगिरिवर्याः ब्रह्मरूपत्वेन सर्वेषामादरणीयास्तत्रापि वेदान्तविद्याव्यसनमयं तेषां जीवनं समेषां विद्याभिलाषूणां कृते आदर्शमयं वर्तते। अधुना गुरुपीठे समासीनानां रमणानन्दगिरिस्वामिनामपि जीवनं गुरुभक्त्या गुरुमयं स्यादिति कामये । अन्ते च यस्याश्चितिशक्तेः परिस्पन्द एव कदाचिदीश्वररूपेण, कदाचिद् गुरुरूपेण कदाचिच्च साधकरूपेण दरीदृश्यते तां चितिं मनसा ध्यायन्नयं ग्रन्थः सर्वेषु गुरुभक्तेषु वेदान्तवेद्यायाश्चितोऽभिव्यञ्जने सहकारी स्यादिति शुभमाशंसे।

**अनन्तश्रीविभूषित-स्वामिगुरुशरणानन्दः**

उदासीन-कार्ष्णाश्रमः, मथुरा

# वाक्यपुष्पोपहार

हे शिवस्वरूप सद्गुरुदेव ! हजुरको चैतन्यचरणमा यो अल्पज्ञको सानो भेट वाक्यपुष्पोपहारको रूपमा स्वीकार होस् । हजुर सशरीर छँदै अभिनन्दनग्रन्थ छाप्ने कुरा हुँदा एक दिन भन्नुभएको थियो - अनावश्यक महिमामण्डन नगरी व्यक्तित्व र कृतित्वको सम्बन्धमा विद्वान्हरूको समालोचनात्मक लेख छाप्ने भए छाप्नू, जुन ग्रन्थ पढ्दा मलाई पनि केही ज्ञान बढोस् । समयको वेगले अभिनन्दनग्रन्थलाई स्मृतिग्रन्थको रूप दियो तर हजुरको व्यक्तित्व र कृतित्वको उचाइलाई नाप्न विद्वान्हरूलाई अप्ठ्यारै परिरहेको छ । फेरि कान निमोठ्ने हजुरको हातको अभावमा हामी पनि त्यत्ति खट्न सकेका छैनौँ र स्मृतिग्रन्थको काम बिस्तारै अघि बढ्दै छ । यो बच्चो पनि हजुरको व्यक्तित्व-कृतित्वको कुन पक्षमा रचना तयार गर्ने भन्ने अन्योलमै रुमल्लिएको थियो । अकस्मात् जयपुर-यात्राको क्रममा यसलाई आफ्नो लेखनको पाटो झल्झली देखिन थाल्यो । हजुरको समग्र जीवनदर्शनलाई आफ्नो अनुभवअनुसार विश्लेषण गर्ने यो भाव पक्कै हजुरकै प्रेरणा हो । त्यसैले पन्ध्र-बीस पृष्ठमा लेखिन्छ होला भनेको सामग्रीले एक सय बीस पृष्ठ नाघ्यो । जयपुरयात्राकै क्रममा यो प्रेरणा दिने अवसर चुनेर हजुरले यो पनि सङ्केत गरिदिनुभएको छ - हजुरको विग्रहसहितको गुरुमन्दिर बनाइछाड्ने बालहठबाट हजुर अप्रसन्न हुनुहुन्न । अब हजुर मौन व्याख्यामूर्ति दक्षिणामूर्तिस्वरूप भइसक्नुभएको छ तर लुकाइ-छिपाइ भए पनि आफ्ना प्रेमीहरूको कल्याण गर्ने प्रवृत्ति पक्कै गएको छैन होला । त्यो बानी छोड्न आवश्यक पनि छैन, कमसे-कम बच्चोको मन वासनाशून्य नबनुन्जेल । त्यसपछि यसको हृदयलाई पुरै कब्जामा लिई आफूले चाहेअनुसारको काम तीव्र रूपमा गराउन हजुरलाई नै सजिलो पर्ला । यो लेखाइ प्रारूपमात्र हो । हजुरको लेखन, व्याख्यान र समग्र जीवनदर्शनको विश्लेषण गर्ने आधिकारिक लेखहरू स्मृतिग्रन्थमा नै छापिनेछन् । **रामानन्दयुग** निर्माण गर्ने हजुरको इच्छा चाँडै सिद्ध होस् । हजुरको जय होस् ।

**भगवत्पादीय**

**रमण**

# विषयसूची

**१. पृष्ठभूमि** ७

**२. गुरुवरको स्वभाव र तिनका मुख्य आयाम** ७

२.१ कडाभित्रको नरम ८

२.२ पढ्ने-पढाउने निष्ठा ११

२.३ देश र संस्कृतिप्रेम २१

२.४ गुरुकुल अभियान २८

२.५ अतीन्द्रिय चेतना ३४

२.६ अन्य चारित्रिक विशेषता ३९

**३. कृतित्वको विश्लेषण** ४८

३.१ डा. स्वामीजीको कृतित्वको चरण विभाजन ४८

३.२ कृतिमा निहित विचारबिन्दु र विशेषताहरू ४९

३.३ प्रकाशित कृतिहरूको सामान्य परिचय ५०

३.४ कृतिहरूको विश्लेषण ५३

३.५ अन्य दार्शनिक लेखहरू १२२

३.६ उपसंहार १२६

**गुरुवचनामृत** १२८

**सन्दर्भग्रन्थसूची** १४८

✡ ✡ ✡

# डा. स्वामी रामानन्द गिरि : एक अध्ययन

## १. पृष्ठभूमि

नेपालका आध्यात्मिक, दार्शनिक मनीषीहरूको उल्लेख गर्ने क्रममा ब्रह्मलीन गुरुवर डा. स्वामी रामानन्द गिरिजी महाराजको नाम उपस्थित गर्न अर्को कुनै परिचय, पृष्ठभूमि या भूमिकाको आवश्यकता पर्दैन । अध्यात्मशृङ्खलाका एउटा यस्तो कडी, जो आफ्नै अलग महत्त्व र विशिष्ट पहिचानका साथ जनमानसमा स्थापित हुनुहुन्छ । हुन त उहाँसँगको मेरो भेट धेरै लामो होइन । २०५३ सालमा नौ वर्षको उमेर हुँदा गुरुकुलमा प्रवेश गरेपछिमात्र मैले उहाँलाई नजिकबाट देख्ने-सुन्ने मौका पाएको हुँ । त्यसपछिको लगभग एक्काईस वसन्त उहाँको प्रत्यक्ष संरक्षणमा र लालन-पालनमा बिताइयो । २०५३ सालदेखि २०७३ सालसम्मको यही कालखण्डमा अनुभव गरिएको उहाँभित्रको भावसंवेग र ती विविध संवेगहरूद्वारा निर्माण भएको एउटा विशिष्ट स्वभावको यथामति प्रस्तुति यो आलेखमा गरिनेछ । गुरुवर स्वयंलाई अनावश्यक महिमामण्डन मन नपर्ने भएकाले सकेसम्म सन्तुलित शब्दहरूबाट उहाँको जीवनदृष्टिलाई उद्घाटन गर्ने प्रयास हुनेछ । साथै गुरुवरको व्यक्तित्व र कृतित्वको मूल्याङ्कनका क्रममा लेखकीय तटस्थताका दृष्टिले उहाँलाई स्वामीजी भनेर उल्लेख गरिनेछ ।

## २. गुरुवरको स्वभाव र तिनका मुख्य आयाम

स्वभाव भनेको कुनै व्यक्तिको लामो जीवन भोगाइको आधारमा निर्माण भएको उसको मनोभाव, बानीव्यहोरा र दृष्टिकोणको समायोजन हो । ब्रह्मलीन गुरुवरको सन्दर्भमा पनि उहाँको समग्र जीवनलाई निर्देशित गर्ने मुख्य स्वभाव र त्यसको निर्माणका प्रमुख आधारहरूको आकलन गर्नुपर्ने देखिन्छ । सरसर्ती भन्दा स्वामीजी कडा भएर पनि भावुक, अनुशासनप्रिय, अध्ययन-अध्यापनमा पूर्ण समर्पित एवम् वेदान्तमा पूर्ण निष्ठा राख्ने संस्कृतप्रेमी सन्त हुनुहुन्थ्यो ।

## २.१ कडाभित्रको नरम

यो स्वामीजीको सबैभन्दा बढी प्रसिद्ध भएको स्वभाव हो । मानिसहरू उहाँलाई दुर्वासा भन्थे, जो सानो कुरामा पनि भयङ्कर रिसाउने ऋषिको रूपमा पुराणहरूमा प्रसिद्ध हुनुहुन्छ । आफ्ना अनुयायी, शिष्य र श्रोताहरूको सानो गल्ती पनि सहन नसक्ने, त्यसलाई तत्काल दण्डित गरी सुधारिहाल्ने उहाँको बानी थियो। अझ प्रवचनको बेलामा त हल्लिन, मुन्टो बटार्न र औँला चलाउनसमेत नपाइने। एकछिन अघि हँसी-मजाक गरेर स्वामीजीलाई हँसाइरहेको मान्छे छ भने पनि प्रवचन सुरु भएपछि सतर्क रहनुपर्ने। कसैसँग केही लेन-देनको साइनो नभएका यी जोगी कहिले दुर्वासा बन्छन् थाहा नहुने । कयौँ पटक त प्रवचन श्रवण गरिरहँदा श्रोताको मन चञ्चल भई खुट्टाको बुढी औँला हल्लिरहेको कुरा स्वयं व्यक्तिलाई भान नहुँदै व्यासपीठबाट डाँटफटकार आइसक्ने घटना देखियो । हरेक सत्सङ्गमा मैले के अनुभव गरेँ भने उहाँले प्रवचन स्थल र त्यहाँभित्र उपस्थित मानिसहरूलाई आफ्नो नजरको नियन्त्रण र घेराबन्दीमा लिनुहुन्थ्यो । उहाँको नजरबन्दभित्र समर्पित श्रोताहरूबाहेक अरु कसैलाई छिर्ने अनुमति थिएन । कतिसम्म भने श्रोताहरूको मनमा आलस्य, चञ्चलता र असावधानी घुस्ने अनुमति पनि उहाँको सत्सङ्गमा थिएन । कोही असावधान भयो, हाइ गर्‍यो या हात-खुट्टा हल्लायो भने वाग्वज्रको प्रहार भइहाल्यो । कि त्यो मान्छे असावधानी फालेर सत्सङ्गमा टिक्यो कि त आफ्नो कमजोरी छाड्न नसक्ने भएकाले कहिल्यै सत्सङ्गमा स्वामीजीको अघि परेन। यस्ता घटना हामीले एउटा दुईवटा मात्र नभई कयौँ पटक देखेका छौँ।

प्रज्ञाप्रतिष्ठानको सभाकक्षमा राजनीति, साहित्य र अन्य विविध क्षेत्रका अगुवाहरूले भरिएको राष्ट्रिय स्तरको कार्यक्रममा आफ्नो अनुशासन पालन नभएकाले सभालाई फट्कारेर कार्यक्रम नै

बहिष्कार गरेको दृश्य होस् या प्रधानमन्त्री-पूर्वप्रधानमन्त्रीहरूलाई ललकारेको घटना होस्, नजिकबाट देख्नेहरू भन्दछन् - अरु बेलामा भन्दा सभा-समारोह र सत्सङ्गको बेलामा स्वामीजीमा दुर्वासाको आविर्भाव धेरै भएको देखिन्छ । २०५६ सालमा महेश संस्कृत गुरुकुल विद्यापीठको उद्घाटन कार्यक्रमलाई झल्झली सम्झन्छु । पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रमुख अतिथिको रूपमा कार्यक्रममा स्वागत र आसनग्रहण गराइयो तर जब स्वामीजीको बोल्ने पालो आयो तब आदरार्थी कुनै विशेषण नलगाई भन्न थाल्नुभयो - 'गिरिजाबाबु ! तपाईँले धेरै कुराहरू सिक्न र सम्झन बाँकी छ ।'

घटनाहरू धेरै छन् तर विशेष सभा-समारोहहरूमा उहाँभित्र कुनै विशेष शक्तिको आवेश भएजस्तो हामीलाई लाग्थ्यो। आफ्ना नियमित श्रोताहरूका माझ सत्सङ्गका क्रममा त मन चल्बलाएको पनि थाहा पाउने । छाँटिएका योग्य श्रोताहरू अनुशासित भएर बसेका छन् भने उहाँलाई प्रवचन असाध्यै फुर्ने। अनि श्रद्धा र अनुशासनको वातावरण नहुँदा सत्सङ्गको क्रममा उहाँलाई भित्रैदेखि अँठ्याइएजस्तो असहज हुने । यी सबै अनुभवहरूबाट के निष्कर्ष निस्किन्छ भने - उहाँले सत्सङ्गको क्रममा श्रोताहरूको मनभित्रको भाव थाहा पाउनुहुन्थ्यो। एक दिन (२०६९/१०/८ गते) सत्सङ्गकै क्रममा उहाँले आफ्नो छाती देखाउँदै भन्नुभयो- 'मेरो हृदय सेतो कागजजस्तो छ । ज-जसले जस्तो भाव राख्छन् त्यही प्रतिबिम्बित हुन्छ। तिमीहरूको भावको छापअनुसार नै मबाट शब्दहरू निस्कन्छन्।' अश्रद्धालुहरू सत्सङ्गमा बसे भने त्यसले भावप्रवाहमा दखल पर्ने भएकाले उहाँ त्यस क्रममा सामान्यभन्दा अलि बढी नै कडा लाग्नुहुन्थ्यो । जनसामान्यको भाषामा दुर्वासा। स्वयं उहाँले पनि आफूलाई दुर्वासा भनिएकोप्रति व्यङ्ग्य गर्दै त्यसलाई स्वीकार गर्नुभएको थियो।

स्वामीजीको कडापनको कुरा गरिरहँदा त्यसभित्र लुकेको

नरमपनाको अनुभव भने कमैलाई भयो होला। पाठ बुझाउन नसक्ने विद्यार्थीलाई धुरु-धुरु रुने गरी गाली गरिसकेपछि सुत्ने बेलामा आफूले पिउने गरेको दूधको गिलास त्यही विद्यार्थीकहाँ पुऱ्याएका कैयौँ घटना हामीले गुरुकुलको छात्रावासमा देख्यौँ, भोग्यौँ। गाली गर्दा कसैले साह्रै चित्त दुखाएको रहेछ भने भोलिपल्ट माफी मागेको देख्यौँ । कुनै विद्यार्थीले आमा, देशभक्ति, आर्ष सभ्यताजस्ता विषयमा कविता सुनाउन थाल्यो भने रुमाल भिज्ने गरी आँसु पुछिरहेको भावुक अनुहार पनि नियाल्यौँ। विद्यार्थीको रूपमा नजिक बस्दा मलाई उहाँको विषयमा निश्चित धारणा बनाउन सधैँ मुस्किल पऱ्यो । नरम हो कि कठोर, ठम्याउनै गाह्रो । वेदान्त सत्सङ्ग गर्दा कहिलेकाहीँ उहाँमा अभिव्यक्त हुने अतिमानवीय उचाइ, देखावटीरहित निष्कपट व्यवहार, आमाको जस्तै गम्लङ्ग ढाक्ने वात्सल्यजस्ता गुणले नजिक बसिरहूँजस्तो लाग्ने । फेरि दुर्वासा जागेको बेलामा वरिपरि पर्न त के सम्झिन पनि डर लाग्ने। पछि थाहा पाइयो साधुहरूको विशेषता नै त्यही रहेछ - **वज्रादपि कठोराणि मृदूनि कुसुमादपि** (उत्तररामचरित, २ अङ्क, ७ श्लोक) अर्थात् वज्रभन्दा कठोर र फूलभन्दा नरम हुनु। कालिदासले अझै स्पष्टतासँग भने- **अधृष्यश्चाभिगम्यश्च यादोरत्नैरिवार्णवः** (रघुवंश, १/१६) अर्थात् महापुरुषहरू समुद्रजस्तै हुन्छन् । रत्नको लोभले डुबुल्की लगाउन मन लाग्छ तर गोही र ह्वेल माछाजस्ता भयङ्कर जन्तुहरू सम्झिँदा नजिक जान पनि डर लाग्छ।

माता-पिता, पति-पत्नी आदि लौकिक सम्बन्धमा मानिसहरू सम्बन्धको आधारमा एक-अर्कामाथि हाबी हुन्छन् तर महापुरुषहरूमाथि सम्बन्धको बलले हाबी हुन सकिँदैन । अनि सम्बन्ध छोडी टाढा हुन पनि सकिँदैन । हाम्रा चरित्रनायक पनि त्यस्तै हुनुहुन्थ्यो । असाध्यै डरलाग्दा र असाध्यै मायालु । यी

विरोधी स्वभावको आकर्षणले उहाँले कैयौँ छात्रहरूलाई वशीभूत बनाउनुभयो। श्रद्धापूर्वक शिर झुकाउन बाध्य बनाइदिनुभयो। उहाँको नजिक बस्नेले आसक्तिरहित स्नेहको विलक्षण स्वाद भेट्यो। अनि कहिलेकाहीँ करुणाले भरिएको गाली र दण्ड-सजाय पनि पायो। तर स्नेहको स्वाद चाख्न तम्सिनेलाई तीखो दण्ड पचाउन भने गाह्रै पर्थ्यो। जसले दुवै पचायो, उसैले आशीर्वाद भेट्यो।

गुरुजीकहाँ दर्शनको जिज्ञासा या सत्सङ्ग सुन्ने इच्छाले कुनै विशिष्ट मान्छे आयो भने सुरु-सुरुमा तपाईँ शब्दले सम्बोधन गर्नुहुन्थ्यो। सत्सङ्गमा भिज्दै जाँदा केही समयपछि ऊ स्वयंलाई थाहा हुँदैन थियो, त्यो सम्बोधन 'तिमी' भन्दा पनि तल झरेर कहिले 'तँ' मा पुगिसकेछ। वास्तवमा तँ शब्दको सम्बोधनमा पुग्नु नै गुरुजीको विश्वासप्राप्त शिष्यमण्डलीमा प्रवेश गरेको प्रमाणपत्र हुन्थ्यो। तँ भनिने व्यक्तिको आध्यात्मिक उन्नतिमात्र नभई व्यावहारिक सुख-दुःखको पनि उहाँले ख्याल राख्नुभएको पाइन्थ्यो। यो कुराको रहस्य थाहा पाएपछि सबै नवप्रवेशीहरूलाई कहिले गुरुले मलाई तँ भनी सम्बोधन गर्नुहोला भन्ने प्रतीक्षा हुन्थ्यो। स्वामीजीलाई दुर्वासा ठानी पर भएका तर पछिल्लो समय उहाँभित्र अपार पुत्रवात्सल्य देखी छक्क परेका कैयौँ मानिसहरू आफूले उहाँलाई चिन्न नसकेकोमा चुकचुकाइरहेको अनुभव सुनाउँछन्। कठोर खपडाको आवरणले नरिवल र त्यसभित्रको सुमधुर जललाई घेरेझैँ कडापन उहाँको त्यस्तो सुरक्षाकवच थियो, जसभित्र अपार करुणा र स्नेहको समुद्र सलबलाइरहेको हुन्थ्यो।

## २.२ पढ्ने-पढाउने निष्ठा

गुरुजी सत्सङ्गको क्रममा बारम्बार उपनिषद्को यो भनाइ दोहोर्‍याउनुहुन्थ्यो- **स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्** (तै.उ.१/११/१) **तद्धि तपस्तद्धि तपः** (तै.उ.१/९/१) अर्थात्

पढ्ने पढाउने काममा कहिल्यै अल्छी नगर्नू । त्यही नै सबैभन्दा ठूलो तपस्या हो । गुरुजीको सम्पूर्ण जीवनलाई मूल्याङ्कन गर्ने एउटै आदर्श महावाक्य खोज्नुपऱ्यो भने त्यो वाक्य यही हो - **स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्** । हुन पनि उहाँले पढ्न-पढाउन कहिल्यै अल्छी गर्नुभएन । सबै शिष्यहरूले अनुभव गरेको कुरा हो कि- एस्.एल्.सी. परीक्षाको क्रममा हामीले जसरी दिन-रात नभनी पढ्यौँ गुरुजी दिन-दिनै त्यति धेरै निष्ठापूर्वक पढ्नुहुन्थ्यो । संस्कृतको प्रकाण्ड विद्वान् भएर पनि अमरकोश, धातुरूपावली र अन्य निबन्ध ग्रन्थहरूको अध्ययन र आवृत्ति गर्नुहुन्थ्यो । २०७३ साल जेठ र असारमा पोखरास्थित अम्बरेश्वर संन्यास आश्रममा बसेका ती अन्तिम दिनहरू झल्झली सम्झन्छु - गुरुजीले आश्रमको बरण्डामा सुती-सुती त्यही धातुरूपावली आवृत्ति गरिरहनुभएको सुनिन्थ्यो, जुन गुरुकुलमा भर्खर प्रवेश गरेका विद्यार्थीहरूलाई रटाउने गरिन्छ ।

निरन्तर पढिरहने कुरामा उहाँका आदर्श नयराज गुरु हुनुहुन्थ्यो, जो ज्योतिष र व्याकरण शास्त्र दुवैका प्रकाण्ड विद्वान् भएर पनि बाटोमा हिँड्दा **आद्गुणः आद्गुणः** भन्दै व्याकरण सूत्र आवृत्ति गरिरहनुहुन्थ्यो । आफ्नी पत्नीको मृत्यु हुँदासमेत अब एकान्तमा ढुक्कसँग पढ्न पाइने भयो भन्ने नयराज गुरुको अव्यावहारिकताको हद नाघेको अध्ययननिष्ठा जत्तिकै निष्ठा स्वामीजीमा थियो । टाढा-टाढादेखि आश्रममा मान्छेहरू भेट्न आएका छन्, तर तिनीहरूलाई एकै छिनमा बिदा गरी अर्कोतर्फ फर्किएर किताब समाइहाल्ने स्वामीजीको बानी थियो । कुनै नयाँ मान्छे आयो भने पहिलो प्रश्न हुन्थ्यो– तिमीले के पढेका छौ ? आफूलाई आवश्यक परेको कुनै विद्या या जानकारी ऊसँग छ भने हत्तपत्त भनिहाल्यो - ल मलाई यो कुरा सिकाऊ । अथवा ऊ दर्शनको जिज्ञासु रहेछ भने तत्कालै एउटा

सानो प्रवचन आरम्भ भइहाल्यो । हरेक वर्ष गुरुकुलले आयोजना गर्ने साहित्यिक कार्यक्रम मकर-काव्य-यामिनीमा देशभरिबाट जम्मा भएका साहित्यकार र समालोचकहरू (कविवर माधवप्रसाद घिमिरे, डा. वासुदेव त्रिपाठी, प्रा. राजेन्द्र सुवेदी, प्रा. घनश्याम कँडेल, कवि गोविन्दराज विनोदी)लाई अगाडि राखी साहित्यको परिभाषा या मुनामदनको कुनै कविताको तात्पर्यको जिज्ञासा गर्दै घण्टौँ बिताएको हामीले प्रत्यक्ष देख्यौँ । ती प्राध्यापक र वरिष्ठ साहित्यकारहरू बिदा भइसक्दा पनि उहाँको पढ्ने धोको पुग्दैन थियो । क्षतिपूर्तिस्वरूप उमेशजी, निराजनजीजस्ता आफ्नै शिष्यहरूसँग साहित्यका विषयमा छलफल चलाउनुहुन्थ्यो ।

स्वामीजीको पढाइको प्रमुख शैली बारम्बार घोक्नु र आवृत्ति गरिरहनु हो । घोक्दा ठूलो स्वरले टाउको हल्लाएर पढ्नुपर्ने । पछि शरीर मोटाउँदै गएपछि बिस्तरामै आराम गरी-गरी या सुती-सुती पनि पढिरहने । अङ्ग्रेजी भाषाको अध्ययन गर्ने क्रममा चाहिँ विभिन्न विद्वान्हरूका अङ्ग्रेजी भाषाका वेदान्तप्रवचनहरू टेप रेकर्डबाट सुन्ने अभ्यास पनि थियो । प्रवचन सुन्दा उहाँले धेरै ओशो रजनीशको रेकर्ड सुन्नुहुन्थ्यो भने इस्कोनबाट निस्किएको गीताको अङ्ग्रेजी व्याख्या, अष्टावक्रगीताको अनुवादजस्ता किताब पल्टाइरहनुभएको देखिन्थ्यो ।

संस्कृत साहित्यमा उहाँलाई पद्यभन्दा गद्य बढी मन पर्थ्यो । **शिवराजविजय** सधैँ आवृत्ति गरिरहनुहुन्थ्यो भने **कादम्बरी, दशकुमारचरित**जस्ता ग्रन्थहरू पनि कहिलेकाहीँ हेरेको देखिन्थ्यो । त्यस्तै **रूपचन्द्रिका**, **अमरकोश**, **लघुसिद्धान्तकौमुदी** र **तर्कसङ्ग्रह** उहाँलाई मन पर्थे । उहाँले सबै शास्त्रहरूमा प्रवेश गराउने कुञ्जीको रूपमा **तर्कसङ्ग्रह** र **लघुसिद्धान्तकौमुदी**लाई लिनुहुन्थ्यो । तर्कसङ्ग्रह र लघुकौमुदीकै आधारमा आफू विद्वान्

भएको र यी दुई ग्रन्थकै जगमा गुरुकुल खोलिएको हो भन्नुहुन्थ्यो (२०६९/९/१० गते, नित्य सत्सङ्गको क्रममा) । यी दुई ग्रन्थप्रति उहाँको कति धेरै आदरभाव थियो भन्ने कुरा २०६९ साल माघ ६ गते नित्य सत्सङ्गको उहाँको भनाइबाट स्पष्ट हुन्छ -

'झुटो नबोल्ने, होटेलमा नखाने, २ पटक सन्ध्यावन्दन गर्ने र लघुसिद्धान्तकौमुदी-तर्कसङ्ग्रह राम्ररी पढाउन सक्ने मानिस छ भने त्यसको शिरमा शिवभावले रुद्राभिषेक गर्दा हुन्छ । त्यसलाई सर्वस्व दान दिए पनि केही फरक पर्दैन ।'

वेदान्तदर्शनमा **उपनिषद्**, **गीता** र **ब्रह्मसूत्र**लाई प्रस्थानत्रयी अर्थात् तीनवटा प्रमुख बाटोका रूपमा मान्यता प्राप्त विषय हुन् । यी तीन आधारग्रन्थमध्ये पनि उपनिषद् र गीताको अर्थनिर्धारण ब्रह्मसूत्रको व्यवस्थाको आधारमा गर्नुपर्दछ । त्यसैले स्वामीजी ब्रह्मसूत्रलाई असाध्यै मन पराउनुहुन्थ्यो । भन्नुहुन्थ्यो- मानवको रचनामा ब्रह्मसूत्रभन्दा अर्को श्रेष्ठ ग्रन्थ छैन । ब्रह्मसूत्रको दोस्रो सूत्रबाट सुरुवात भएकाले नै श्रीमद्भागवतमहापुराणले यति महत्त्व र दार्शनिक उचाइ प्राप्त गरेको हो भन्नुहुन्थ्यो । **माण्डूक्यकारिका** त उहाँको प्राणसमान नै प्यारो थियो । उहाँले पढ्ने गरेको एउटा रातो आवरणपृष्ठ भएको माण्डूक्यकारिकाको पुस्तक थियो । बरु स्वामीजीलाई आफूले लगाएको धोती-गञ्जी फाटेको वास्ता हुँदैन थियो तर त्यो पुस्तकको कुनै पाना उप्किन र बिग्रन लाग्यो भने तत्काल ठीक गराउनुहुन्थ्यो । यदि शिष्य संसारबाट पूर्णतः विरक्त छ भने ऊ **माण्डूक्योपनिषद्** पढ्ने अधिकारी हो र त्यसलाई पढाउनुको आनन्द अतुलनीय हुन्छ भन्नुहुन्थ्यो । उहाँको जीवनभरि प्रवचन र लेखनको विषय रह्यो - **श्रीमद्भागवतमहापुराण** । श्रीमद्भागवतको रसास्वादन र रहस्यार्थबोधका लागि आफूले वेदान्तमा श्रम गरेको भनेर पनि सत्सङ्गमा बताएको सुनियो । श्रीमद्भागवतको रसपान

गर्न जान्ने मान्छेलाई कुनै पुराणहरूमा रुचि हुँदैन (तद्रसामृततृप्तस्य नान्यत्र स्याद् रतिः क्वचित्, श्रीमद्भा. १२/१३/१५) भन्ने भनाइ उहाँलाई आफ्नै जीवनमा घटेजस्तो लाग्थ्यो । उहाँले सधैँ लिएर हिँड्ने **श्रीधरीटीका**सहितको एउटा श्रीमद्भागवतको पुस्तक छ, जसका पृष्ठैपिच्छे उहाँले गरेको रातो अधोरेखाङ्कनले किताब नै रातो बनेको देखिन्छ । श्रीमद्भागवतमा उहाँले यी प्रसङ्गहरूलाई बढी मन पराउनुहुन्थ्यो र सत्सङ्गमा खुब दोहोर्‍याउनुहुन्थ्यो- मङ्गलाचरणका तीन श्लोक, पृथुचरित्र, प्रह्लादचरित्र, भरतको चरित्र, नवयोगेश्वरको प्रसङ्ग र उद्धव-कृष्णसंवादको प्रसङ्ग । त्यस्तै वेदान्तका उहाँलाई मनपर्ने अन्य ग्रन्थहरू हुन्- **पञ्चदशी**, **संक्षेपशारीरक**, **नैष्कर्म्यसिद्धि**, **विवेकचूडामणि**, **दशश्लोकी-सिद्धान्तबिन्दु**, **दक्षिणामूर्तिस्तोत्र**, **चर्पटपञ्जरिका**, **प्रश्नोत्तरी मणिरत्नमाला** । भक्तिसाहित्यमा चाहिँ उहाँलाई सबैभन्दा बढी मनपर्ने ग्रन्थ हो- मधुसूदनसरस्वतीविरचित **भक्तिरसायन** । त्यस्तै **नारदभक्तिसूत्र**को पनि सत्सङ्गको क्रममा बारम्बार उल्लेख गर्नुहुन्थ्यो ।

नेपाली साहित्यमा उहाँलाई सबैभन्दा बढी मनपर्ने ग्रन्थहरू **तरुणतपसी** र **मुनामदन** हुन् । **भानुभक्तीय रामायण** पनि उहाँलाई मन पर्थ्यो । भानुभक्त, लेखनाथ र लक्ष्मीप्रसाद देवकोटा त मलाई भगवान्कै अवतार हुन् जस्तो लाग्छ, म यिनलाई नेपाली साहित्यका ब्रह्मा, विष्णु र महेशको रूपमा मान्छु भनी बारम्बार भन्नुहुन्थ्यो । एकपटक आफ्ना गुरु महेशानन्द गिरिजी महाराजसँग वेदान्त अध्ययन गर्न राजस्थान माउण्ट आबुको आश्रममा बसिरहँदा गुरुभ्राता स्वयम्प्रकाशानन्द गिरिजीले तिम्रो भाषाको सबैभन्दा मीठो श्लोक के हो ? भनी सोध्दा उत्तर दिनुभएछ -

**म खाऊँ मै लाऊँ सुखसयल वा मोज म गरूँ**
**म बाँचूँ मै नाँचूँ अरु सब मरून् दुर्बलहरू ।**

**भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी**
**चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी ।।**

पछि आफ्ना गुरुभाइले भारतीय लवजमा त्यो श्लोकको उच्चारण गर्दा उहाँलाई असाध्यै प्रसन्नता हुन्थ्यो अरे ।

उहाँलाई संस्कृतको प्रकाण्ड विद्वान् बनाउने घटनाको सुरुवात फस्कु, सीतापाइलामा अवस्थित हरिसिद्धि संस्कृत पाठशालामा भएको रहेछ । गेरुवा रङ्गको दौरा र कानमा सेता कुण्डल टल्किरहेका एकजना असाध्यै आकर्षक जोगीले पाठशालामा आई २ घण्टाभन्दा बढी संस्कृत भाषामा असाध्यै मीठोसँग प्रवचन गरे अरे । आफू सानो बच्चा भएकाले सबै कुरा नबुझे पनि यो जोगीको लँगौटी धोई हिँड्न पाए हुन्थ्यो जस्तो लागेछ । अब म पनि यी जोगीजस्तै धाराप्रवाह संस्कृतमा बोल्ने भएरै छोड्छु भनी दह्रो सङ्कल्प गर्नुभयो अरे । गुरुजीका संस्कृतका प्रेरणास्रोत ती जोगी अरु कोही नभई **राष्ट्रगुरु योगी नरहरिनाथ** रहेछन् ।

अङ्ग्रेजीमा वेदान्तप्रवचन गर्ने सोख भने **रङ्गनाथानन्द** भन्ने एकजना भारतीय विद्वान्बाट मिलेको रहेछ । दिल्लीस्थित गुरुआश्रमद्वारा सञ्चालित विश्वनाथ संस्कृत महाविद्यालयमा वेदान्त अध्यापन गरी बसिरहँदा फिकी हाउस भन्ने स्थानमा रङ्गनाथानन्द स्वामीले **नारदभक्तिसूत्र**माथि अङ्ग्रेजीमा मीठो व्याख्यान दिएछन् । आफूलाई अङ्ग्रेजीमा पहिल्यैदेखि रुचि भए पनि अङ्ग्रेजीमा प्रवचन गर्ने अठोट भने त्यही बेला पलाएको रहेछ ।

स्वामीजीलाई अङ्ग्रेजी पढ्ने र अङ्ग्रेजीमा बोल्ने धुन कस्तो थियो भने कोही कोट-पाइन्ट लगाएर ठाँटिएको मान्छे आयो कि ल मलाई अङ्ग्रेजी सिकाऊ भन्नुहुन्थ्यो । नेपालका जुन-जुन सहर-बजारमा गुरुजीका प्रवचन कार्यक्रम हुन्थे, त्यहाँ कोही न कोही मानिस मैले स्वामीजीलाई अङ्ग्रेजी सिकाएको भनेर गर्व गरिरहेको

भेटिन्छ । प्रवचनको क्रममा अङ्ग्रेजीमा केही वाक्य मिसाएर बोल्न उहाँलाई असाध्यै मन पर्थ्यो । त्यसको प्रभाव पनि पर्थ्यो । गाउँघरमा जोगीको प्रवचन भनेर उपेक्षा गरी चियागफमा मस्त हुने अर्धशिक्षित युवावर्ग पनि प्रवचनपछि अङ्ग्रेजीमा प्रवचन गर्न सक्ने विद्वान् रहेछन् भन्ने ठानी झुकेका देखिन्थे । यो थाहा पाउँदा स्वामीजीलाई झनै आनन्द आउँथ्यो ।

आलोचकहरू पनि कम थिएनन् । जोगी भएर एकाबिहानै अङ्ग्रेजी घोक्ने ? अङ्ग्रेजी बोलेर व्यासपीठ नै अपवित्र पार्ने ? आदि-आदि । तर स्वामीजीले आफ्नो ध्याउन्न छोड्नुभएन । मनमा निश्चय गरेका कुरा पुऱ्याइछाड्ने उहाँको बानी थियो । सायद यसैलाई योगिहठ भन्दछन् कि क्यारे ! आलोचना गर्नेहरू केवल अङ्ग्रेजी भाषा पढेको देख्थे तर स्वामीजीको धारणा थियो - मैले अङ्ग्रेजीमा **वेदान्त** नै पढिरहेको छु, अन्य भौतिक विषय होइन । अङ्ग्रेजी पढ्ने निहुँमा झन् धेरै वेदान्तविचार भएकाले आफ्नो वेदान्तनिष्ठामा सहयोग नै पुगेको उहाँको अनुभव थियो । संस्कृत गुरुकुलमा अध्ययन गर्ने छात्रहरूमा राम्ररी अङ्ग्रेजी जान्न नसकेको कुण्ठा पनि रहने गर्छ । तर जब हामीलाई स्वामीजीले आफ्नो दृष्टान्त दिँदै संस्कृतको ज्ञानसम्पदालाई राम्ररी प्राप्त गरेपछि अङ्ग्रेजी भाषा सिक्न र बोल्न केही गाह्रो हुँदैन भन्नुहुन्थ्यो, हामीलाई त्यो कुण्ठाले कहिल्यै छोएन ।

स्वामीजीमा अङ्ग्रेजी बोल्नेमात्र नभई अङ्ग्रेजको देशमा घुम्ने, त्यहाँको वैभव हेर्ने ध्याउन्न पनि ठूलै थियो । पछि त्यो बेलायत घुम्ने इच्छा उहाँकै भक्त चिरञ्जीवी ढकालमार्फत् पूरा भयो । राजा महेन्द्रको निमन्त्रणामा बेलायतकी महारानी एलिजावेथ नेपाल भ्रमणमा आउँदा उनको स्वागतको भव्यता र यिनको राज्यमा कहिल्यै सूर्य अस्ताउँदैन भन्ने सुनेपछि उहाँको मनमा त्यो देशमा गइछाड्छु भन्ने सङ्कल्प पलाएको थियो रे । यसैगरी चिन्तामणि योगी-भोलानाथ योगीको

समायोजनमा अमेरिका पनि घुमेर आएपछि भने उहाँको विदेश घुम्ने इच्छा पूर्णतः बिलायो ।

यी त भए पढ्ने, सिक्ने र जान्ने सम्बन्धमा उहाँको ध्याउन्न र एकाग्रताका कुरा । पढाउने, सिकाउने सन्दर्भमा पनि उहाँलाई त्यस्तै अभिरुचि थियो । ठूला विद्यार्थीहरूलाई पढाउनभन्दा साना बच्चाहरूलाई **अनुवाद** र **तर्कसङ्ग्रह** पढाउन उहाँलाई विशेष स्वाद आउँथ्यो । देवघाटमा आश्रम खुल्नुभन्दा पहिले दिल्लीको गुरुआश्रम र त्यहाँको महाविद्यालयमा ९-१० घण्टीसम्म पढाउनुहुन्थ्यो अरे । त्यसबेलाको अनुभव सुनाउँदै एकपटक हामीलाई भन्नुभएको थियो - कहिलेकहीँ त पढाउँदा-पढाउँदै टाउको पट्ट फुट्लाजस्तो हुन्थ्यो अरे । धन्न रातभरि सुतेर उठेपछि जिउ हलुङ्गो हुन्थ्यो र भोलि फेरि पढाउन सकिन्थ्यो । त्यो बेला विश्वनाथ संस्कृत महाविद्यालयका विद्यार्थीहरूले प्रतियोगितामा जति पदकहरू हात पार्थे, त्यो सबै उहाँले नै तयार गराएका भाषण, शास्त्रार्थ आदि हुन्थे अरे । विद्यार्थीहरूले पदक ल्याएको खबर जब गुरु महेशानन्द महाराजकहाँ पुग्थ्यो, उहाँले भन्नुहुन्थ्यो- 'ये पदक तो रामानन्द को देने चाहिये' । त्यसबाट आफूलाई झन् पढाउन उत्साह हुने बताउनुहुन्थ्यो ।

पढ्ने-पढाउने काममा उहाँको निष्ठा सत्सङ्गको क्रममा यसरी अभिव्यक्त हुन्थ्यो -

* ज्ञानीको ज्ञान जिज्ञासुहरूको सम्पत्ति हो । (२०६६/०४/०३)
* पढ्नु भनेको दृष्टि प्राप्त गर्नु हो । (२०६८/११/११)
* विद्याको रस लिन नजानेको जीवन मुर्दासमान हो । (२०६९/०९/१२)
* संसारमा सबैभन्दा पवित्र काम पढ्नु-पढाउनु हो । (२०६९/१०/०८)
* यौटा विषयमा आचार्य पास गरेपछि बल्ल विद्यार्थीजीवन सुरु हुन्छ । (२०७३/०९/०३)

यी भनाइहरूमा उहाँको अध्ययननिष्ठा र त्यसप्रतिको दृष्टिकोणसमेत अभिव्यक्त भएको छ। उहाँको विचारमा आधा-अधुरा कुरा धेरै जान्नुभन्दा थोरै कुरा चुरोसमेत बुझ्नु राम्रो हो। जसलाई उहाँ दृष्टि प्राप्त गर्नु भन्नुहुन्थ्यो। त्यसैले विद्यार्थीहरूलाई पढाउँदा दोहोऱ्याई-दोहोऱ्याई बुझाउने र भित्र घुसेर बुझ्न प्रेरित गर्ने गर्नुहुन्थ्यो। उहाँको पढाउने बानी यस्तो दृढ थियो कि हजारौँ मानिसको भीडमा प्रवचन गर्नुपर्दा पनि कुनै एउटा मानिसलाई मुखिया बनाई उसलाई लेखाए-पढाएको शैलीमा प्रवचन गर्नुहुन्थ्यो। हजारौँको भीडलाई मैले एकैपटकमा प्रभाव पारौँ भन्ने भाव उहाँमा देखिएन। उहाँ त भीडमध्येबाट योग्य व्यक्तिलाई छान्ने र त्यसलाई ज्ञानको रहस्य बुझाएर आनन्द लिने गर्नुहुन्थ्यो। धेरैजसो कस्तो पर्थ्यो भने कुनै एउटा व्यक्तिलाई लक्ष्य गरेर जब उसको मनभित्रको सन्देहको गाँठो फुकाउन थाल्नुहुन्थ्यो, त्यो सबै श्रोताहरूको साझा समस्या भएकाले सबैले आफ्नै गाँठो फुकाइदिएको अनुभव गर्दथे। व्यक्तिनिर्माणमा विश्वास गर्ने र पढाएको शैलीमा श्रोताले कुरा बुझे-नबुझेको पक्षतिर पनि ध्यान दिई प्रवचन गर्ने बानीले उहाँको सत्सङ्ग प्रवचनलाई छुट्टै प्रभाव, आकर्षण र विशेषता प्रदान गरेको थियो।

उहाँको धारणामा वेदान्त प्रवचन गर्नु भनेकै श्रोताहरूलाई वेदान्त पढाउनु र त्यसमा पोख्त बनाउनु हो। कक्षामा शिक्षकले परीक्षा लिएजस्तै त्यहाँ श्रोताहरूको परीक्षा र तत्कालै पास-फेलको नतिजा प्रकाशनसमेत हुन्थ्यो। ज्यू-हजुरी गरेर पछि लागेको भरमा कोही गुरुको पक्का चेला हुन पाउँदैन थियो। सत्सङ्गको क्रममा नाङ्गेझार भएपछि उसलाई आफ्नो स्थिति थाहा भइहाल्थ्यो। आफूले लक्षित गरेको व्यक्तिको पूरै पछि पर्ने, त्यसलाई कुरा बुझाएरै छाड्ने उहाँको बानी थियो। मानौँ, त्यो व्यक्तिको उद्धार गर्ने ठेक्का उहाँले लिनुभएको छ जस्तो। धेरै गुरुहरू कानमा मन्त्र सुनाउँदै हजारौँ चेला-

चेली बनाउँछन् तर तिनको आध्यात्मिक प्रगतिको वास्ता गर्नसम्म भ्याउँदैनन् । तर स्वामीजीले मन्त्र सुनाएर चेला-चेली असाध्यै कमलाई बनाउनु भए पनि आफ्नो सत्सङ्गमा आउने सबैलाई गुरुत्वको छहारी प्रदान गरेर तिनको मार्गदर्शन गर्नुहुन्थ्यो ।

उहाँको वेदान्तसत्सङ्गमा बस्नु शिष्यहरूका लागि वास्तवमै विलक्षण अनुभव थियो । श्रद्धापूर्वक अगाडि बसिदिए पुग्ने । मन बरालियो भने त्यसलाई सम्हाल्ने, भर्त्सना र फट्कार गरेर अहङ्कारलाई तह लगाउने, भक्तिको रसमा डुबाउने, अभेद ज्ञानको स्थितिमा पुऱ्याउने सबै ठेक्का उहाँकै हुन्थ्यो । गीताको अन्तिममा भगवान् श्रीकृष्णले अर्जुनलाई सबै कर्तव्य-अकर्तव्यको जञ्जाल छोडेर निश्चिन्त भई आफ्नो शरणमा आउन भनेजस्तो उहाँले शिष्यहरूको पूरा जिम्मेवारी लिनुहुन्थ्यो । हुन त हामी आला-काँचालाई ध्यान गर्न कहाँ आउँथ्यो र ? तर ध्यानमा भन्दा बढी आनन्द उहाँको सत्सङ्गमा आएको हामी सबैको अनुभव छ । यही भरोसाले त शिष्यहरू उहाँप्रति समर्पित हुन्थे । जसले हरेक दिनको सत्सङ्गमा एकछिन भने पनि ब्रह्मस्थितिमा पुऱ्याइछाड्ने जिम्मेवारी लिएको छ, उसले चाहे गाली गरोस् या उपहास, कसलाई के मतलब ? भोजनको बेलामा नुनिलो, अमिलो, पिरो, गुलियो सबै स्वाद मीठो भएजस्तो अन्तरङ्ग शिष्यहरूका लागि उहाँको सम्पूर्ण व्यवहार मधुरै-मधुर थियो - **मधुराधिपतेरखिलं मधुरम्** । सत्सङ्गको क्रममा एक दिन उहाँले आफूले श्रोताहरूको मन सम्हाल्ने जिम्मेवारी लिएको कुरा यसरी प्रकट गर्नुभयो - 'म प्राइमरी स्कुलको टिचरजस्तो छु । बच्चाहरूलाई समाल्दा-समाल्दै कक्षाको समय सकिएजस्तो तिम्रो मन समाल्दा-समाल्दै मेरो सत्सङ्गको समय सकिन्छ ।' (मिति २०६८/६/१४, स्थान शङ्कराचार्य मठ)

योग्य जिज्ञासुलाई वेदान्त सुनाउन र बुझाउन पाउनुभयो भने

उहाँको जीवनीशक्ति नै थपिएजस्तो लाग्दथ्यो । २०७२ सालमा उहाँलाई उपचारार्थ दिल्ली लगियो । त्यहाँ उहाँको पिसाबनलीको सानो अप्रेसन पनि भयो । शय्यामा आराम गर्न भनी अस्पतालबाट आएको पर्सिपल्टदेखि नै उहाँले हामीलाई कोठामा बोलाई संस्कृतमा वेदान्तप्रवचन दिन थाल्नुभयो । वेदान्तप्रवचनको मस्तीमा भुल्नाले उहाँ भोलिपल्ट नै त्यति चङ्गा हुनुभयो, मानौँ वहाँ एक हप्ता बिस्तरामा आराम गरिसकेको बिरामी हो । दिल्ली आउँदा-जाँदा ट्रेनमा समेत उहाँले प्रवचन गर्न छाड्नुभएन । २०७४ साल जेठ ५ गते **काठमाडौँ विश्वविद्यालय**ले अङ्ग्रेजीमा वेदान्तप्रवचनको कार्यक्रम राख्यो । फेरि अर्को प्रवचन गुरुपूर्णिमाको अवसरमा असार २४ गते राख्ने सल्लाह भयो । उहाँ असार १४ गतेदेखि नै ग्राण्डी अस्पतालको सघन उपचार कक्षमा भर्ना हुनुभयो । बीचमा एक दिन भेन्टिलेटरबाट निस्कँदा म २४ गतेको प्रवचन कार्यक्रमलाई त तयार भइसक्छु होला है भन्नुभएको थियो । प्रवचन त प्रवचन, तर असार २४ गतेको साँझ आषाढ शुक्लपूर्णिमाको तिथिमा उहाँले शङ्कराचार्य मठको प्रवचनमण्डपबाट सबै वेदान्तजिज्ञासुहरूलाई दक्षिणामूर्तिको रूपमा मौन प्रवचन दिनुभयो । कहिल्यै घाँटी नसुक्ने, कहिल्यै नथाक्ने र कहिल्यै खोकी नलाग्ने उहाँको त्यो प्रवचन अद्यापि अविच्छिन्न छ र अनन्त कालसम्म रहिरहनेछ । यसप्रकार आजीवन निरन्तर पढ्ने-पढाउने र शाब्दिक व्याख्यादेखि मौन ब्रह्मस्थितिसम्मको वेदान्तप्रवचन आफ्ना श्रोताहरूलाई सुनाएर कृतार्थ गर्ने यौटा तत्त्वज्ञाननिष्ठ साधुको देहावसान भयो । यसप्रकार स्वामीजीको व्यक्तित्वमा सबैभन्दा प्रमुख तत्त्व पढ्ने-पढाउने निष्ठा हो भन्ने देखिन्छ । उहाँको जीवन एउटा पवित्र मन्दिर हो भने पढ्नु-पढाउनु त्यस्तो स्थापत्य प्रणाली (पिल्लर सिस्टम) हो, जो जगको तल्लो तहदेखि छानाको उपल्लो तहसम्म सर्वत्र फैलिएको हुन्छ ।

## २.३ देश र संस्कृतिप्रेम

हुन त देशभक्तिलाई नाप्न सकिने कुनै आधार हुँदैन भनिन्छ तर मनभित्रका सबै अमूर्त भावहरूलाई त्यस व्यक्तिका गराइ, बोलाइ आदि मूर्त क्रियाकलापहरूको माध्यमले नाप्न सकिन्छ । स्वामीजीको भनाइ र गराइको तालमेल हेर्दा उहाँमा उत्कृष्ट तहको देशभक्ति देखिन्थ्यो । विद्यार्थीहरूलाई लक्षित गरी उहाँले दिने उद्बोधन, प्रवचनहरूमध्ये सबै विद्यार्थीहरूलाई जुरुक-जुरुक पार्ने एउटा प्रमुख विषय थियो - देशप्रेम । उहाँ भन्नुहुन्थ्यो - संन्यास धारण गरेपछि बनारसलगायत भारतका तीर्थहरूमा ठूला मठ र संस्कृत महाविद्यालयहरू देख्दा मैले नेपालमा पनि यस्तै संस्कृत महाविद्यालय खोल्न पाए कस्तो हुन्थ्यो ? भन्ने लाग्थ्यो । यो भाव उत्तरमध्यमा तहमा बनारसमा अध्ययन गरिरहँदा विद्यार्थी कालदेखि नै प्रबल मात्रामा थियो अरे । जुन देशको हावा-पानीबाट यो शरीर बन्यो त्यसको ममाथि ऋण छ । त्यसलाई चुकाउन मैले देशमै केही गर्नुपर्छ भन्ने भावनाले धकेलिरहन्थ्यो । आखिर आफूसँगै पढेका र आफूले पढाएका सहयात्री र अन्तेवासी विद्वान् साधुहरूले भरिएको एवम् भारतका दानवीर-धनवीर भक्तहरूको समाजलाई छाडी स्वामीजी नेपालकै पाखा-पखेरासँग जुध्न फर्किनुभयो ।

शासकहरूले पद-प्रतिष्ठा र व्यक्तिगत उन्नतिको पछि लागी देशविकास गर्न नसकेको देख्दा नागरिकहरू आक्रोशित हुनु पनि देशभक्तिको एउटा रूप हो । तर स्वामीजीभित्र आम मानिसमा हुने यो आक्रोशभन्दा बेग्लै किसिमको उदात्त भाव थियो । पूर्वाञ्चल प्रवासको क्रममा २०६६ कार्तिक २१ गते कञ्चनजङ्घा एफ.एम. लाई उहाँले दिनुभएको अन्तर्वार्ता अझै पनि कहिलेकहीँ बज्छ, जहाँ उहाँले भन्नुभएको छ - “कोही देशविकासका लागि खट्ने सदाचारी नेता छ भने स्वामी रामान्द दिनदिनै त्यसको जुत्तामा पालिस लगाउन

तयार छ ।" यो भनाइले नै उहाँको देशभक्तिको सम्पूर्ण परिचय दिन्छ जस्तो लाग्छ ।

स्वामीजीको देशभक्ति केवल विकास र भौतिक उन्नतितर्फ केन्द्रित थिएन । नेपाललाई हामी आमा भन्छौँ भने त्यो पक्कै जीवन्त छ । भौतिक विकास राष्ट्रका लागि शृङ्गार-पटार हो भने प्राण चाहिँ संस्कृति हो । यही पूर्वीय दृष्टिकोण स्वामीजीमा थियो । अतः देशप्रेमसँगै संस्कृतिप्रेम पनि अविभाज्य थियो उहाँमा । बारम्बार हामीलाई प्राचीन भारतवर्षको गौरवगाथा सुनाउनुहुन्थ्यो । आदर्श जीवन, चारित्रिक उच्चता, उत्साह र वीरताको भावजस्ता पूर्वीय वाङ्मयका विषयहरू उहाँलाई मन पर्थे । बारम्बार देवकोटाको यो पद्य गुनगुनाइरहनुहुन्थ्यो -

**मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको**
**हाम्रो भारतवर्षको उदयको हैमप्रभा सारको ।**

भारतवर्ष भन्ने नाम लिने बित्तिकै उहाँ त्यस्तो सांस्कृतिक राष्ट्रको सीमामा प्रवेश गर्नुहुन्थ्यो जहाँ नेपाल, भारत, पाकिस्तान, तिब्बत आदि सबै विभाजन बिर्सिइन्थे । भारतवर्षको ज्ञानवैभवको चर्चा गर्दा उहाँलाई सबैभन्दा मनपर्ने कथा हो - एउटा भरिया र राजाको बीच संवाद भएको प्रसङ्ग । भारीबाट निस्सासिई असिना-पसिना भएको एउटा भरियासँग बाटोमा जम्काभेट भएपछि राजाले सोधेछन् - के तिमीलाई भारीले थिचेको छ ? म सघाइदिऊँ ? प्रश्न गर्दा राजाले संस्कृतव्याकरणअनुसार **बाधते** भन्ने क्रियापदको प्रयोग गर्नुपर्ने ठाउँमा **बाधति** भनेर अशुद्ध बोलेछन् । सायद भरियालाई के थाहा होला र ? भन्दै हेपेर विचार नगरी बोले होलान् । राजाको प्रश्न सुनेर भरिया टक्क अडिन्छ र उत्तर दिन्छ- **भारो न बाधते राजन् यथा बाधति बाधते** अर्थात् हे राजन् ! मलाई भारीले त्यति थिचेको छैन जति तपाईँको मुखबाट निस्किएको **बाधति** भन्ने अशुद्ध क्रियापदले

थिचेको छ । अचेल सरकारले निकालेका सार्वजनिक सूचनादेखि लिएर ऐन-कानुन र संविधानमै प्रयोग भएको नेपाली भाषासमेत अशुद्ध हुन थालिसकेको स्थितिमा स्वामीजीले गरेजस्तो भरियामा पनि उच्च प्राज्ञिक ज्ञान भएको समाजको परिकल्पना असम्भव नभए पनि अत्यन्त दुष्कर अवश्य लाग्छ । तर जोगीलाई सम्भव-असम्भवको के मतलब ? मेरो तागतले जति गर्न सक्छु त्यति गर्छु भन्दै उहाँ देशको प्राचीन सांस्कृतिक, प्राज्ञिक वैभवको रक्षा गर्न कर्मक्षेत्रमा हाम फाल्नुभयो ।

करपात्री महाराजका अनुसार संस्कृति एउटा यस्तो सूत्र हो जसले सबै देशवासीहरूलाई यौटै राष्ट्रियतामा जोडेको हुन्छ । त्यो ६ चीजको समष्टि हो - भाषा, धर्म, दर्शन, कला, साहित्य र इतिहास । यी सबै तत्त्व समुदायअनुसार भिन्न-भिन्न हुन सक्छन् । तर बर्सौँ-वर्षको सहवासले ती समुदायहरू आपसमा घुलमिल भई एउटा कुनै धर्मदर्शनको केन्द्रीयतामा एकजुट हुन्छन् । अमिलो, पीरो, गुलियो, नुनिलो आदि विभिन्न स्वाद मिलेर चटनीमा एउटा तीखो तर पृथक् स्वाद जन्माएजस्तो समुदायको साझा विश्वासबाट जन्मिने साझा संस्कृति नै राष्ट्रको मूल जरो हो । भन्नु नपर्ला अहिले नेपालमा देशी-विदेशी शक्तिहरूबाट सबैभन्दा बढी प्रहार गरिने विषय यही साझा संस्कृति भएको छ । नेपालमा भइरहेको सांस्कृतिक आक्रमणबाट चिन्तित हुनेहरू धेरै छन् तर तिनीहरू प्रायशः चिन्ताले वैलाएर बस्छन् । स्वामीजीमा भने चिन्ता र पीर नभई आफूले केही गर्नुपर्छ भन्ने उत्साह र आत्मविश्वास भरिपूर्ण देखिन्थ्यो । उहाँ आफ्नो कर्मप्रति कति धेरै विश्वस्त हुनुहुन्थ्यो भने कहिलेकहीँ सत्सङ्गमा चरम आत्मविश्वास प्रकट हुन्थ्यो । एक दिन भन्नुभयो - तिमीहरू कसैले सहयोग नगरे नगर । म एक्लैले युग धानिदिन्छु मसँग त्यति आत्मविश्वास छ । फेरि रामानन्दयुग आउनेवाला छ (२०६९/९/२८) ।

संस्कृतिका ६ अङ्गहरूमध्ये उहाँको कम दखल भएको क्षेत्र हो - कला र इतिहास । यसप्रति आदर-सम्मान भए पनि आफ्नो विषय नभएकाले यी विषयमा त्यति चिन्ता मानेको देखिएन । देवघाटधामस्थित आश्रममा शिवमन्दिर बनाउँदा मल्लकालीन काष्ठकलाले युक्त भएको मन्दिर र त्यहीअनुसारको हवनकुण्ड बनाउनुले उहाँभित्र नेपाली कलाप्रतिको सम्मान भाव रहेको बुझिन्छ । पौराणिक इतिहासको ज्ञान र त्यसप्रति सम्मानको भाव भए पनि आधुनिक इतिहासको भने उहाँलाई ज्ञान थिएन । यी बाहेक संस्कृतिका अन्य चार पक्ष - भाषा, साहित्य, धर्म र दर्शन उहाँका रुचि र दखलका विषय हुन् । उहाँ नेपालका प्रमुख धार्मिक गुरुहरूमध्ये एक हुनुहुन्थ्यो । योगी नरहरिनाथपछिको विद्वान् साधुहरूको शृङ्खलामा डा. स्वामी प्रपन्नाचार्य र डा. स्वामी रामानन्दको नाम आउँथ्यो । धार्मिक क्षेत्रमा उहाँले प्रशस्त प्रतिष्ठा, सम्मान र सहयोग पनि प्राप्त गर्नुभएको हो ।

यस पङ्क्तिको लेखकलाई के लाग्छ भने योगी नरहरिनाथ आफैँ नयाँ बाटो निर्माण गर्ने युगदर्शी सन्त हुनुहुन्थ्यो । अतः काँडा-झाडी पन्छाउँदा-पन्छाउँदै उहाँको समय बित्यो । समयभन्दा अघि भएकाले उहाँले सम्मानभन्दा आलोचना र प्रताडना नै खप्नुपर्‍यो । त्यसपछिका विद्वान् साधु राईबाबा प्रपन्नाचार्य स्वामीलाई समाजले रमाइलो मान्दै स्वागत गर्‍यो तर सहयोग गर्न भ्याएन । उहाँ समाजसँग धेरै घुलमिल हुने गरी सम्पर्कमा पनि आउनुभएन । यी सबै विद्वान्‌हरूको क्षतिपूर्ति गर्न पनि होला, समाजले डा. स्वामी रामानन्द गिरिजी महाराजलाई हत्केलामै उठाएर अङ्गालेको देखियो उहाँमा । विद्वान्‌हरूले खारिएको विद्वान् भेटे । जिज्ञासु मुमुक्षुहरूले वेदान्तनिष्ठ आचारवान् साधु भेटे । त्यस्तै देशको चारित्रिक-आध्यात्मिक ह्रासबाट पिरोलिएकाहरूले नेपालभरि संस्कृत शिक्षाको विजयघोष गर्न सक्ने अभियन्ता भेटे ।

बाँकी रहेका केही अर्धबुद्धिजीवीहरूले आफ्नो अङ्ग्रेजीको सेखीसमेत झार्न सक्ने अनौठो जोगी भेटे । यी सबैले कडकपनका यी साधुलाई आ-आफ्नो आवश्यकताका कारण अँगाले । आखिर ती-ती व्यक्तिहरूलाई कसैलाई शास्त्रज्ञान, कसैलाई वेदान्तसत्सङ्ग र कसैलाई संस्कृत अभियान अनिवार्य चाहिएको थियो । यही सुविधाका कारणले स्वामीजीले आफ्नो कडा अनुशासनसँग सम्झौता गर्नुपर्ने स्थिति आएन । सर्वसम्मत कडकपनको यसै पृष्ठभूमिमा जब धार्मिक मञ्चहरूबाट उहाँले धर्मलोप गर्न खोज्ने नेताहरूलाई खुल्ला चुनौती दिँदै सिंहगर्जना गर्नुहुन्थ्यो, सबैको हृदयलाई भावावेगले छुन्थ्यो । उहाँले धिक्कारेका शब्दहरूमा सम्पूर्ण ऋषिपरम्पराकै धिक्कार अभिव्यक्त भएजस्तो लाग्थ्यो । यसरी धार्मिक क्षेत्रमा उहाँ स्वयंमा असल र समाजको सहयोगबाट सफल धर्मगुरुसमेत हुनुहुन्थ्यो ।

भाषाको क्षेत्रमा उहाँले आफूलाई कहिल्यै दक्ष मान्नुभएन तर उहाँले दर्शनका गहिरा ग्रन्थहरूमाथि कलम चलाएर अनुवाद, व्याख्या र लामा विश्लेषणहरूसमेत गरी नेपाली भाषाको भण्डारमा लगभग १० हजारजति पृष्ठहरू थपिदिनुभएको छ । अझै केही प्रकाशोन्मुख कृतिहरूका कारण यो पृष्ठसङ्ख्या बढ्ने नै देखिन्छ । वास्तवमा पृष्ठको आधारमा उहाँको भाषा-साहित्यको सेवालाई गन्नु त्यति उचित होइन । **श्रीमद्भागवत**को प्रत्येक पदको तात्पर्यार्थ र विवरण गरेर अनि **उपनिषद्**जस्तो महान् ज्ञानराशिलाई प्रवाहमय भाषाशैलीमा पस्किएर उहाँले ठुलै पहरो फोरिदिनुभएको छ । भाषाको छिनोले वेदान्तदर्शनको साह्रो पहरो काट्दै रोडा-गिट्टी बनाएर ओछ्याउँदै पछिका पथिकहरूका लागि सुगम मार्ग बनाइदिने उहाँको काम अवश्य पनि नेपाली भाषासाहित्यको इतिहासमा अमर भइसकेको छ । लेख्यमात्र नभई सत्सङ्ग-प्रवचन आदिको कथ्य भाषा पनि पूर्ण

प्रभावोत्पादक थियो । उहाँकै भाषामा भन्दा उहाँलाई कुनै विषयमा बोल्दा धेरै फुँदा गाँसेको मन पर्दैन थियो । जे भन्नुपर्ने हो सशक्त र कडा शब्दमा त्यो कुरा भनिदियो, सकियो ।

दर्शन र साहित्य उहाँलाई असाध्यै मन पर्ने विषय हुन् । उहाँ यी दुवैलाई एक अर्काको परिपूरक मान्नुहुन्थ्यो । बारम्बार भन्नुहुन्थ्यो - दर्शनविनाको साहित्य साहित्य नै होइन । वेदान्तदर्शन उहाँको जीवनभरिको साधना नै भइहाल्यो । उहाँ उठेदेखि नसुतुञ्जेलसम्म वेदान्त पढ्ने-पढाउने र चिन्तन-मनन गर्ने ध्याउन्नमा रहनुहुन्थ्यो । दार्शनिक साहित्य लेखेकाले उहाँलाई **भानुभक्त**, **लेखनाथ** र **लक्ष्मीप्रसाद** भगवान् जत्तिकै श्रद्धायोग्य लाग्थे । नेपालका राष्ट्रस्तरीय समालोचकहरूका अघि जब उहाँ **मुनामदन**का विरहश्लोकहरूमा दर्शनको रहस्य भरिएको बताउनुहुन्थ्यो तब सबैलाई अवाक् पारिदिनुहुन्थ्यो । 'पृथिवी बसी स्वर्गमा हेर्ने छन् हाम्रा नजर । तल नै बसी तल नै हेरी बिलौना नगर' भन्ने कवितामा यस्तो वेदान्त देख्नुहुन्थ्यो - पृथिवी भनेको पार्थिव शरीर हो । स्वर्ग भनेको सुखस्वरूप आत्मा हो । मनुष्य शरीर पाएपछि आनन्दरूप आत्माको चिन्तन गर्नुपर्दछ । तल बसेर तल हेर्ने भनेको मानिसले वासनावशात् सांसारिक पदार्थहरूको चाहना गर्नु हो । बिलौना गर्नु भनेको आसक्तिको बन्धनमा बाँधिनु हो ।

स्वामीजी भन्नुहुन्थ्यो- ममा साहित्यको प्रतिभा छैन । तर साहित्यसिद्धान्तका अनुसार उहाँको यो भनाइ खण्डित छ, किनभने उहाँमा भावयित्री प्रतिभा प्रशस्त मात्रामा थियो । साना विद्यार्थीहरूको कविताबाट खुसी भएर पुरस्कार दिने हात होस् या भावुक कविता सुन्दा रुमाल भिजाउने आँखा, मलाई त स्वामीजीको सम्पूर्ण शरीर नै साहित्यप्रतिपाद्य भावतत्त्वमा डुबेजस्तो लाग्थ्यो । गुरुकुलमा हरेक साप्ताहिक अवकाशमा आयोजित कार्यक्रम होस् या राष्ट्रव्यापी

काव्यगोष्ठी, हरेक कार्यक्रमपछि उहाँ हामीसँग भन्नुहुन्थ्यो - 'आजको कार्यक्रममा सबैभन्दा बढी मजा आयो '। सायद उहाँ हरेक नयाँ कवितासँग नयाँ भावराज्यमा डुब्नुहुन्थ्यो, पुरानो कुरा सबै बिर्सिएर । कविता सुनाउन आएका धेरैजसो अतिथिहरू सुन्न नभई सुनाउनमात्र आएका हुन्थे । आफ्नो पालो सकिएपछि खास्स-खुस्स गर्न थाल्थे । उहाँलाई त्यो सबैभन्दा रिस उठ्ने विषय बन्थ्यो । एकपटक मकरकाव्ययामिनी कार्यक्रमका अतिथिको रूपमा आएका एकजना कवि-पत्रकारले धेरै हल्ला गरे भनेर सभापतिको आसनबाट उठी तिनलाई घोक्रेठ्याक लगाउनुभएको दृश्य सम्पूर्ण मञ्च र श्रोतादीर्घाले अवाक् भई हेरिरहेको सम्झन्छु । यस्ता झोडी साधुलाई सबैले कसरी पचाएका होलान् ! भन्ने सम्झिँदा म आफैँ झस्किन्छु । सायद परमात्माले स्वामीजीको ग्रहदशा नै त्यस्तो बलियो बनाएर पठाउनुभएको थियो - सबैमाथि हाबी हुन, जित्न र लघार्न सक्ने । उहाँको अगाडि पर्दा सबैको तेजोवध हुन्थ्यो । दृढ ब्रह्मचर्य, शास्त्रनिष्ठा, सदाचार, वेदान्तविचार र निःस्वार्थसेवाजस्ता गुणहरूको चमकले होला । यस प्रकार स्वामीजीमा राष्ट्रिय चेतना र सांस्कृतिक गौरवबोध उच्च मात्रामा रहेको पाइन्छ ।

## २.४ गुरुकुल अभियान

स्वामीजीको व्यक्तित्व निर्धारण गर्दा यो यौटा बिर्सन नहुने पाटो हो । मलाई लाग्छ- विधाताले उहाँलाई नेपालमा यसकै लागि जन्माएको हो । आफ्नो जीवनको दुई भाग अध्ययन, साधना र तीर्थदर्शन आदिमा नेपाल-भारतका विभिन्न स्थानहरूमा बिताइसकेपछि बाँकी रहेको तेस्रो खण्ड उहाँले सम्पूर्णतः गुरुकुल अभियानका लागि खन्याउनुभएको छ । २०४९ सालदेखि २०७४ असार २४ गतेसम्मका ती दिनहरूमा उहाँले एउटा मानिसले एक जुनीमा गर्न नसक्ने काम फत्ते गरेर जानुभयो । दैव दाहिना नभएको

भए त्यस्तो काम गर्न सकिन्थ्यो ? उहाँको गुरुकुल अभियान एउटा व्यक्तिको इच्छा, सङ्कल्प र चाहनाभन्दा धेरै माथिल्लो तहको रहेको छ । यद्यपि स्वामीजीलाई आफूले बनारसमा अध्ययन गर्दादेखि नै एउटा ठूलो गुरुकुल नेपालमा खोल्न पाए हुन्थ्यो भन्ने लागिरहन्थ्यो । तर उहाँको अभियानले नेपालको संस्कृतजगत्मा पारेको दूरगामी प्रभाव, त्यसको विश्वव्यापी सन्देश र महत्त्वको रेखाचित्र खिच्न हामीले समयको रिललाई अलि पहिलेदेखि दोहोऱ्याएर हेर्नुपर्ने हुन्छ । त्यसपछि थाहा हुन्छ- नेपालमा समयको आवश्यकता र मागअनुसार नै संस्कृत अभियानको तरङ्ग जन्मेको थियो ।

नेपाल वैदिक शिक्षाको प्रादुर्भाव भएको राष्ट्र हो । किनभने वेद भन्छ - **उपह्वरे गिरीणां सङ्गमे च नदीनाम् धिया विप्रो अजायत** । (शु.यजु. २६/१५) अर्थात् पहाडका गुफा-टाकुरा र पवित्र नदीका सङ्गमहरूमा विवेकले सम्पन्न पहिलो चेतनशील मानवपुस्ताको सुरुवात भएको हो । **बृहदारण्यकोपनिषद्**मा काशीनरेश अजातशत्रु आफूलाई ब्रह्मतत्त्वको उपदेश गर्छु भनी आउने ब्रह्मचारीलाई आएबापत नै एक हजार असर्फी दिन तयार भए । किनभने ती राजाको दुखेसो थियो - **जनको जनक इति वै जना धावन्ति** (बृ.उ.२/१/१) अर्थात् सबै विद्वान्हरू अन्यत्र कहीँ विद्याको कदर नभएजस्तो गरी जनक-जनक भनेर मिथिलातिर मात्र धाउँछन् । यस्तो आदि ज्ञानभूमि नेपाल आधुनिक कालमा भने प्राचीन ज्ञानगौरवबाट ओझेल पऱ्यो । बाइसे-चौबीसे राज्यका गाई-गोरु चोर्नेसम्मका साना-तिना झगडा अनि राजदरबारमा षड्यन्त्र, हत्या र ईर्ष्याको वातावरणले राज्यमा विद्याको उन्नति गर्ने वातावरण नै बनेन । घर-घरमा विद्वान्हरूले पिँढीशिक्षाको रूपमा पढाएर शास्त्ररक्षा गर्ने परम्परा पनि नयाँ शिक्षाको कार्यान्वयनपछि मासियो । अझ भनौँ मेकाले शिक्षानीतिलाई फैलाउन प्रतिबद्ध शिष्यमण्डलीले

नेपालका केही शिक्षाशास्त्रीहरूलाई विश्वासमा लिई नेपालको प्राचीन गौरव, सांस्कृतिक महत्त्व र धर्मको स्वअनुशासनलाई कमजोर तुल्याउनकै लागि अङ्ग्रेजी पढ्नु र लेख्नु नै ठूलो विद्वत्ता हो भनी सिकाउने माटो नमिल्दो पङ्गु शिक्षानीति लागू गरे । माटो सुहाउँदो कला-कौशल, परम्परा, संस्कार सिकाउन पर्ने ठाउँमा अमेरिका र बेलायतका सहरका नाम रटाउनुलाई प्राथमिकता दिइयो । त्यही अनीतिकै फलस्वरूप अहिले युवापुस्तालाई नेपाल पढे-लेखेको व्यक्तिले बस्ने ठाउँ नै हैन भन्ने भान परिरहेको छ भने विद्यालय र कलेजहरूले लाजैमर्दो हुने गरी अमेरिका-युरोपका गल्ली-गल्लीका नाम राख्दै बेइज्जत गर्न थालेपछि सरकारलाई ती नाम फेराउन हत्तो हैरान परिरहेको छ । कसैको षड्यन्त्र र कसैको अज्ञानका कारण विश्वबन्धुत्व, सदाचार, स्वअनुशासन र देशप्रेम सिकाउने नेपालको मौलिक शिक्षापद्धति वैलाउँदै गएको सन्दर्भमा त्यसको पुनर्जागरण गर्नु अत्यन्त आवश्यक भइसकेको थियो ।

मट्टिहानीका **तस्मैया बाबा**, **दिङ्लाका बालगुरु षडानन्द**, **खिदिमका दधिराम मरासिनी**जस्ता अभियन्ताहरूले पाटपूर्जा जोडेको र गलेश्वर बाबा, योगी नरहरिनाथ, परमानन्द सरस्वतीजस्ता साधुसन्तले साफ-सुग्घर गरी ठिक्क पारिदिएको गुरुकुल अभियानरूपी साइकललाई स्ट्याण्ड खोली कुदाउने र हावामा कावा खेलाउने अवसर भने डा. स्वामी रामानन्द गिरिजीलाई जुराइदियो नियतिले । नियतिले संस्कृत अभियन्ता बनाउनका लागि उहाँमा सबै आवश्यक गुणहरू थिए - शास्त्रको प्रकाण्ड विद्वत्ता, वेदान्तनिष्ठा, सदाचार, लक्ष्यप्रतिको प्रतिबद्धता, पढ्न-पढाउन असाध्यै रुचि, निःस्पृहता र सबैभन्दा ठूलो गुण आफूले जिम्मेवारी दिएको व्यक्तिलाई शत प्रतिशत शुद्ध विश्वास गर्ने पवित्र मन । मलाई लाग्छ सयौँ वर्ष तपस्या गरी अनेक मानसिक शक्ति र सिद्धि प्राप्त गर्न सजिलो होला,

तर बालसुलभ विश्वासिलो मन पाउन असाध्यै गाह्रो छ । रामले किष्किन्धामा भेट्नेबित्तिकै हनुमान्लाई पूरा विश्वास गरेर जीवनभरि आफ्नो अभियानको अभिभारा सुम्पनु भएजस्तो स्वामीजीले पनि सुरुमै आफ्ना हनुमान्हरूलाई चिनेर तिनलाई विश्वासपूर्वक उचित जिम्मेवारी दिइसक्नुभएको थियो । उहाँमा मान्छेको भावअनुसार कुराकानी बदल्ने र थोरै स्नेह भए पनि असाध्यै स्नेह गरेजस्तो लोलोपोतो गर्ने भाव, जसलाई समाजमा व्यवहारकुशलता भनिन्छ, त्यो पटक्कै थिएन । उहाँ आफैँ म अव्यावहारिक हुँ भनी स्वीकार गर्नुहुन्थ्यो । भारतमा बस्दा उहाँले आफ्ना गुरुभाइ र अन्य हितैषी साधुसन्तहरूसँग नेपालमा एउटा संस्कृत गुरुकुल खोल्ने इच्छा भएको कुरा बताउँदा साथीहरूले गिज्याउँथे अरे - तँजस्तो अव्यावहारिकले कसरी गुरुकुल चलाउँछस् ? तर मलाई लाग्छ उहाँमा व्यवस्थापन तथा प्रबन्धनका सारा कला र सीपहरूभन्दा महत्त्वपूर्ण शुद्ध विश्वासको बल थियो । एउटा चरित्रवान् साधुको शुद्ध विश्वासको सीमारेखा नाघ्ने साहस कसैलाई भएन र २४ वर्षको अल्प अवधिमै उहाँले नेपालभरि चल्ने गुरुकुल अभियानको एउटा दरिलो केन्द्रको रूपमा **महेश संस्कृत गुरुकुल**लाई स्थापित गरिदिनुभयो ।

एक दिन हजुरलाई यत्रो अभियानको भार उठाउने बल र प्रेरणा कसरी प्राप्त भयो ? भन्ने जिज्ञासामा उहाँले बनारसमा अध्ययन गर्ने बेलाको घटना सुनाउनुभयो । पूर्वमध्यमा तहमा अध्ययन गरिरहँदा एक दिन गङ्गास्नान गरेपछिको घटना हो । अगाडि अकस्मात् ज्योतिर्मय दुईवटा विग्रह प्रकट भयो । मनभित्रैबाट कसैले भन्यो - एउटा सेता दाह्री भएका महापुरुष पाणिनि हुन् र अर्का दण्डधारी युवक संन्यासी शङ्कराचार्य हुन् । त्यही दिन उहाँले निश्चय गर्नुभयो- म आफ्नो सम्पूर्ण जीवन शाङ्करदर्शन र पाणिनीय व्याकरणको अध्ययन एवम् प्रचार-प्रसारमा लगाउनेछु । यसै त आफूले सोचेको

कुरा गरिछाड्नुपर्ने स्वभाव, त्यहीमाथि यस्तो दैवी प्रेरणा पनि प्राप्त भएपछि उहाँको उत्साहवेगलाई कसले रोक्न सक्थ्यो ? आफैँलाई बिर्सने गरी पढ्न-पढाउन थाल्नुभयो । पछि संन्यासी भएर फेरि बनारसमा बसिरहँदा जावलाखेलनिवासी माधव-मीना पौडेलसँग गुरुकुल खोल्नेबारे छलफल हुने गरेको, त्यहीँ अध्ययनरत एउटा व्युत्पन्न युवक (गुरुप्रसाद सुवेदी)लाई मैले गुरुकुल खोल्छु, तिमीले प्राचार्य बनी सहयोग गर है ! भन्नुभएको अनि दिल्ली र बनारसमा कहिलेकहीँ भेट्न आउने आफ्नो पूर्वपरिचित रामप्रसाद सुवेदीलाई - ए राम ! मैले गुरुकुल खोलेँ भने विद्यार्थी पाल्न सहयोग गर्छस् हैन ! भनी झक्झक्याउनुभएको लगायत उहाँले बोलेको सम्पूर्ण कुरा देवघाटस्थित महेश संस्कृत गुरुकुलको अभियानमा पूर्ण सार्थक भएको देखियो । यसलाई रामले हनुमान्लाई चिनेको भन्ने कि वाक्सिद्धि वा इच्छासिद्धि भनी व्याख्या गर्ने त्यो आ-आफ्नो धारणा हो । यसप्रकार युगको आवश्यकता, उहाँको अविचल शास्त्रनिष्ठा, दैवी आशीर्वाद र सहयोगीहरूको निःशर्त समर्पणको पृष्ठभूमिमा नै **महेश संस्कृत गुरुकुल**को रूपमा गुरुकुल अभियान मूर्त भएको हो ।

पृष्ठभूमिका रूपमा यति कुरा गरेपछि अब जाऔँ तथ्याङ्कतर्फ । २०५० सालभन्दा पहिले नेपालमा गुरुकुल नाम गरेको औपचारिक शिक्षाको धार थिएन । संस्कृत वाङ्मयको अध्ययन-अध्यापन गर्ने शिक्षाकेन्द्रलाई कतै पाठशाला भनिन्थ्यो, कतै वेद-वेदाङ्ग विद्यालय । पछि यसले सरकारी तहबाट वेदविद्याश्रम भन्ने नाम पायो । तर जब महेश संस्कृत गुरुकुल खुल्यो तब त्यसको सफलता, गुणवत्ता आदिबाट प्रभावित भई नेपालभरि खुल्न थालेका सबै संस्कृत शिक्षाकेन्द्रहरूले आफूलाई गुरुकुल लेख्न थाले । अहिले राज्यले पनि तिनलाई गुरुकुल भन्ने नामले नै सम्बोधन गर्न थाल्यो । स्मृति, पुराण आदिमा बारम्बार शिक्षाकेन्द्रकै रूपमा प्रयोग भएको

यो शब्दले नेपालको शिक्षाको एउटा धारको रूपमा औपचारिक मान्यता पाउनुमा इतिहासले डा. स्वामी रामानन्द गिरि नामका साधुलाई सम्झिरहनेछ । नेपालको सन्दर्भमा उहाँलाई गुरुकुलका अवधारणाकार भनी विशेषण दिँदा ठिक्क मूल्याङ्कन हुन्छ कि जस्तो लाग्छ ।

सुरु-सुरुमा मलाई स्वामीजीको संस्कृत अभियानको क्षेत्र महेश संस्कृत गुरुकुलको पर्खालसम्म मात्र जस्तो लाग्दथ्यो । तर जब पछि विद्वान्‌हरूले २०५० सालभन्दा पहिले नेपालमा संस्कृत शिक्षालयको अवस्था र बीस-बाइस वर्षपछिको अवस्थाको तुलना गर्न थाले, तब मैले बुझेँ- स्वामीजीको अभियान देशव्यापी रहेछ । महेश संस्कृत गुरुकल खुल्नुभन्दा पहिले वनकालीको वेदविद्याश्रम, रानीपोखरी पाठशालाजस्ता केही औँलामा गन्न मिल्ने सङ्ख्यामा गुरुकुलीय पद्धतिका संरचना रहेछन् । २०५० सालमा नै माओवादी द्वन्द्वको बीजारोपण भयो र अन्याय, भ्रष्टाचार हटाई सुन्दर राज्य बनाउने परिकल्पनामा सुरु भएको त्यो आन्दोलनले हिंसात्मक रूप धारण गर्दै सबैभन्दा धेरै संस्कार, संस्कृत शिक्षा र धर्मको धरोहरलाई नै क्षति पुऱ्यायो । ऐच्छिक रूपमा पढाइने संस्कृतका पाठ्यपुस्तक र प्रश्नपत्रहरू च्यात्दै जब बन्दुकधारीहरू हिँड्न थाले, सबै साधारण विद्यालयबाट त्यो बन्द भयो । यस्तो भयावह परिस्थितिपछि त संस्कृत शिक्षाकेन्द्रहरू नेपालबाट उन्मूलन नै हुनुपर्ने होइन र ? तर आश्चर्यको कुरा, द्वन्द्वको अवधि समाप्त हुँदा-नहुँदै नेपालमा गुरुकुलहरूको सङ्ख्या लगभग तीन अङ्कको सङ्ख्यालाई भेट्न तम्सिँदै थियो । कुनै आदर्श मानक र दरिलो आधार विना यो परिणाम पक्कै सम्भव थिएन । त्यो प्रेरणाको केन्द्र हो - डा. स्वामी रामानन्द गिरिजी महाराजको संस्कृत अभियान, जसलाई औपचारिक भाषामा **महेश संस्कृत गुरुकुल** भनिन्छ । स्वामीजीको अभियानलाई बृहत्तर अर्थमा मूल्याङ्कन गर्ने यो भावदृष्टि मैले सर्वप्रथम स्व. जनार्दन घिमिरे (संस्कृत ग्रामका अभियन्ता) मा पाएको थिएँ । पछि अरु

विद्वान्‌हरूले पनि त्यसै भन्न थालेको पाएँ । यसप्रकार गुरुकुलीय संस्कृत शिक्षाको अभियान नै स्वामीजीको विराट् व्यक्तित्वको प्राणतत्त्व हो भन्ने निर्क्योल गर्न सकिन्छ ।

## २.५ अतीन्द्रिय चेतना

स्वामीजीको व्यक्तित्वको यतिविधि चर्चा गरिरहँदा एउटा विशेषता खुसुक्क भन्नुपर्छ- उहाँमा कुनै रहस्यदर्शी महापुरुषमा जस्तै अतीन्द्रिय चेतनाको अंश थियो । स्वामीजी कामजयी पनि हुनुहुन्थ्यो, सधुक्कडी भाषामा- लगौँटीको पक्का । मलाई सानैमा उहाँको अरु कुनै प्रभाव र विशेषताको ज्ञान न हुँदा पनि यो कुरामा भरोसा थियो कि– हाम्रा गुरुजी कामजयी हुनुहुन्छ । यो मानेमा उहाँसँग ती मानिसहरू पनि श्रद्धावनत भई झुकेका देखिन्थे, जो भिन्न मत र सम्प्रदायका हुनाले उहाँको अद्वैत चिन्तनसँग असहमत रहन्थे । यसरी अतीन्द्रिय चेतना र कामजयजस्ता विशेषताका कारणले उहाँ अन्य सबैखाले सामाजिक अभियन्ता, शास्त्रज्ञ विद्वान् र भाषासाहित्यका सेवीहरूभन्दा विलक्षण र रहस्यपूर्ण हुनुहुन्थ्यो ।

उहाँकै भनाइअनुसार सिद्ध तीर्थहरूको क्षेत्रमा उहाँलाई भाइब्रेसन हुन्थ्यो । आध्यात्मिक ऊर्जाको त्यो तीव्र कम्पन उहाँलाई त्यस्ता ठाउँहरूमा पनि हुन्थ्यो, जहाँ उहाँले नियतिको कुनै विशेष योजना सम्पन्न गर्नुपर्ने हुन्थ्यो । दैवी आशीर्वादस्वरूप प्राप्त यो विशेष संवेदनाले उहाँलाई अन्तरङ्ग शिष्यहरूको मानसिक स्थिति नियाल्न पनि मद्दत गर्थ्यो । कहिलेकहीँ त्यो तीव्र भावसंवेगले उहाँलाई अनियन्त्रित बनाई आफ्नो वेगमा बगाएको पनि पाइयो । स्वामीजीमा श्रद्धा गर्ने हजारौँ भक्तहरूलाई उहाँको सम्बन्धमा कैयौँ अतीन्द्रिय अनुभव भएको घटना सुनिन्छ, तर ती अनुभवहरू अतिशय श्रद्धाको संस्कारले देखिएका पनि हुन सक्छन् । यहाँ स्वयं स्वामीजीले सुनाउनुभएका र धेरैले अनुभव गरेका केही मुख्य घटनाहरूको चर्चा गर्नु सान्दर्भिक होला ।

सबैभन्दा पहिला त बनारसमा पूर्वमध्यमा तहमा अध्ययन गरिरहँदा पाणिनि र शङ्कराचार्यको दर्शन भएको घटना अतिमानवीय र अतीन्द्रिय चेतनासँग सम्बन्धित छ । एकपटक मुक्तिनाथ दर्शनमा जाँदा म्याग्दीको गलेश्वर धाममा राति झलल्ल ज्योति जग्मगाएको देख्नुभएछ । यहाँ राम्रो शिवमन्दिर बनाई व्यवस्थित तीर्थस्थल बनाउन पाए हुन्थ्यो भन्ने लागेको थियो अरे । पछि संयोगवश गलेश्वरधामको समग्र विकासका लागि आयोजित विराट् ज्ञानमहायज्ञमा संरक्षकको रूपमा रही यज्ञसञ्चालनमा प्रत्यक्ष सहभागी भइरहँदा तीर्थको संरक्षण हुने विश्वास भयो र त्यो अतीन्द्रिय दर्शनको ऋण तिरिएजस्तो लाग्यो रे । एकपटक पढाउने क्रममा भन्नुभयो – ब्रह्म मुहूर्तमा एकाग्र मन बनाएर सुन्ने हो भने सत्यलोकमा ब्रह्माजीले वेद पढिरहनुभएको आवाज सुनिन्छ । अहिले सोच्छु कुनै शास्त्रमा पनि स्पष्ट उल्लेख न गरिएको यो कुरा उहाँले पक्कै आत्मानुभवको आधारमा भन्नुभएको हो । के स्वामीजीको साधनाजीवनमा एकाबिहानै अनाहत वेदध्वनि सुन्नु पनि प्रमुख अङ्गको रूपमा समाविष्ट थियो ? यो प्रश्न स्वयं चरित्रनायकसँगै सदाका लागि अनुत्तरित बन्यो । तर मेरो धारणाअनुसार स्वामीजीले सत्यलोकको वेदध्वनि भनी उल्लेख गरे पनि त्यो उहाँकै हृदयभित्रको ध्वनि हो । साधकको भावस्तरअनुसार विभिन्न मन्त्र, गुञ्जन या शब्दहरूको रूपमा अनाहत ध्वनि सुनिने कुरा शास्त्रहरूमा प्रशस्त आउँछ । स्वामीजीले आफ्नै मनोलोकमा सुनेको वेदध्वनिलाई नै सत्यलोकको वेदध्वनि भनी बताउनुभएको बुझिन्छ ।

आश्रमको स्थापनाकालमा जग्गाहरू किन्न, स्वामीजीलाई आडभरोसा दिई देवघाटमा टिकाइरहन पूज्य स्वामी परमानन्द सरस्वतीज्यूले ठूलै योगदान गर्नुभएको थियो । अतः उहाँको देहावसानपछि पनि हरिहर आश्रममा दिउँसो नियमित सत्सङ्ग

गर्न जानुहुन्थ्यो । एकपटक भक्तिको गहिरो प्रसङ्ग आउँदा भावावेश भई मञ्चबाट बुर्लुक्कै उफ्रिनुभएछ । 'ऊ कृष्णे आयो है !' भन्दै बर्बराएको र ढलीमली गरेको उक्त घटना सयौँ श्रोताहरूले र उक्त आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीजी महाराजले समेत देख्नुभएको हो । उक्त घटनापछि केही चिकित्सकहरूले उहाँलाई मानसिक स्वास्थ्यसम्बन्धी औषधि पनि दिएछन् । तर त्यो भावको आवेग लौकिक पागलपन नभई अलौकिक पागलपन थियो, जसलाई भागवतकारले प्रह्लादको प्रसङ्गमा बताउनुभएको छ - **न वेद जगदीदृशम्** (श्रीमद्भा. ७/४/३७ ) अर्थात् कृष्णभक्तिमा पागल भएका प्रह्लादले संसारको सुध-बुध बिर्सन्थे । सत्सङ्गका क्रममा स्वामीजीले प्रह्लादको असाध्यै श्रद्धापूर्वक स्मरण गर्दै भन्नुहुन्थ्यो- **प्रह्लाद** मेरा आदर्श हुन् (२०६९/१०/१) ।

आधुनिक कालमा **चैतन्य महाप्रभु** र **रामकृष्ण परमहंस**को **जीवनचरित्र**मा वर्णन गरिएजस्तो भावावेशको दृश्य देखेकाहरूले पछि स्वामीजीलाई यस्तो प्रश्न गरेको सुनेको छु- तपाईँ चैतन्य महाप्रभुजस्तो भक्त हुनुपर्ने मान्छे यस्तो कठोर वेदान्ती कसरी हुनुभयो ? यो प्रश्न स्वामीजीको रहस्यात्मक भावपक्षसँग सम्बन्धित थियो र यसको उत्तरले पछिल्ला साधकहरूलाई पनि प्रशस्त मार्गदर्शन गर्न सक्थ्यो, तर त्यसबेला स्वामीजीले हाँसेर टारिदिनुभयो र पछि असावधानीवश यो रहस्यपूर्ण प्रश्नको उत्तर स्वामीजीसँग सोध्न भुलियो । उहाँ यति चाँडै ब्रह्मलीन हुनुहोला भन्ने पनि कसको कल्पनामा थियो र ? अतः यस्ता धेरै रहस्यात्मक पक्षहरू ओझेलमा नै परे । अहिले सोच्छु- साँच्चै स्वामीजीले पछिल्ला समयमा भक्तिका भावुक प्रसङ्गहरूलाई भन्दा वेदान्तदर्शनका कठोर विचारहरूलाई किन सत्सङ्गमा धेरै उठाउनुहुन्थ्यो ? उहाँले भक्तिबाट ज्ञानमा फड्को मार्नुभएको हो कि ? अथवा गहिरा भक्तिप्रसङ्गहरू निकाले आफ्नो

मानसिक स्वास्थ्य नै अनियन्त्रित हुने ठानी आफूलाई रोक्नुभएको हो ? यी अनुत्तरित प्रश्नले विश्राम पाएका छैनन् । यस्ता प्रश्नहरू अरु पनि छन्- उहाँले आश्रममा आफ्ना मुख्य आराध्य शिवको मन्दिर बनाउनुभएको छ। प्रह्लादको जस्तो कृष्णभक्तिमा भावाविष्ट हुने उहाँले शिव र कृष्णप्रतिको श्रद्धाको सामञ्जस्य कसरी मिलाउनुभएको थियो ? नवदुर्गाका अवसरहरूमा उहाँ पक्का देवीभक्त लाग्नुहुन्थ्यो, अनि बोलीचालीको बीचमा कहिलेकहीँ **श्रीराम जय राम जय जय राम** भन्नुहुन्थ्यो । उहाँले विवरण लेखेका ग्रन्थहरू हेर्दा पनि उहाँमा सबैप्रति श्रद्धा भएको देखिन्छ । **शिवमहिम्नःस्तोत्र**मा शिवभक्ति, **भागवत महापुराण**को **रामानन्दी टीका**मा कृष्णप्रेम, **दुर्गासप्तशती** र **देवीगीता**मा देवीभक्ति, यस्तै प्रकाशोन्मुख **अध्यात्मरामायण**को व्याख्यामा रामभक्ति । यी सबैथरी श्रद्धाहरूको व्यवस्थापन एउटै मनभित्र कसरी भएको थियो ? यस विषयमा हामीले अनुमान गर्ने र अन्य शास्त्रीय प्रमाणको आधारमा विश्लेषण गर्नेमात्र सम्भावना बाँकी रह्यो । प्रत्यक्ष सोध्न र उहाँको अनुभव लिन पाइएन ।

अधिकांश मान्छेहरू सोध्छन् – स्वामीजीको नित्यसाधना के थियो ? बाहिर थाहा हुने गरी उहाँले **संन्यासमन्त्र**को एक माला जप र **विष्णुसहस्रनाम**को पाठ गर्नुभएको देखिन्थ्यो । तर निरन्तर वेदान्तविचार र असङ्ग स्थितिमा बस्नु नै उहाँको मुख्य साधना थियो । सत्सङ्गको क्रममा बारम्बार सुषुप्ति र जाग्रत्को बीचको सन्धिकालको कुरा उठाउनुहुन्थ्यो । सायद उठ्ने बित्तिकै त्यही सन्धिकालकै अभ्यासमा लाग्नुहुन्थ्यो । घैँटोको प्वालबाट दियोको प्रकाश बाहिर निस्किएझैं इन्द्रियको माध्यमले आत्मचैतन्यको प्रकाश विषयमा छरिएको छ भन्ने **दक्षिणामूर्तिस्तोत्र**(श्लो.४)को भावलाई व्याख्या गर्दा उहाँ असाध्यै तन्मय भएको पाउँथें । प्रवचनको क्रममा विचित्र रूपले झिमझिम गरिरहने उहाँको आँखा त्यही धिपधिप

गरिरहेको दियोको ज्वालाजस्तो लाग्थ्यो। यस विषयलाई जोड दिंदै भन्नुहुन्थ्यो -आत्मचैतन्यरूपी यो प्रकाशको चिन्तन गर्दा तत्काल समाधि लाग्छ । उहाँको बोलीव्यवहार हेर्दा मलाई के लाग्छ भने **दक्षिणामूर्तिस्तोत्र**मा बताइएअनुसार आत्मप्रकाशको चिन्तन गर्नु पनि स्वामीजीको साधनामा समावेश थियो। अन्तिम समयमा काउरे आश्रम चुरुङ्गा, पोखरा बसाइको क्रममा आफ्नो मन फिटिक्कै चल्न छाडेको भनी बताउनुहुन्थ्यो। यी सबै प्रसङ्गबाट थाहा पाइन्छ – आत्मा-अनात्माको विवेक, असङ्ग साक्षिभावको अभ्यास र आत्माको स्वयंप्रकाशताको चिन्तनजस्ता वेदान्तशास्त्रीय पद्धतिहरू नै उहाँका मुख्य साधनाहरू थिए । अनाहत ध्वनिको श्रवण, भगवद्भक्तिमा तन्मय भई आउने महाभावजस्ता सबै साधनाहरू पहिलो चरणका हुन् । किनभने पछिल्लो समय उहाँमा असङ्ग आत्मस्थितिभन्दा अरु साधनको झलक पाइएन।

२०५९ सालको फागुपूर्णिमाको दिन गुरुकुलमा हाम्रा दुईजना साथीहरू काली गण्डकीमा डुबेर दिवङ्गत भएका थिए । सँगै नुहाउन गएका बाँकी विद्यार्थीहरू आधा घण्टापछि निस्सासिँदै जब यो खबर सुनाउन आए, उहाँले ठीक आधा घण्टाअघिको आफ्नो अतीन्द्रिय अनुभव सम्झनुभयो । के भएछ भने बिस्तरामा आराम गरिरहेको बेलामा ठीक पुराणमा वर्णित कालजस्तो लाग्ने कालो पुरुष, जसले हातमा दण्ड र पाश लिएको थियो, अकस्मात् कोठाभित्र देखियो। उसले स्वामीजीतर्फ गम्भीर आँखाले हेर्दै दाहिने परिक्रमा गरेर त्यहाँबाट अलप भयो अरे। उहाँलाई लागेछ सायद मलाई पृथ्वीको आयु सकियो भनी सूचना दिन काल आएको हो। अब मेरो आयु सकिएछ क्यारे। यस्तो सोच्दै आश्रमका सचिव माधव पौडेलजीलाई सल्लाहका लागि बोलाउन खोज्दा-खोज्दै हडबड गर्दै आएका विद्यार्थीले त्यस्तो दुर्घटना सुनाए । त्यसपछि

उहाँले बुझ्नुभयो- कालले उहाँका विद्यार्थीहरूलाई लाने अनुमति लिन दाहिने परिक्रमा गरेर गएको रहेछ। स्वामीजीले आफ्नै मुखबाट सुनाउनुभएको त्यतिखेरको यो घटनालाई शिर झुकाई मान्नुभन्दा अर्को के विकल्प रहन्छ र ?

अर्को प्रसङ्ग स्वामीजीलाई अत्यन्त मनपर्ने पोखरास्थित अम्बरेश्वर संन्यास आश्रमको स्थापनाकालको हो । स्वामीजीलाई पोखरा भलाममा अवस्थित आश्रमको संरक्षण गर्न अनुरोध आउन थालेछ । ठाउँ हेर्न भनी डाँडा उक्लिँदा किन किन उत्तरतिर देखिने अर्को ठूलो भीरले मनलाई बेसरी आकर्षण गरेछ । स्वामीजीलाई आफ्नो एकान्त आश्रम यहाँ होइन त्यहाँ बनाउँछु भन्ने लागेछ । त्यसपछि भिरभिरै पैदल उक्लिँदै एक दिन काउरे गुफामा आइपुग्दा मन टक्क अडिएछ। त्यहीँ निर्माण भयो अम्बरेश्वर संन्यास आश्रम। आश्रममा बस्दै गर्दा एकपटक यस्तो अन्तर्दर्शन भयो अरे- शिवजीले अन्तबाट घिसार्दै ल्याएर काउरेको डाँडामा थचार्नुभएको छ। नभन्दै स्वामीजीको स्वस्थ शरीरको अन्तिम समयावधि त्यही आश्रममा बित्यो । त्यहाँबाट त सिधै अस्पतालको कृत्रिम श्वास-प्रश्वास गृह (भेन्टिलेटर) मा । त्यहाँ अन्तिम बसाइका अवसरमा एक दिन भन्नुभएको थियो- अन्यत्र मन निश्चल बनाउन कति प्रयास गर्नुपर्छ। यहाँ त मेरो मन स्वतः नै अमनीभावमा बस्छ। चल्दै चल्दैन। यसरी स्वामीजीको अतीन्द्रिय संवेदनाले उहाँको व्यवहार, रहन-सहन र अभियानमा प्रशस्त प्रभाव पारेको थियो।

## २.६ अन्य चारित्रिक विशेषता

स्वामीजीलाई बेकारको कुराकानी र व्यर्थको नितिखोजी गरी समय बिताएको पटक्कै मन पर्दैन थियो। समयको मूल्य बुझ्ने कुरामा उहाँ पश्चिमाहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्नुहुन्थ्यो। समयको सम्बन्धमा पूर्वीय तथा पाश्चात्य धारणाको फरक यसरी बताउनुहुन्थ्यो-

पश्चिमाहरू भन्छन् समय पैसा हो (Time is Money.) तर पूर्वीय दर्शनमा त समय स्वयं भगवान् हो। अतः समयको दुरुपयोग भगवान्‌को अनादर हो (२०६८/०६/१२)। हामी विद्यार्थीहरूलाई बारम्बार यो सिकाउनुहुन्थ्यो - आपसमा गफगाफ गर्नुभन्दा बरु मज्जासँग सुत्ने गर्नू। कम से कम विश्राम त हुन्छ। समयको सम्बन्धमा उहाँ यो वाक्य सबैभन्दा धेरै बोल्नुहुन्थ्यो - **समयको सिङ छ पुच्छर छैन**। समय सुरुमा अवसरहरूको अनन्त सम्भावना लिएर आउँछ, जरायोको सिङजस्तो। तर सुरुमा आलस्य गरी त्यसलाई समातिएन र पछि गरौँला भनी बाँकी राखियो भने धोका खाइन्छ। किनभने त्यसको पुच्छर छैन। भोलिवादी प्रवृत्तिलाई व्यङ्ग्य गर्ने भानुभक्तको कविता सधैँजसो उद्धृत गर्नुहुन्थ्यो -

**भोली भोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली**।

उहाँ भन्न चाहिँ सधैँ मलाई साहित्य आउँदैन भन्नुहुन्थ्यो। तर उहाँको साहित्यसम्बन्धी परिभाषा यस्तो थियो - **शब्दले अर्थलाई र अर्थले शब्दलाई उछिन्न खोज्नु नै साहित्य हो**। अर्थले शब्दलाई जित्नु भनेको कल्याणकारी भाव हुनु भनेको हो। त्यस्तै शब्दले जित्नु भनेको चाहिँ कल्याणकारी भाव अभिव्यक्त गर्ने शब्द स्वयंमा अत्यन्त सुललित र सौन्दर्यपूर्ण हुनु हो। यी दुईले जति धेरै एक-अर्कालाई जित्न खोज्छन्, त्यति नै उत्कृष्ट साहित्य हुन्छ। यो परिभाषामा हरेक पटक कवितालाई नयाँ रूपमा रसास्वादन गर्ने उहाँको बानी अभिव्यक्त भएको छ। वास्तवमा कविता भावुक हृदयद्वारा आस्वाद गरिने विषय हो। एउटै कविता पढ्दा मानिस कहिले कुनै शब्दको सौन्दर्यमा मग्न हुन्छ भने कहिले कुनै भावको तीव्रतासँग बग्छ। यसरी यो परिभाषा स्थिर प्रकारको नभई गत्यात्मक र जीवन्त छ। कुनै साहित्यिक दार्शनिकले फेला पारेमा नयाँ लक्षणग्रन्थ नै बनाइदिन बेर छैन।

उहाँ सधैँ विद्यार्थी बन्न तयार। केही सिकाउन सक्ने मान्छे

आयो भने सिक्न तयार भइहाल्ने । उहाँका एकजना प्रेरणास्रोत योगी नरहरिनाथ आफूलाई आजीवन विद्यार्थी भन्नुहुन्थ्यो अरे । त्यही भाव स्वामीजीमा पनि थियो । आचार्य पासको प्रमाणपत्र लिएपछि अब बल्ल तिमी विद्यार्थी हुन योग्य छौ भन्ने सङ्केत हो भन्नुहुन्थ्यो। भेट्ने मान्छे नआएको बेलामा किताब पल्टाएर पढिरहने । कोही भेट्न आयो भने उसको आनी-बानी र व्यहोरालाई पर्गेल्न-पढ्न थालिहाल्ने । कहिलेकहीँ नव आगन्तुकलाई यो थाहै हुँदैन थियो कि - स्वामीजीले उसलाई उक्साई-उक्साई जीवनको सबै अनुभव भन्न लगाएर आफ्नो जीवन पढिरहनुभएको छ । स्वामीजी चाहिँ मानवीय जीवनका विभिन्न कमजोरीहरूलाई पत्ता लगाउँदै त्यसलाई प्रवचनको मसला बनाउने । कहिलेकहीँ त नामै तोकेर फलानो त्यस्तो सोचको मान्छे रहेछ भनी बताइदिने । ट्याक्सीमा कहीँ यात्रा गर्नुपऱ्यो भने ट्याक्सीको आयस्ताले उसलाई खान पुग्छ कि पुग्दैन भनेर सुरुमै सोधिहाल्ने । सबैको जीवन पढ्न खोज्ने । यसरी कहिले किताबको पाना त कहिले मानवजीवनका भोगाइहरू पढिरहने स्वामीजीको बानी थियो ।

नयाँ नयाँ ठाउँहरूको भ्रमण र तीर्थयात्रा पनि स्वामीजीलाई असाध्यै मन पर्ने विषय थियो । हामी साना विद्यार्थी हुँदा स्वामीजीसँग बाघको अघि परेजस्तै लुगलुग काम्थ्यौँ । कहिलेकहीँ पढाइको बोझ कम गर्न पऱ्यो भने साहस गरेर गैँडाकोटस्थित मौलाकालिका मन्दिर दर्शन गर्न जाने भन्थ्यौँ । जहिले-जहिले बिदा माग्यो त्यो विषयमा सधैँ अनुमति मिलेको सम्झन्छु । उहाँले आफ्नो भ्रमणप्रिय स्वभावअनुसार नै विद्यार्थीहरूसँग व्यवहार गर्नुभएको हो ।

धादिङ्स्थित केवलपुरको डाँडामा जन्मेकाले गाडीको अनुहार देख्न काठमाडौँ झर्नुपरेको थियो अरे । आमासँग ८/९ वर्षको उमेरमा काठमाडौँ आउँदा लरी चढेको र त्यसबेला बसबाट बाहिर

हेर्दा रुखहरू खुरुरु दौडिरहेको देख्दा आश्चर्य लागेको थियो अरे । उहाँलाई सानैदेखि प्लेन चढ्ने असाध्यै रुचि थियो । गरीब परिवार, त्यसमा पनि १० वर्षकै उमेरमा आमा-बुबा गुमाएको टुहुरोसँग पैसा कहाँ हुनु ? एकपटक एउटा न्यायाधीशले भनेछन् - पहाडमा गई मेरो एउटा काम गरिदिन्छौ भने काठमाडौँबाट पोखरा आउने-जाने प्लेनको टिकट म काटिदिन्छु । तर पोखरादेखि कुन्छाको डाँडासम्म चाहिँ पैदलै जानुपर्ने हुन्छ । प्लेन चढ्न र नयाँ ठाउँ घुम्न पाइने निहुँमा त्यो काम लिनुभएछ । पैदल हिडिरहँदा बाटोमा असाध्यै भोक लागी एउटा अपरिचित मान्छेसँग वेदना पोखेको र उसले रुखबाट पाकेका अम्बा टिपिदिएर खाएको स्वाद भर्खर जिब्रोमा भएजस्तो गरी बारम्बार सत्सङ्गमा सुनाउनुहुन्थ्यो । अमेरिका-बेलायत घुम्न जाने ध्याउन्नको बारेमा त पहिल्यै चर्चा भइसक्यो । भारत बसाइका क्रममा साथी भेटे साथी, नत्र एक्लै भए पनि विभिन्न तीर्थहरूको यात्रा गरिरहनुहुन्थ्यो । नेपालका लगभग सबैजसो जिल्लामा भ्रमण गर्नुभएको थियो । गुरुकुल खुलिसकेपछि पनि कहिले दुई महिना कहिले तीन महिनाका लागि पहाडी भेगको पैदल यात्रामा निस्कनुहुन्थ्यो । धन्न नरहरिनाथ गुरुजस्तो घुम्न निस्किएपछि फर्कनै बिर्सने बानी थिएन र गुरुकुल चलिरह्यो ।

स्वामीजीको व्यक्तित्वको चर्चा गर्दा एउटा छुटाउन नसकिने गुण हो- उहाँको माग्ने कला । पूर्वमुख्यसचिव दामोदरप्रसाद गौतमजीले एउटा पत्रिकाको आलेखमा उहाँलाई बेजोड याचक भनी उपनाम दिएको पाइन्छ (लोकान्तर, २०७५ फागुन ४ गते) । हुन पनि स्वामीजीले जम्मा २५ वर्षभित्र दाताहरूसँग मागेकै भरमा महेश संस्कृत गुरुकुलरूपी त्यत्रो प्रतिष्ठान खडा गरिदिनुभयो । माग्ने कुरामा उहाँको सिद्धि थियो । उहाँले जोसँग जे माग्नुहुन्थ्यो त्यो सामुन्नेको व्यक्तिले लुरुक्क परी हुन्छ भनेर स्वीकार गर्दथ्यो । सभा, समारोह

र प्रवचन कार्यक्रमको क्रममा नै उहाँ सार्वजनिक रूपमा दानको याचना गर्नुहुन्थ्यो । कहिलेकहीँ आफैँले आफैँलाई व्यङ्ग्य गर्दै 'म सानो माओवादी हुँ, तिमीहरूसँग के-कति क्षमता छ सबै पत्ता लगाएको छु । अतः लोभ नगरी दान गर' भन्नुहुन्थ्यो । सुरु-सुरुमा भक्तहरूलाई कस्तो कडासँग मागेको होलाजस्तो लाग्थ्यो अरे । तर जब उनीहरूले महेश संस्कृत गुरुकुलको कार्यप्रगति हेर्दै गए तब तीव्र स्तरमा भइरहेको कार्यक्रमका लागि स्रोत पनि त्यति नै तीव्र रूपमा चाहिने रहस्य बुझ्न थाले । महेश संस्कृत गुरुकुल अभियानका दरिला खम्बा एवम् आश्रमका हितैषी शिक्षाविद् प्रा. शिवगोपाल रिसालजीले अचेल आध्यात्मिक सभाहरूमा भन्न थाल्नुभएको छ- हामीलाई दान गर्न सिकाएकै स्वामी रामानन्दजीले हो । हुन पनि उहाँ आफ्ना सम्पूर्ण अनुयायी, जो मध्यम र निम्न मध्यम आय भएका नेपाली हुन्, उनीहरूलाई यो कुरा बुझाउन सफल हुनुभयो कि- धर्मसंस्कृतिको रुखलाई हराभरा पार्न एक-एक अञ्जुलि होइन एक-एक घल्चा पानी चाहिएको छ । भारततिरका मठहरूमा जस्तो कुनै अरबपति-खरबपति सेठ-साहुकारको करोडौँको सहयोग नभए पनि सामान्य नेपालीहरूको मुट्ठीदान, भिक्षादान आदिबाट त्यत्रो प्रतिष्ठान खडा हुनु चानचुने कुरा होइन । दानसम्बन्धी उहाँको प्रसिद्ध भनाइ यस्तो छ -

**दिनु राख्नु हो र राख्नु नाश हुनु हो** । (२०६३/९/७)

स्वामीजीको अभियानमा दानसम्बन्धी प्रसिद्ध मिथकको हुर्मत उडेको थियो । प्रसिद्धि के छ भने- 'संसारमा सबैभन्दा हलुङ्गो सुकेको झार हुन्छ रे, तर त्योभन्दा पनि हलुङ्गो हुन्छ माग्ने '। दाताले मन पराएर दिए पाउने, नत्र तिरस्कार र घृणा सहनुपर्ने । स्वामीजीको व्यवहारमा भने हामीले कहिल्यै यो हलुङ्गोपन देखेनौँ । उहाँ दान माग्दा पनि दाताको अघि निरीह नभई हाबी भएर नै माग्नुहुन्थ्यो ।

यसको अर्थ बलजफ्ती गर्नुहुन्थ्यो भन्ने होइन । विधाताले उहाँको जिब्रोमा यस्तो प्रभाव र तेज भरिदिएको थियो कि उहाँले आँकेको व्यक्तिले कहिल्यै ननु नच भन्दैन थियो । अझ भन्नुपर्दा परमात्माले नै उहाँका अघि त्यस्ता दानवीर मनहरूलाई आवश्यकताअनुसार पठाइदिइरहनुहुन्थ्यो, जहिले जुन अभियानलाई जस्तो स्रोतको आवश्यकता पर्छ त्यो दिने मन बनाएर दाता नै आएको हुन्थ्यो। हामीले कहिल्यै आश्रमको खातामा पर्याप्त कोष सञ्चित रहेको देखेनौँ। तर ठूला ठूला भवननिर्माण र जग्गा खरिदका कार्यहरू कहिल्यै रोकिएको पनि थाहा पाएनौँ। देवघाट, पोखरा र काठमाडौँका आश्रमहरूमा न त कहिल्यै पुग्दो पैसा भयो, न कहिल्यै निर्माणको काम रोकियो । यस्तै थियो आकाशे वृत्तिको स्वामीजीको दान अभियान ।

पछि बुझ्दै जाँदा थाहा भयो दाताहरूसँग दान माग्दा पनि नझुकिकन आफू हाबी भएर नै माग्न सक्ने क्षमताको कारण थियो- उहाँको परमात्माप्रतिको अटल विश्वास। उहाँ आश्रमको दीर्घकालिक भविष्यको विषयमा चिन्तित हुने जो सुकैलाई भन्नुहुन्थ्यो- के चिन्ता गर्छस्, यो आश्रम मैले होइन पशुपतिनाथले चलाएको हो । कहिलेकाहीँ त दाताहरूलाई उल्टै गाली गर्नुहुन्थ्यो । एक दिन वर्षौंदेखि आश्रमसञ्चालनमा सहयोग गर्दै आएका व्यक्तिहरूलाई खबरदारी गर्दै सत्सङ्गमा भन्नुभयो- हे दाताहरू ! आफ्नो दानमा अभिमान नगर । तिमीहरूको एक बोरा चामलको भरमा बाँचेको छैन। गुरुकुल चलाउन अप्ठ्यारो पर्‍यो भने मेरा लागि ब्रह्मा, विष्णु र महेश्वरको सभा बस्छ। मैले भूकम्पले थर्काएकोजस्तो थर्काइदिन्छु (२०६८/६/१५, शङ्कराचार्य मठ)। अब भयो ! गुरुकुलमा निरन्तर सहयोग गरेकोमा बधाइ र शुभाशीर्वाद दिन्छन् कि भनेको यी जोगीले त खबरदारी पो गर्छन् त । हामीलाई मात्रै होइन देवलोकलाई पनि थर्काउँलाजस्तो गर्ने यी जोगी कस्ता औतारी रहेछन् भन्ने भाव

सबै श्रोताको मनमा परेको याद आउँछ । अन्तरङ्ग शिष्यहरू भने त्यस्तो बेलामा स्वामीजीको अनुहारमा चम्किएको अतिमानवीय तेज र अभिमानशून्य आत्मगर्जनाले तृप्त भई यो कुरामा ढुक्क हुन्थे कि - साँच्चै नै यो गुरुकुल हाम्रो सहयोग र सञ्चालनमा नभई दैवी विधानको व्यवस्थामा चलिरहेको छ । यसप्रकार थर्काएर दान माग्ने, गुरुकुलमा दान दिन पाएकोमा दाता स्वयं आभारी हुनुपर्छ भन्ने विचित्र दृष्टिकोण राख्ने र गुरुकुलको अभियानमा पैसा कमी भए देवलोक नै हल्लाइदिन्छु भनेर गर्जिने यस्ता असाधारण माग्ने अन्यत्र कतै देख्न सकिएला ? मलाई त उहाँ मदनमोहन मालवीयजस्ता यस शताब्दीकै दुर्लभ माग्नेहरूमध्ये एक हुनुहुन्छ जस्तो लाग्छ ।

स्वामीजीको मगन्तेपनको कुरा गरिरहँदा यौटा कुरा भने बिर्सनुहुँदैन । स्वामीजी पैसाको मात्र नभइ शुभकामना र आशीर्वादको पनि प्रशस्त याचना गर्नुहुन्थ्यो । ठूलाठूला समारोहहरूमा यस्तो आह्वान गरेको बारम्बार सुनियो – "तिमीहरूसँग गुरुकुलका लागि दिने केही वस्तु छैन भने भगवान्सँग महेश गुरुकुलको जय होस् भनी प्रार्थना गरिदेओ, यही सबैभन्दा ठूलो दान हो ।" स्वामीजीलाई आशीर्वादमाथि ठूलो विश्वास लाग्दथ्यो । संसारका कुनै पनि धर्मगुरुले आफ्ना भक्तहरूसँग आशीर्वाद मागेको सुनिएको छैन, तर उहाँ वृद्धवृद्धा र साधक वा आफ्नै शिष्यहरूसँग कोठाभित्र भेट्दा सधैँ आशीर्वाद माग्नुहुन्थ्यो । कल्याणको कामना नै आशीर्वाद भएकाले शिष्यले गुरुलाई पनि आशीर्वाद दिन मिल्छ भन्नुहुन्थ्यो । कहिलेकहीँ त आफ्नो शिरमाथि नै हात राख्न लगाई आशीर्वाद मागेको देखियो । सबैले दुर्वासा मानेका जोगीको भित्र यस्तो निरभिमानता थियो कि, देख्ने–सुन्ने मान्छे आश्चर्य मान्थ्यो । यसरी सामूहिक सभाहरूमा हप्काएरै दान माग्ने अनि केही न भएकाहरूसँग आशीर्वाद भए पनि मागिछाड्ने उहाँको बानीले यी विशेषताहरूमा मालवीयजीलाई पनि पछि पारेको हो कि ? जस्तो लाग्छ ।

उहाँ ज्ञानमार्गी साधु भएकाले आफ्ना भक्तहरूलाई पनि कर्मको झन्झटमा भन्दा विचार र विवेकमै लाग्न प्रेरित गर्नुहुन्थ्यो । कर्मकाण्डको नियममा भुल्दाभुल्दै वेदान्त चिन्तन गर्न नभ्याउने कर्मनिष्ठ व्यक्तिहरूलाई सत्सङ्गमा सुरो–चरु, घण्ट–टण्ट भन्दै बेस्सरी उडाउनुहुन्थ्यो । यति हुँदाहुँदै पनि उहाँ आफ्नो कर्मनिष्ठामा भने असाध्यै परम्परावादी हुनुहुन्थ्यो । उहाँलाई हरेक पटक शौच गएपिच्छे नुहाउनुपर्थ्यो । नङ् काटेपछि नुहाउन पर्ने हुनाले स्नानअघि नै नङ काट्नुहुन्थ्यो । कपाल खौरेपछि आफूमात्र होइन, खौरिदिने मान्छेले पनि नुहाउनुपर्ने नियम थियो । दूध र चिया पिउँदामात्र होइन, पानी पिउँदा पनि हात धोएको देखिन्थ्यो । पछिल्लो २–३ वर्ष उहाँलाई निरन्तर खोकी लागिरहने, कफ जमिरहने जस्ता समस्या हुनुमा बारम्बार नुहाउने र पानी खेलाउने बानी पनि कारण थियो । यो विषयमा जति भने पनि कहिल्यै सुनुवाइ भएन । जुठो–सूतक लागेका भक्तहरूलाई आफ्नो नजिक आउन नदिनु, शौच गएपछि हात धुनलाई साबुनमात्रले नपुगी खरानी अनिवार्य चाहिनुजस्ता उहाँका भित्री स्वभाव देखेको हुनाले उहाँलाई कहिलेकहीं उपहास गरिन्थ्यो–हजुर पनि कम कर्मकाण्डी हुनुहुन्न । उहाँ भन्नुहुन्थ्यो– चुप लाग ! शौचाचारको नियम सबैले पालना गर्नुपर्छ । आखिर उहाँको शौचाचारको नियम उहाँको शरीरसँगै गयो ।

यसप्रकार स्वामीजीको व्यक्तित्वका विभिन्न पाटाहरूको प्रतिनिधिमूलक रूपमा चर्चा गरियो । संक्षेपमा स्वामीजीको व्यक्तित्वलाई एउटा पवित्र मन्दिरको रूपकमा घटाउने हो भने यी सबै चारित्रिक विशेषताहरूको सुन्दर समायोजन बुझ्न अझै सजिलो हुन्छ । स्वामीजीको व्यक्तित्व सर्वाङ्गपूर्ण पशुपतिनाथको मन्दिर हो । त्यो चट्टानी जगमा अडिएजस्तो कडा अनुशासनको जगमा उहाँको व्यक्तित्व खडा भएको छ । निरन्तर पढ्ने-पढाउने अभ्यास

नै यो पवित्र जीवन-मन्दिरको स्थापत्य पद्धति (पिल्लर सिस्टम) हो, जो फेददेखि टुप्पोसम्म सर्वत्र व्याप्त छ । देशभक्ति, धर्मसंस्कृति तथा भाषासाहित्यको प्रेमजस्ता गुणहरू नै मन्दिरको भित्ता, छत, ढोका र टुँडालगायत सम्पूर्ण बाहिरी संरचना हुन् । गुरुकुल अभियान नै स्वामीजीको व्यक्तित्वरूपी मन्दिरको पशुपति ज्योतिर्लिङ्ग हो, जो दैवी आशीर्वाद र अतीन्द्रिय चेतनारूपी वेदीमा अडिएको छ । सानो उमेरदेखि नै दैवी प्रेरणा र आशीर्वादको सम्बल नमिलेको भए स्वामीजीको जीवन नै त्यसरी निर्माण हुँदैन थियो, जसमा गुरुकल अभियानलाई स्थापित गर्ने सामर्थ्य उत्पन्न भयो ।

गुरुकुल अभियानरूपी त्यो शिवलिङ्ग पञ्चमुखी छ । पाकशाला, पाठशाला, धर्मशाला, यज्ञशाला र गोशाला नै त्यसका पाँच मुख हुन् । समयको सदुपयोग गर्न अत्यन्त ध्यान दिने बानी नै पश्चिमद्वारमा राखिएको विशाल नन्दी हो । बाहिरबाटै रमिते भावले शिवदर्शन गर्न खोज्नेलाई त्यसले छेकिदिएजस्तो व्यर्थ समय नगुमाउने बानीले जिज्ञासुजस्ता भई आउने रमितेहरूबाट उहाँलाई धेरै जोगाएको देखेको छु । खुल्लम-खुल्ला आत्मविश्वासपूर्वक दान सहयोग माग्ने उहाँको असाधारण याचकस्वभाव मन्दिरमा राखिएको चाँदीको हुण्डी हो । जसको आधारमा शिवको पूजा चलेझैँ गुरुकुलका सारा अभियानहरू सुचारु चल्न सफल भए । आफ्ना सहयोगी, हितैषी एवम् जिम्मेवार कार्यकर्ताहरूप्रतिको शुद्ध विश्वासको गुण नै त्यो व्यक्तित्वमन्दिरको गजुर हो, जो देख्दै असाध्यै सुन्दर, चम्किलो र शोभायुक्त छ । प्रवचनको क्रममा बर्सिने फाट्टफुट्ट गाली त्यो शिवमन्दिरमा गाडिएको विशाल त्रिशूल हो । त्रिशूल गाडेको देखेपछि टाढैबाट त्यो शिवमन्दिर रहेछ भनी बुझेजस्तो सभामा स्वामीजीले बोलिरहँदा अनुहार नै नदेखे पनि उहाँलाई ठम्याउन सकिन्थ्यो- कडा खबरदारी र गालीका वाग्बाणहरूबाट ।

यसप्रकार विभिन्न गुणहरू विभिन्न रूपमा उचित मात्रामा मिलेर मात्र स्वामीजीको व्यक्तित्वरूपी मन्दिर निर्माण भएको छ ।

# ३. कृतित्वको विश्लेषण

## ३.१ डा. स्वामीजीको कृतित्वको चरण विभाजन

स्वामीजीले वि.सं. २०४१ सालमा **राजर्षेर्जनकस्य विदेहसिद्धान्तस्य समीक्षात्मकमध्ययनम्** भन्ने शीर्षकमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभए पनि उक्त शोधप्रबन्ध वि.सं. २०५० सालमा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट जनकदर्शनम् नामक कृतिको रूपमा प्रकाशित भएको छ। अतः उहाँको कृतित्वको पहिलो चरण वि.सं. २०५० सालदेखि नै सुरु भएको छ । वि.सं. २०५० देखि वि.सं. २०६४ सम्मको कालखण्डमा उहाँका चारवटा कृतिहरू प्रकाशित भएका छन् । वि. सं. २०६५ सालमा श्रीमद्भागवत रामानन्दी टीकाको पहिलो खण्ड प्रकाशित भएपछि उहाँको लेखनशैली र कृतित्वले तीव्र वेग लिएको देखिन्छ । अतः वि.सं. २०६५ देखि २०७४ सम्मको कालखण्डलाई स्वामीजीको लेखनको दोस्रो चरण मान्नुपर्दछ । यस चरणमा १२ वटा पुस्तकहरू प्रकाशित छन् । जसमध्ये सात भागमा प्रकाशित श्रीमद्भागवतको विशेष व्याख्या र विवरण भएको ग्रन्थशृङ्खला पनि पर्दछ । उहाँको लेखन अवधिमा वि.सं. २०६९ साल स्वर्णकालको रूपमा देखा परेको छ । जसमा देवीगीता, दुर्गासप्तशती र श्रीमद्भागवत रामानन्दी टीकाको छैठौँ खण्ड गरी सबैभन्दा धेरै महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित भएका छन् । दुवै चरणका पुस्तकहरूको अध्ययन गर्दा स्वामीजीको लेखनशैली उत्तरोत्तर परिष्कृत र सुललित बन्दै गएको स्पष्ट थाहा

पाइन्छ । यी दुई चरणमा उहाँका कृतित्वका भिन्नता र विशेषतालाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

**प्रथम चरण(वि.सं. २०५०- वि.सं. २०६४)**

१.भाषाको प्रवाह सामान्य ।

२.विवरण लेख्दा शास्त्रार्थको शैलीमा क्रमशः पूर्वपक्ष र सिद्धान्तपक्षका मतहरू देखाउनु ।

३.श्लोकको व्याख्याभन्दा अघि अवतरण भाष्यको रूपमा आगामी प्रसङ्गको सङ्केत गर्नु ।

४.साना ग्रन्थहरूको छिटपुट अनुवाद र प्रकाशन ।

**द्वितीय चरण (वि.सं. २०६५- वि.सं. २०७४)**

१.प्रवाहमय भाषाशैली ।

२.श्लोकपछि विवरणको क्रममा नै पूर्वापरप्रसङ्गको उल्लेख गर्ने निबन्धात्मक लेखनशैली ।

३.दर्शनको गहिरो रहस्यसँगै भक्तिको भावपक्ष पनि सबल रूपले प्रस्तुत हुनु ।

४.ठूला ग्रन्थहरूको व्याख्यान र तिनको प्रकाशनमा तीव्रता ।

५.पौराणिक आख्यानहरूमा लुकेका आध्यात्मिक रहस्यहरूको उजागरण गरी विशेष विवेचन गर्नु ।

स्वामीजीबाट रचित कृतिहरूलाई उपर्युक्त चरणका आधारमा विभाजन गरी अध्ययन, विश्लेषण र समीक्षण गरिनु सान्दर्भिक ठहर्छ ।

## ३.२ कृतिमा निहित विचारबिन्दु र विशेषताहरू

स्वामीजी आध्यात्मिक, दार्शनिक क्षेत्रका लेखक हुनुहुन्छ । कुनै पनि संस्कृतिको सबैभन्दा गहिरो र चुरो पक्ष भनेकै अध्यात्मदर्शन हुने गर्दछ । हिन्दु सनातन संस्कृतिको कालजयिता र सर्वश्रेष्ठताको आधार

पनि यसको रहस्यमय अध्यात्मदर्शन नै हो । यस्तो गहिरो विषयमा कलम चलाउने आधिकारिक विद्वान्हरूको नेपालमा प्रायः अभाव नै छ । हिन्दी भाषामा लोकमान्य तिलक, दामोदर सातवलेकर, बलदेव उपाध्यायजस्ता लेखकहरूले लेखेका श्रीमद्भगवद्गीता, वैदिक वाङ्मय र दार्शनिक मतपरम्परासम्बन्धी आलेखहरू लगभग मूल ग्रन्थकै उचाइमा पुग्न सफल देखिन्छन् । त्यस्ता आधिकारिक लेखनहरू नेपाली भाषासाहित्यमा न को बराबरमै देखिन्छन् । अलिअलि लेखकहरूले कविता, निबन्ध, नियात्राहरूमार्फत् केही आध्यात्मिक, दार्शनिक साहित्य लेखे पनि संस्कृतका गहिरा दार्शनिक ग्रन्थहरूको नेपाली संस्करण गर्ने अप्ठ्यारो काममा भने डा. स्वामी रामानन्द गिरिजी महाराजले प्रशस्त कलम चलाउनुभएको छ । उहाँबाट लिखित कृतिहरूमध्ये जनकदर्शनम् भन्ने ग्रन्थ उहाँको स्वतन्त्र चिन्तन ग्रन्थ हो । अन्य केही दार्शनिक लेख र निबन्धहरू जनक, ब्रह्मबिन्दु लगायत केही आध्यात्मिक पत्रिकाहरूमा प्रकाशित छन् । त्यसैगरी विभिन्न विद्वान्हरूद्वारा लिखित धार्मिक तथा दार्शनिक पुस्तकहरूमा थुप्रै भूमिका तथा शुभाशंसापरक लेखरचनाहरू प्रकाशित छन्, जसको खोजी, सङ्ग्रह र प्रकाशन आवश्यक छ । यीबाहेक स्वामीजीका अन्य सबै कृतिहरू मौलिक रचना नभई अनुवाद एवम् व्याख्याको शैलीमा छन् । त्यही शैलीको केन्द्रीयतामा उहाँको कृतित्वको मूल्याङ्कन र ती व्याख्यानहरूमा अभिव्यक्त दार्शनिक दृष्टिबिन्दुको चर्चा हामी यस प्रकरणमा गर्ने छौँ ।

## ३.३ प्रकाशित कृतिहरूको सामान्य परिचय

स्वामीजीबाट **उपनिषद्**, **श्रीमद्भागवत**, **दुर्गासप्तशती**जस्ता प्रसिद्ध धार्मिक, आध्यात्मिक ग्रन्थहरूको पद-पदको नेपाली अनुवाद, भावार्थ र विशेष विवरणहरू समावेश गरी विभिन्न ग्रन्थहरू रचना भएका छन् । संस्कृतमा एउटा स्वतन्त्र ग्रन्थ पनि छ । यसप्रकार १५

वटा अनुवाद र विश्लेषणात्मक दार्शनिक ग्रन्थ र एउटा विद्यावारिधि शोधप्रबन्धसमेत गरी उहाँबाट विरचित सोह्रवटा कृति प्रकाशित छन् । एउटा प्रकाशोन्मुख **अध्यात्मरामायण**को व्याख्यासमेत गरी स्वामीजीबाट नेपाली भाषासाहित्यको मन्दिरमा १७ ग्रन्थहरूको १० हजार पृष्ठभन्दा बढी वाक्पुष्पाञ्जलि समर्पण गरिएको छ । प्रामाणिक रूपमा दार्शनिक साहित्यको रचना गर्ने नेपाली व्याख्याताहरूको खडेरी परेको अवसरमा स्वामीजीबाट लिखित १६-१७ ग्रन्थहरू मरुभूमिका रुखजस्ता एकको सय भएका छन् । तिनको सामान्य परिचय तालिकामा प्रस्तुत छ-

| क्र. सं. | ग्रन्थ | प्रकाशक | प्रकाशन मिति | पृष्ठ | ISBN |
|---|---|---|---|---|---|
| १. | **जनकदर्शनम्** | महेन्द्र संस्कृत विश्वविद्यालय | वि.सं. २०५० | २४४ | |
| २. | **माण्डूक्योपनिषद्** | महेश संन्यास आश्रम | वि.सं. २०५१ (प्र.सं.)<br>वि.सं. २०५६ (द्वि.सं.) | १८९ | |
| ३. | **रामगीता** | महेश संन्यास आश्रम | वि.सं. २०५३ (प्र.सं.)<br>वि.सं. २०५४ (द्वि.सं.)<br>वि.सं. २०६३ (तृ.सं.)<br>वि.सं. २०६६(चौ.सं.) | १२४ | |
| ४. | **वेदस्तुति** | श्रीराजर्षि जनकस्मृति कोष | वि.सं. २०६१ | ११६ | |
| ५. | **श्रीमद्भागवतमहापुराणम्** (पहिलो खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६५, महाशिवरात्री (प्र.सं.)<br>वि.सं. २०७२, नववर्ष (द्वि.सं.) | ८०१ | 978-9937-8-9037-3 |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | **श्रीमद्भागवतमहापुराणम्** (दोस्रो खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६६, रामनवमी (प्र.सं.) वि.सं. २०७५ विजयादशमी (द्वि.सं.) | ७०८ | 978-9937-8-9038-0 |
| ७. | **श्रीमद्भागवतमहापुराणम्** (तेस्रो खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६७ विजयादशमी (प्र.सं.) वि.सं. २०७५ विजयादशमी (द्वि.सं.) | ७२७ | 978-9937-8-9033-5 |
| ८. | **श्रीमद्भागवतमहापुराणम्** (चौथो खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६७ रामनवमी (प्र.सं.) वि.सं. २०७५ विजयादशमी (द्वि.सं.) | ६०९ | 978-9937-8-9034-2 |
| ९. | **श्रीमद्भागवतमहापुराणम्** (पाँचौं खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६८ विजयादशमी (प्र.सं.) वि.सं. २०७५ कोजागरी पूर्णिमा (द्वि.सं.) | ७६३ | 978-9937-8-9035-9 |
| १० | **देवीगीता** | महेश संस्कृत गुरुकुल | वि.सं. २०६९, नववर्ष | २५८ | 978-9937-2-4612-5 |
| ११. | **दुर्गासप्तशती** | महेश संस्कृत गुरुकुल | वि.सं. २०६९, घटस्थापना | ४७४ | 978-9937-2-5463-2 |
| १२ | **श्रीमद्भागवतमहापुराणम्** (छैठौं खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०६९ महाशिवरात्री (प्र.सं.) वि.सं. २०७५ बालाचतुर्दशी (द्वि.सं.) | ७८२ | 978-9937-8-9036-6 |
| १३. | **श्रीशिवमहिम्नःस्तोत्रम्** | महेश संस्कृत गुरुकुल | वि.सं. २०७०, घटस्थापना | २२० | 978-9937-2-7184-4 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | **श्रीमद्भागवतमहापुराणम्** (सातौँ खण्ड) | महेश संस्कृत गुरुकुल | वि.सं. २०७०, रामनवमी (प्र.सं.) वि.सं. २०७५, धान्यपूर्णिमा (द्वि.सं.) | ५८२ | 978-9937-2-7688-7 |
| १५. | **श्रीदक्षिणामूर्तिस्तोत्रम्** | महेश संस्कृत गुरुकुल | वि.सं. २०७१, गुरुपूर्णिमा | १०३ | 978-9937-8-9030-4 |
| १६. | **ईशादि दश उपनिषद्** | महेश संस्कृत गुरुकुल | वि.सं. २०७३, रामनवमी | ६२० | 978-9937-8-9031-1 |

*(नोट – यहाँ क्रमनिर्धारण गर्दा पुस्तकको प्रथम संस्करणको प्रकाशन मितिअनुसार गरिएको छ भने पुस्तकको पृष्ठसङ्ख्या, अन्तर्राष्ट्रिय नम्बर, समीक्षामा प्रयुक्त सन्दर्भ आदि सबै हाल उपलब्ध पछिल्लो संस्करणको आधारमा राखिएका छन् ।)*

## ३.४ कृतिहरूको विश्लेषण

### ३.४.१. जनकदर्शनम्

**संक्षिप्त विषयवस्तु**

राजर्षि जनकको दर्शन र सिद्धान्तको विषयमा स्वामीजीद्वारा संस्कृतभाषामा लेखिएको यो ग्रन्थ उहाँको पहिलो कृति हो । २०४१ सालमा **राजर्षेर्जनकस्य विदेहसिद्धान्तस्य समीक्षात्मकमध्ययनम्** भन्ने शीर्षकमा त्रि.वि. बाट गरिएको विद्यावारिधि शोधप्रबन्धलाई सम्पादन र परिमार्जन गरी २०५० सालमा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट यसको प्रकाशन भएको छ । आरम्भमा लेखकका दीक्षागुरु महेशानन्द गिरिजी महाराजको आशीर्वचन, उदासीन महाविद्यालय वाराणसीका अध्यक्ष स्वामी योगीन्द्रानन्द, योगी नरहरिनाथ, रामप्रसाद त्रिपाठी, भगीरथप्रसाद त्रिपाठी र लेखकका विद्यागुरु गोपालनिधि तिवारीको

सम्मति रहेको छ भने कृतज्ञताज्ञापनको रूपमा लेखकीय मन्तव्य रहेको छ ।

ग्रन्थ चार अध्यायमा विभक्त छ । पहिलो विषयप्रवेश नामक अध्यायमा विदेहराज जनकको आचारदर्शन, तत्त्वदर्शन आदिको चर्चा गरिएको छ । दोस्रो तत्त्वविचार अध्यायमा विदेहसिद्धान्तमा अद्वितीय तत्त्वको विचार, वेद-उपनिषद् आदि शास्त्रहरूमा अद्वैत तत्त्व, दृग्दृश्यविचार, जनकदर्शनको अन्य दशर्नसँग तुलना र वेदान्तदर्शन भए पनि जनकदर्शनको विलक्षणता र स्वतन्त्रताजस्ता दार्शनिक विषयहरूको निरूपण गरिएको छ । तेस्रो साधन अध्यायमा कर्म, उपासना र ज्ञानको निरूपण, जनकको निष्ठा, योग-भक्तिजस्ता साधनको चर्चा र साधनको रहस्य आदि विषयहरू समेटिएका छन् । चौथो मोक्ष नामक अध्यायमा मोक्षको स्वरूप, क्रममुक्ति, जीवन्मुक्ति र विदेहमुक्तिको चर्चा, जनकको मोक्षसम्बन्धी चिन्तन आदि विषयहरूको विचार गरिएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

गौतम बुद्धको कारणले शान्तिभूमिको रूपमा प्रख्यात नेपाल जनक-याज्ञवल्क्यजस्ता परमज्ञानी विचारकहरूलाई जन्म दिने ज्ञानभूमि पनि हो । उपनिषद्हरूमध्ये सबैभन्दा श्रेष्ठ मानिने बृहदारण्यकोपनिषद्मा राजा जनकको ब्रह्मसभा र त्यसमा गरिने ब्रह्मचर्चाको जुन प्रभावशाली वर्णन छ, त्यसबाट नेपालको मिथिलाञ्चल त्यस बेलाको सर्वश्रेष्ठ ज्ञानकेन्द्रको रूपमा प्रसिद्ध रहेको सहजै थाहा पाउन सकिन्छ । बृहदारण्यकोपनिषद्मा अजातशत्रु भन्ने राजाले आफूलाई तत्त्वज्ञानको उपदेश गर्न भनी आएका ब्रह्मचारीलाई केवल आएबापत नै हजार असर्फी दिन तयार भएको उल्लेख छ (२/१/१)। सबै ब्रह्मवेत्ताहरू जनक-जनक भन्दै मिथिलातिरै धाए पनि ती ब्रह्मचारीले आफूलाई पत्याएकोमा राजाले

हर्ष प्रकट गरेबाट जनकसभाको धाक कति ठूलो थियो भन्ने थाहा पाइन्छ । ज्ञान भएपछि पनि लोकसङ्ग्रहको आदर्शलाई नछोड्ने राजा जनकको दर्शन सम्पूर्ण संसारका लागि नेपालको विशिष्ट देन हो । जनकको यो विशेषताको चर्चा श्रीकृष्णले गीतामा पनि गर्नुभएको छ (गीता ३/२०) । यस्तो महत्त्वपूर्ण नेपाली दर्शनलाई प्रामाणिक शोधप्रबन्ध र ग्रन्थको रूपमा समेत प्रस्तुत गरेर लेखकले असाधारण काम गर्नुभएको छ । वेदान्तसँग जनकदर्शनका सबै मूलभूत मान्यताहरू मिल्छन् तर जनकको जीवनदर्शन भने सबैभन्दा भिन्न छ । अतः जनकद्वारा विरचित कुनै स्वतन्त्र दार्शनकि ग्रन्थ नदेखिए पनि विभिन्न शास्त्रहरूमा आएका प्रसङ्गहरूबाट उनको स्वतन्त्र चिन्तन र अनुभवको पुष्टि हुनुले जनकदर्शनलाई नयाँ प्रस्थानको रूपमा उभ्याइदिएको चर्चा लेखकले गर्नुभएको छ (पृ. ४६-४७) । जनकदर्शन औषनिषद वेदान्तदर्शनको अनुकूल नै भएपनि भाष्यकार शङ्कराचार्यका केही चिन्तनहरूसँग यसको एक मत छैन । शाङ्करसिद्धान्तअनुसार सर्वकर्मसंन्यासपूर्वक अखण्ड आत्मविचारबाटमात्र तत्त्वज्ञान प्राप्त हुन सक्छ भने जनकको सिद्धान्तमा ज्ञानका लागि संन्यासको आवश्यकता छैन । वेदान्तदर्शनका यी दुई प्रसिद्ध प्रस्थानहरूको भिन्नताको चर्चा गर्दै (पृ. ४५) लेखकले अन्तमा चित्तवृत्तिबाट दृश्यसंस्कार हराउनु नै मुख्य संन्यास भएकाले त्यसद्वारा ज्ञानप्राप्ति हुने कुरामा जनक र शङ्कराचार्य दुवैको मतैक्य हुन सक्ने समन्वयबिन्दु पहिल्याउनुभएको छ (पृ. ५१) । आत्माको अद्वितीयत्व, जगत्को मायामयत्व र तत्त्वज्ञानमात्र मोक्षको साधन हो भन्ने जस्ता सबै मुख्य सिद्धान्तहरू जनक र शङ्कराचार्यका समान छन् । अतः शाङ्करसिद्धान्त विदेहसिद्धान्तको अनुकूल दर्शन हो भन्ने सिद्ध गरिएको छ (पृ.११८) । लेखकले अष्टावक्रगीता, त्रिपुरारहस्य ज्ञानखण्ड, महाभारत शान्तिपर्व, बृहदारण्यकोपनिषद्,

योगवाशिष्ठजस्ता ग्रन्थहरूमा आएका विदेहराज जनकका सिद्धान्त र अनुभववाक्यहरूलाई दृष्टान्तको रूपमा प्रस्तुत गर्नुभएको छ । यसरी शास्त्रहरूमा यत्र-तत्र छरिएका जनकका जीवनदर्शन र तात्त्विक दृष्टिकोणहरूलाई एकत्रित गरी निष्कर्षको रूपमा प्रस्तुत गरेर लेखकले नेपालको सांस्कृतिक विरासतलाई सबैका सामु छर्लङ्ग बनाइदिनुभएको छ । लेखनको भाषा संस्कृत भएकाले सामान्य जिज्ञासु पाठकहरूका लागि खासै लाभ पुऱ्याउन नसक्नु यो कृतिको सीमा हो । लेखक स्वयम्ले आफ्नो शोधग्रन्थलाई नेपाली भाषामा समेत अनुवाद गरी प्रकाशित गरेको भए जनसाधारणलाई अझै लाभ पुग्थ्यो भन्ने लाग्दछ । समग्रमा नेपाली माटोको प्राचीन दर्शन र त्यसका अग्रणी नायक विदेहराज जनकको महत्त्वलाई यो ग्रन्थले राम्ररी स्थापित गरिदिएको छ । पहिलो कृतिको रूपमा नै यति गहिरो विषय समात्नुले लेखकको दार्शनिक लेखनशक्ति प्रखर, ओजपूर्ण र धेरै सम्भावनाले भरिएको सहजै अनुमान गर्न सकिन्छ ।

### ३.४.२ माण्डूक्योपनिषद्

**संक्षिप्त विषयवस्तु**

महेश संन्यास आश्रमद्वारा २०५१ सालमा प्रकाशित माण्डूक्योपनिषद् डा. स्वामी रामानन्द गिरिजीको जनकदर्शनपछिको दोस्रो प्रकाशित कृति हो । वेदान्त दर्शनका दुरूह ग्रन्थहरूलाई नेपाली भाषामा अनुवाद र व्याख्या गर्ने उहाँको अनुवादीय शैलीको यो पहिलो प्रयास हो । **माण्डूक्योपनिषद्** एवम् त्यसमाथि गौडपादाचार्यद्वारा विरचित **माण्डूक्यकारिका**का श्लोकहरूलाई समेत समावेश गरी सबै मन्त्र एवम् कारिकाहरूको अनुवाद र विश्लेषण यस ग्रन्थमा गरिएको छ । आरम्भमा सच्चिदानन्द सरस्वती (खप्तड बाबा) को शुभाशीर्वाद रहेको छ भने लेखक स्वयंको भूमिका रहेको छ । माण्डूक्य कारिकाका चार प्रकरणहरूमध्ये पहिलो आगम प्रकरणमा

वेद प्रमाणको आधारमा अद्वितीय आत्मतत्त्वको प्रतिपादन गरिएको छ भने दोस्रो वैतथ्य प्रकरणमा प्रबल युक्तिहरूद्वारा संसारको मिथ्यात्व सिद्ध गरिएको छ । जुन वस्तु सुरुमा पनि छैन र अन्तमा पनि छैन त्यो बीचमा भएजस्तो देखिए पनि नभएकै बराबर हो (मा.का.२/६) । सारा संसार स्वप्नको कल्पनाजस्तै मिथ्या हो । जसरी स्वप्नको वस्तुले जाग्रत्मा काम नदिने भएकाले त्यसलाई मिथ्या मानिन्छ त्यसैगरी जाग्रत्को वस्तुले पनि स्वप्नमा काम नदिने भएकाले त्यो मिथ्या नै ठहर्छ (मा.का. २/७) । यस्ता प्रबल युक्तिहरूद्वारा संसारको मिथ्यात्व सिद्ध गरिएको छ ।

तेस्रो अद्वैत प्रकरणमा युक्ति एवम् शास्त्रप्रमाणद्वारा अद्वैत तत्त्वको निरूपण गरिएको छ । महाकाशमा घैँटो जन्मिएपछि त्यसभित्रको आकाशलाई घटाकाश भनिए पनि वास्तवमा यो महाकाश नै हो । त्यस्तै आत्मामा अन्तःकरण उत्पन्न भएपछि अन्तःकरणावच्छिन्न आत्मालाई जीव भनिएको मात्र हो, वास्तवमा त्यो अद्वितीय ब्रह्म नै हो (मा.का.३/७) । जीव र परमात्माको एकता नै शास्त्रको रहस्य हो । तिनीहरूको बीचमा भेद बताउनु तात्पर्य नभई व्यवहारको अनुवादमात्रै हो (मा.का.३/१४) । चौथो अलातशान्ति प्रकरणमा गौडपादको मुख्य सिद्धान्त अजातवादको वर्णन गरिएको छ । अद्वितीय तत्त्वको विरोध गर्ने द्वैतवादी विभिन्न सिद्धान्तहरू परस्परमै बाझाबाझ गरिरहेका छन् । तिनीहरू स्वयंले एक-अर्काको खण्डन गरी वेदान्तकै मतलाई पुष्टि गरिरहेका छन् । वेदान्तको सिद्धान्त कुनै दर्शनसँग विरुद्ध नहुने सिद्धान्त हो (मा.का.४/२) । जसरी स्वप्नमा मायाद्वारा चित्त चल्नाले एउटै चित्त विभिन्न पदार्थको रूपमा देखिन्छ, त्यस्तै जाग्रत् अवस्थामा पनि मायाद्वारा चित्त चल्नाले द्वैतको प्रतीति भएको हो (मा.का.४/६१-६२) ।

**समीक्षा एवम् मूल्याङ्कन-**

लेखकले व्याख्याको क्रममा वेदान्तका प्रसिद्ध दुई थरी प्रस्थान विवरण प्रस्थान र भामती प्रस्थानका सूक्ष्म सिद्धान्तभेदहरूको उल्लेख गर्दै वेदान्तशास्त्रीय टिप्पणी र उद्धरणको पनि समावेश गर्नुभएको छ। व्याख्याको क्रममा शङ्का र समाधानका पक्षहरूलाई अलग-अलग अनुच्छेदमा उल्लेख गरिएको छ। पहिलो मन्त्रको व्याख्यामा उपासनाका तीन भेद - सम्पत् उपासना, अध्यास उपासना र विशिष्टक्रियायोगनिमित्त उपासनाको विशेष चर्चा गरिएको छ (पृ.३)। माण्डूक्यकारिकाको व्याख्या गर्ने क्रममा प्रसङ्ग अनुसार विभिन्न दर्शनका सिद्धान्त र युक्तिहरूको उल्लेख गरिएको छ। साङ्ख्य र नैयायिकको सत्कार्यवाद र असत्कार्यवादको सिद्धान्तभेदको चर्चा गरिएको छ (पृ.१२२–१२४)। वेदान्तको दृष्टि सृष्टिवाद र सृष्टिदृष्टवाद कस्ता अधिकारीहरूका लागि हो भनी निर्धारणसमेत गर्नुभएको छ (पृ.९७)। व्याख्याको क्रममा शाङ्कर भाष्य र आनन्दगिरि टीकाको साहारा लिइएको छ भने वेदान्तका प्रकरणग्रन्थहरूमध्ये अद्वैतसिद्धि, विवेकचूडामणि, सिद्धान्तबिन्दु, पञ्चदशी, नैष्कर्म्यसिद्धि र तत्त्ववोध उद्धरणहरूलाई उद्धृत गर्दै कारिकाको व्याख्या विश्लेशण गरिएको छ।

ग्रन्थको अन्त्यमा गौडपादाचार्यको मुख्य सिद्धान्त अजातवादको सैद्धान्तिक व्याख्या गर्ने छोटो निबन्धात्मक आलेख छ (पृ.१८७–१८९)। जीव, जगत् र ईश्वरको भेदमा अभिव्यक्त भएको यो सम्पूर्ण प्रपञ्च वास्तवमा अद्वितीय ब्रह्मतत्त्वबाट उत्पन्न भएकै छैन, केवल उत्पन्न भएझैँ देखिएको मात्र हो। जसरी बलिरहेको अगुल्टो घुमाउँदा आगोको गोलाकार घेरा र अन्य विविध आकारहरू देखा पर्छन्, ती आकारहरू अगुल्टोबाट निस्केका पनि होइनन् र अगुल्टोमा मिलेका पनि होइनन्। केवल अगुल्टोभन्दा भिन्न देखिएकामात्र हुन्। त्यस्तै

जगत् पनि ब्रह्मभन्दा भिन्न रूपमा देखिएको मात्र हो वास्तवमा उत्पन्न भएको हैन भन्नु नै यो ग्रन्थको सार हो । वेदान्तदर्शनको सर्वोच्च सिद्धान्त मानिने यस अजातवादको विशेष शास्त्रीय व्याख्या लेखकबाट उचित मात्रामा गरिएको छ ।

### ३.४.३ रामगीता

**संक्षिप्त विषयवस्तु**

अध्यात्म रामायणको उत्तर काण्डको पाचौँ अध्यायको रूपमा रहेको **रामगीता**लाई वेदान्त दर्शनको महत्त्वपूर्ण प्रकरण मानिन्छ । यही रामगीतामाथि डा. स्वामीज्यूद्वारा लेखिएको नेपाली अनुवाद एवम् विशेष व्याख्यासहितको ग्रन्थ सर्वप्रथम २०५३ सालमा प्रकाशित भएको छ । त्यसपछि २०५४, २०६३ र २०६६ गरी यो ग्रन्थको अहिलेसम्म ४ संस्करण प्रकाशित भइसकेको छ । वर्णाश्रम धर्मको पालन गरेर चित्त शुद्ध भएपछि तत्त्वज्ञानका लागि गुरुको शरणमा जानुपर्छ र गुरुको उपदेशबाट ज्ञान प्राप्त भएपछि संसारबन्धनको नाश हुन्छ । मोक्षका लागि केवल ज्ञानमात्र कारण हो भन्दै ज्ञानकर्मसमुच्चयको ग्रन्थमा बारम्बार खण्डन गरिएको छ । विद्या अर्थात् तत्त्वज्ञानको परिभाषा गर्दै भनिएको छ- ब्रह्माकार वृत्तिमा ब्रह्मचैतन्य प्रकाशित हुनु नै ब्रह्मज्ञान हो । आधुनिक लेखकहरू शङ्कराचार्यले मूल वेदान्त ग्रन्थहरूमा नभएको अध्यास नामक नौलो तत्त्वको आविष्कार गरेको आरोप लगाउँछन् तर यहाँ अध्यासको स्पष्ट दार्शनिक लक्षण बताइएको छ । डोरीमा सर्प देखिएजस्तै अन्यत्र अन्य वस्तुको प्रतीति हुनु नै अध्यास हो भनिएको छ (श्लोक ३७) । आत्मामा मन पूर्णतया समाहित हुनुभन्दा पहिले सम्पूर्ण जगत्लाई ॐकार स्वरूपमा चिन्तन गर्नुपर्छ भन्ने प्रणवोपासनाको वर्णन छ (श्लोक ४८) । अकार, उकार र मकारका अर्थहरूको विचार गर्दै अद्वितीय ब्रह्मतत्त्वको चिन्तन गर्ने प्रक्रिया बताइएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

कर्मत्याग र वेदान्तचिन्तनमा विशेष जोड दिइएको रामगीतामा शङ्कराचार्यको अद्वैत दर्शनका सबैजसो दार्शनिक सिद्धान्तहरूको संक्षिप्त रूपमा उल्लेख भएको छ । लेखक स्वयंले भूमिकामा यस ग्रन्थलाई जति ब्रह्मज्ञानरूपी जल निकाले पनि कहिल्यै नसकिने ब्रह्मकूप भन्नुभएको छ । ज्ञानकर्मसमुच्चयवादको खण्डन गरिएको प्रसङ्गमा लेखकले त्यसको विशेष विवेचन र शास्त्रीय पुष्टि गर्नुभएको छ (पृ.२५–२९) । ब्रह्माकार वृत्तिको प्रसङ्गमा लेखकले ब्रह्म निर्गुण-निराकार भएकाले ब्रह्माकार वृत्ति कसरी बन्न सक्छ ? भन्ने शङ्का उठाउँदै त्यसको दार्शनिक उत्तर दिनुभएको छ, जसअनुसार आकार भनेको कुनै भौतिक आकार नभई ज्ञानहरूलाई परस्परमा भिन्न बनाउने वृत्तिनिष्ठ धर्मविशेष हो (पृ.३०–३४)। विषय सम्मुख हुँदा शब्दबाट पनि प्रत्यक्ष ज्ञान हुने प्रसङ्ग (पृ.५२) तत्त्वमसि महावाक्यमा लक्षणाको विचार (पृ.५७–५८), मायाको स्वतन्त्रता–परतन्त्रताको विचार (पृ.६३–६६), अध्यासका भेदहरूको चर्चा (पृ.८२–८४) औपनिषद सिद्धान्त र पाञ्चरात्र आगमको मोक्षस्वरूपको तुलनात्मक निरूपण (पृ.११९–१२०) जस्ता प्रसङ्गहरूमा उहाँको लेखनीले राम्ररी विश्लेषण गरेको पाइन्छ ।

डा. स्वामीजीले रामगीताका हरेक श्लोकहरूको विशेष विवरण र व्याख्या गर्नुभएको छ । व्याख्यामा प्रशस्त प्रमाणहरूको उल्लेख गरिएको छ, जसको उद्धरण पादटिप्पणीको रूपमा दिइएको छ । **ब्राह्मण, आरण्यक, उपनिषद्, गीता, ब्रह्मसूत्र, पञ्चदशी, नैष्कर्म्यसिद्धि, माण्डूक्यकारिका, योगसूत्र, विवेकचूडामणि, भागवत, पञ्चीकरणवार्तिक, वेदान्तपरिभाषा, संक्षेपशारीरक, मनुस्मृति, अद्वैतसिद्धि, न्यायसूत्र, त्रिपुरारहस्य**जस्ता विविध शास्त्रीय उद्धरणहरू पादटिप्पणीमा देखिन्छन्, जसले अनुसन्धाताहरूलाई पनि लाभ गर्ने देखिन्छ ।

### ३.४.४ वेदस्तुति

**संक्षिप्त विषयवस्तु**

२०६१ सालमा राजर्षिजनस्मृति कोषद्वारा प्रकाशित यो ग्रन्थ लेखकको चौथो कृति हो । **श्रीमद्भागवत** दशमस्कन्धको ८७ औँ अध्यायमा वेदहरूले परमात्माको स्तुति गरेको प्रसङ्गलाई ग्रन्थको रूपमा प्रस्तुत गरिएको यो कृति जम्मा ११६ पृष्ठको छ । सुरुमा शरत्कुमार भट्टराईको प्रकाशकीय, लेखक स्वयंको लेखकीय र प्रा. शिवगोपाल रिसालको भूमिका रहेको छ । स्तुतिको क्रममा वेदहरूले परमात्मासँग अज्ञानलाई मारिदिन प्रार्थना गरेका छन् । अज्ञानले प्राणीहरूलाई बन्धनमा पार्नका लागि सत्त्व, रज र तम तीन गुणहरूलाई स्वीकार गरेकाले त्यसलाई निरस्त गरिहाल्नुपर्ने उनीहरूको तर्क छ । एउटी आमाले छोराहरूको इच्छा र आवश्यकता पतिलाई बुझाई उनीसँग झगडा गरेर भए पनि सन्ततिहरूको आवश्यकता पूरा गरिदिएजस्तो श्रुति माताले पनि आफ्ना सन्तति जीवहरूको पक्षबाट वकालत गर्दै परमात्मासँग वादविवाद गर्नुभएको छ । अज्ञानले जीवहरूलाई बन्धनमा पारेको भए तिनले आफैँ अज्ञानलाई मारून् भन्ने परमात्माको प्रश्नमा वेदहरू भन्छन् - जीवका सबैथरी सामर्थ्यहरूलाई हजुरले नै अभिव्यक्त गर्नुहुन्छ । अतः हजुरले नै अज्ञान मारिदिनुपर्छ । यस्तै अन्य श्लोकहरूमा भक्तिको विशेष महत्त्व बताइएको छ । भक्तिविनाको जीवन मुर्दासमान छ । त्यस्तो मान्छेले सास फेर्नु खलातीले सास फेर्नुजस्तै हो (श्लोक १७) भनिएको छ । आत्मतत्त्व अत्यन्त दुर्ज्ञेय भएकाले भक्तहरूलाई आफ्नो स्वरूपको चिन्तन गर्न सजिलो होस् भन्नका लागि परमात्माले विभिन्न अवतार धारण गर्नुभएको हो । परमात्माको कृपाले अनेक राक्षस र व्रजमण्डलका अबोध स्त्रीहरूले, योगीहरूले समेत पाउन नसकिने दुर्लभ पदलाई पाएका छन् । परमात्मा मनको विषय हुनुहुन्न किनभने

मनको विषय हुने बित्तिकै त्यो पदार्थ मिथ्या र दोषयुक्त हुन्छ (श्लोक ३०) । गुरुविना आफ्नै बलमा ज्ञान प्राप्त गर्न खोज्नु माझीविनाको डुङ्गामा चढेर समुद्र तर्न खोज्नुजस्तै हो (श्लोक ३३) । मनभित्र आसक्ति राखेर वैराग्य र योगको आडम्बर गर्ने कुयोगीहरू संसार र परमार्थ दुवै दृष्टिले दुःखी हुन्छन् । विषय त्यागेकाले विषयभोगको आनन्द पनि छुट्छ र आसक्ति त्याग्न नसकेकाले ब्रह्मतत्त्वको आनन्द पनि प्राप्त हुँदैन (श्लोक ३९) । वेदहरूले परमात्मालाई प्रतिपादन गर्ने प्रक्रिया भनेको निषेधशैली हो । अतन्निरसन अर्थात् ब्रह्मभन्दा भिन्न माया एवम् मायाका कार्यको निराकरण गरेर वेदहरू घुमाउरो पाराले ब्रह्मलाई बताउँछन् (श्लोक ४१) ।

**समीक्षा एवम् मूल्याङ्कन-**

श्रीधरस्वामीले भागवतको व्याख्या लेख्नुभन्दा पहिले वेदस्तुतिको प्रकरणलाई व्याख्या गर्नुभएको मानिन्छ । वेदस्तुतिको आरम्भमा गरेको मङ्गलाचरण नै भागवतको आरम्भमा पनि गर्नुजस्ता विभिन्न साक्ष्य र परम्परागत मान्यताअनुसार यो कुराको पुष्टि हुन्छ । डा. स्वामीजीले पनि श्रीमद्भागवतको व्याख्या गर्नुअघि वेदस्तुतिको प्रकरणलाई अलग व्याख्या गर्नु एउटा अनौठो संयोग हुन पुगेको छ । उहाँले व्याख्यामा हरेक श्लोकको विशेष विवरण र शास्त्रीय प्रमाणका साथ त्यसको पुष्टि गर्नुभएको छ । भगवान्ले वेदहरूसँग प्रश्न गर्नुभएको र वेदहरूले त्यसको उत्तर दिएको रोचक शैलीमा वेदस्तुतिका श्लोकहरूको व्याख्या गरिएको छ । सत्रौँ श्लोकको व्याख्यामा ज्ञानको साधनको रूपमा भक्तिको महिमा बताइएको छ भने आत्मनिरूपणको प्रसङ्गमा पञ्चकोषको वर्णन गर्नुलाई **शाखाचन्द्रदर्शनन्याय** भनी व्याख्या गरिएको छ (पृ.२०-२२) ।

दहर ब्रह्मको उपासनाको प्रसङ्गमा ब्रह्मतत्त्वको हृदयसँग सम्बन्ध भए त्यो असङ्ग रहन्छ कि रहँदैन भन्ने शङ्का उठाई

(पृ.२६) उपाधिको गुणदोषबाट त्यसको अधिष्ठानमा कुनै विकार नआउने भएकाले अन्तःकरणमा ब्रह्मको प्रतिबिम्ब परे पनि त्यसबाट ब्रह्म विकारी नहुने निर्णय गरिएको छ (पृ.२७-३१) । भगवान्ले अवतार लिनुको प्रयोजन के हो ? भन्ने सम्बन्धमा विशद चर्चा गरिएको छ (पृ.३६-४१) । असत्कार्यवाद एवं भेदवादलाई स्वीकार गर्ने नैयायिक-वैशेषिकहरूको मत र परिणामवादी साङ्ख्यहरूको सिद्धान्तलाई खण्डन गरिएको प्रसङ्गमा ती दर्शनका सिद्धान्तहरूको विवेचन गरिएको छ भने ज्ञानको सहयोगी हुने तर्कलाई स्वीकार गर्नुपर्ने बताउनुभएको छ (पृ.५१-५५) । २९औँ श्लोकमा शून्य शब्दको प्रयोग भएकोमा ब्रह्मतत्त्वलाई अत्यन्त सूक्ष्म भन्ने जनाउन शून्य भनिएको हो भनी उल्लेख गरिएको छ (पृ.७०) । औपाधिक दृष्टिले जीव र ईश्वरमा शास्यशासकभाव माने पनि त्यो तात्त्विक हैन भन्ने विवेचन गरिएको छ (पृ.७४-७६) । सत् ब्रह्मबाट उत्पन्न भएको जगत् सत् हुनुपर्ने शङ्का गरी निमित्त कारण, उपादान कारण आदिको स्वरूप विवेचन गरिएको छ (पृ.९२-९४) । वेदस्तुतिका हरेक श्लोकहरूको संक्षिप्त अर्थ प्रकट गर्न श्रीधर स्वामीले रचना गर्नुभएका पद्यहरूलाई पनि व्याख्यामा मिसाउनुले लेखकको श्रीधरी व्याख्याप्रति आदरभाव झल्किन्छ । अद्वैत वेदान्तको स्पष्ट अनुसरण गर्ने त्यो व्याख्यालाई आधारको रूपमा समातेर लेखकले नेपालीमा विवरण प्रस्तुत गर्नुभएको पाइन्छ । पछि श्रीमद्भागवतको नेपाली भावानुवाद र व्याख्या गर्ने क्रममा समेत लेखकले श्रीधरी टीकाको आधार लिई यही अद्वैत दृष्टिबिन्दुबाट व्याख्या रचना गर्नुभएको छ । वेदस्तुतिभित्र उठेका दार्शनिक विषयहरूको स्वामीजीले खुलेर व्याख्या गर्नुभएको छ ।

### ३.४.५ श्रीमद्भागवतमहापुराण पहिलो खण्ड

**संक्षिप्त विषयवस्तु**

श्रीमद्भागवतको हरेक श्लोकको पदार्थ, भावार्थ र विवरणसहितको यो व्याख्याग्रन्थ सर्वप्रथम २०६५ सालमा महेश संस्कृत गुरुकुलबाट प्रकाशित भई २०७२ नववर्षमा द्वितीय संस्करण प्रकाशित भएको देखिन्छ । सुरुमा वाक्यपुष्पोपहार भन्ने शीर्षकमा लेखकीय मन्तव्य, प्रा. दीर्घराज घिमिरेको प्रस्तावना, प्रा. शिवगोपाल रिसालको पुस्तकमाथिको संक्षिप्त मन्तव्य, माधवप्रसाद पौडेलको प्रकाशकीय र डा. गुरुप्रसाद सुवेदीको ६० पृष्ठभन्दा बढीको अनुसन्धानात्मक विशिष्ट भूमिकाले श्रीमद्भागवतको महत्त्व, नेपाली व्याख्याको सन्दर्भ, त्यसको आवश्यकता र लेखकीय दृष्टिकेन्द्रबारे स्पष्ट पारेको छ । A4 आकारका ७ वटा ठूला ठूला ठेलीका रूपमा प्रकाशित पुस्तकहरूमध्ये यस प्रथम खण्डमा **पद्मपुराणा**न्तर्गतको माहात्म्य र श्रीमद्भागवत प्रथमस्कन्धदेखि तृतीयस्कन्धको १९ औँ अध्यायसम्मको अंश समावेश गरिएको छ । प्रथमस्कन्धमा सूत-शौनक, व्यास-नारद र परीक्षित्-शुकदेवका तीन जोडीहरूले भागवतश्रवण गरेका छन् । सुबोधिनी-व्याख्याकार वल्लभाचार्यका अनुसार यी तीन जोडीहरूमध्ये सत्सङ्गप्रतिको पूर्ण समर्पण र गुरुभक्तिका कारण परीक्षित्-शुकदेवको जोडी सर्वश्रेष्ठ छ । परीक्षित्को भक्ति कुलपरम्परादेखि नै उनलाई प्राप्त भएको धरोहर हो । यही देखाउन यसमा कुन्ती, द्रौपदी, उत्तरा आदिका विभिन्न कथावर्णनहरू आएका छन् । भीष्मले मृत्युशय्याबाट गरेको स्तुति अत्यन्त मनोहारी छ भने कुन्तीले भगवान् श्रीकृष्णसँग दुःखको वरदान मागेको प्रसङ्ग वरदानकै परम्परामा एउटा अनौठो भावको रूपमा देखापरेको छ । अन्तमा प्रारब्धवश राजा परीक्षित्ले शमिक ऋषिको घाँटीमा मरेको सर्प हालिदिएपछि घटनाले अर्को मोड

लिन्छ । साना भए पनि तेजस्वी ऋषिपुत्र शृङ्गीले कोशी नदीको जल हातमा लिएर ७ दिनपछि परीक्षित्लाई तक्षकले डस्ने शाप दिन्छन् र यो थाहा पाएपछि राज्य छोडी गङ्गाका किनारमा आएका परीक्षित्सँग अचानक भागवतभूषण श्रीशुकदेवको भेट हुन्छ । यसरी प्रथमस्कन्धले मृत्युको भयबाट आत्तिएका राजालाई अमर तत्त्वज्ञानका स्रोत शुकदेवसँग भेट गराई सुखान्त बिदाइ लिन्छ ।

द्वितीयस्कन्ध गायत्रीको वरेण्य-शब्द र त्यसको विराट् अर्थको झल्को दिँदै सुरु हुन्छ । शुकदेवले विभिन्न कामना भएका व्यक्तिहरूले विभिन्न देवताहरूको उपासना गर्नुपर्ने बताउँदै केही नचाहने या सर्वश्रेष्ठ मोक्षफल चाहने व्यक्तिहरूले तीव्र भक्तियोगद्वारा वासुदेव परमात्माको भक्ति गर्नुपर्ने बताउनुभएको छ । त्यसपछि शुकदेवको भावपूर्ण श्रीकृष्णवन्दना, भगवान्का विभिन्न विभूति र अवतारहरूको संक्षिप्त प्रसङ्ग, चतुःश्लोकी भागवतको प्रसङ्ग र भागवतका दश लक्षणहरूको प्रतिपादन गरेर द्वितीयस्कन्ध सम्पूर्ण हुन्छ ।

तृतीयस्कन्धलाई शुकदेवको नामकरणअनुसार सर्गस्कन्ध भनिन्छ । श्रीमद्भगवद्गीताका अनुसार सर्ग दुई थरी छ- दैव र आसुर (गी.१६/६) । तृतीयस्कन्धमा हिरण्यकशिपु र हिरण्याक्षको उत्पत्ति एवम् वराह भगवान्द्वारा हिरण्याक्षको वध भएको कथा आसुर सर्गको वर्णन हो । त्यसभन्दा अघि विदुर र उद्धवको मिलन, उद्धवको आदेशअनुसार विदुरले मैत्रेयसँग भगवत्तत्त्वसम्बन्धी जिज्ञासा गरेको प्रसङ्गका साथै सृष्टिको विस्तार एवम् मन्वन्तर र कालविभाजनका प्रसङ्गहरू आएका छन् । अन्तमा हिरण्याक्षको वध गरेर यो पहिलो खण्ड सम्पूर्ण भएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

डा. स्वामीजीले श्रीमद्भागवतको मङ्गलाचरणका तीन श्लोकहरूको विशेष व्याख्या गर्नुभएको छ । श्रीमद्भागवतको

आरम्भ गायत्रीद्वारा भएको हो भन्ने पौराणिक प्रमाणलाई पुष्टि गर्दै मङ्गलाचरणको श्लोकका विभिन्न पदहरूको गायत्रीमन्त्रका पदहरूसँग सम्बन्ध रहेको देखाउनुभएको छ (पृ.२१२) । तत्त्वज्ञान, हृदयग्रन्थि, आत्माको निराकारता, दृश्यत्व, माया, अन्तःकरण, नैष्कर्म्य, आत्मा-अनात्माजस्ता वेदान्तका पारिभाषिक प्रसङ्गहरू आएको ठाउँमा स्वामीजीले विशेष दार्शनिक व्याख्या गर्नुभएको छ। **भीष्मस्तुति**को भावपूर्ण सारसंक्षेप पनि प्रस्तुत गरिएको छ (पृ.३२९-३३०) । द्वितीयस्कन्धमा शुकदेवले उपदेश प्रारम्भ गरेको प्रसङ्गमा भगवान् विष्णुलाई सम्झिनु र उहाँलाई कहिल्यै नबिर्सिनु यी दुई भनाइ नै वेदका सबै विधि-निषेधवाक्यको निचोड हो भन्नुभएको छ। चतुःश्लोकी भागवतका श्लोकहरूको पनि वेदान्तशास्त्रीय विभिन्न तर्क र प्रमाणहरूका आधारमा व्याख्या गरिएको छ (पृ.५५८-५५९) । सर्ग, विसर्ग आदि भागवतका दश लक्षणहरूको व्युत्पत्ति र व्याख्या राम्ररी प्रस्तुत गरिएको छ। हिरण्याक्षवध भएको प्रसङ्गमा त्यस कथाको आध्यात्मिक तात्पर्य उल्लेख गरिएको छ (पृ.८००-८०१) । हिरण्यमा नै सधैँ आँखा गाड्ने लोभी प्रवृत्ति नै हिरण्याक्ष दैत्यको आध्यात्मिक स्वरूप हो। सन्तोष र त्यागजस्ता सद्वृत्तिहरू मनमा पलाएको दिन नै वर अह अर्थात् श्रेष्ठ दिन हो। यज्ञमा देवपूजा, सत्सङ्ग र दान हुने भएकाले यज्ञस्वरूप वराह भगवान्को जागरणद्वारा हिरण्याक्षको संहार हुन्छ भन्ने लेखकको भनाइ देखिन्छ । यस प्रथम खण्डमा अत्यन्त आवश्यक केही चुनिएका ठाउँहरूमा मात्र लेखकले विवरण गर्नुभएको छ। श्रीमद्भागवतको कथाप्रसङ्ग अघि बढ्दै गएपछि गहिरा कथाहरूको बीचमा नै गहिरा आध्यात्मिक रहस्यको व्याख्या गर्ने लोभले होला प्रथम खण्डमा लेखकको लेखनी विवरणलेखनमा त्यत्ति खुलेको छैन। श्रीमद्भागवतको हरेक श्लोकको श्रीधरी-टीकाअनुसार प्रामाणिक अर्थ गरिएको यस्तो ग्रन्थ

नेपाली भाषामा मात्र नभई हिन्दी भाषामा पनि दुर्लभ देखिन्छ। यस्तो गह्रुङ्गो भारी उठाउने प्रयासले लेखकलाई दार्शनिक लेखनपरम्पराको एउटा दिग्गजको रूपमा स्थापित गरिदिएको छ। यसका साथै नेपाली भाषासाहित्यको भण्डारमा दर्शनका गहन पक्षलाई प्रतिपादन गर्न सक्ने क्षमता छ भन्ने प्रमाण दिन पनि एउटा गहकिलो दार्शनिक ग्रन्थको सौगातले सम्पन्न बनेको छ।

### ३.४.६ श्रीमद्भागवतमहापुराण दोस्रो खण्ड

**संक्षिप्त विषयवस्तु**

यस खण्डमा तृतीयस्कन्धको बीसौँ अध्यायदेखि पञ्चमस्कन्धको छैठौँ अध्यायसम्मका श्लोकहरूको नेपालीमा अनुवाद र व्याख्या-विश्लेषण प्रस्तुत गरिएको छ। तृतीयस्कन्धको यो बाँकी अंशमा कर्दम र देवहूतिका पुत्रको रूपमा कपिलदेवको जन्म र उहाँले आफ्नी माता देवहूतिलाई गर्नुभएको उपदेशको वर्णन छ। चतुर्थस्कन्ध विसर्गस्कन्ध हो। यसमा मनुष्यजीवनका चार पुरुषार्थ- धर्म, अर्थ, काम र मोक्ष कसरी पाउनुपर्छ ? भन्ने रहस्य बताइएको छ। पहिलो सात अध्यायमा दक्षको प्रसङ्गबाट श्रद्धारहित भई कुनै लौकिक प्रयोजनलाई सिद्ध गर्न अनुष्ठान गरिने धर्म सफल नहुने बताइएको छ। ध्रुवचरित्रको माध्यमले संसारको सम्बन्धबाट नभई भगवत्सम्बन्धबाट प्राप्त भएको वस्तु नै चिरस्थायी र सुखकारक हुन्छ भन्ने देखाइएको छ। पृथुको कथाप्रसङ्गबाट धर्मप्रति विवाद नहुने गरी काम अर्थात् विषयभोग गर्ने कुराको वर्णन छ भने प्राचीनबर्हि, पुरञ्जनोपाख्यानजस्ता प्रसङ्गमा मोक्षतत्त्वको उपदेश गरिएको छ। पञ्चमस्कन्धको आरम्भमा प्रियव्रत, आग्नीध्रजस्ता राजाहरूको चरित्र बताइएको छ र ऋषभदेवको चरित्रवर्णन गरी यो खण्ड सम्पूर्ण भएको छ।

**समीक्षा एवम् मूल्याङ्कन-**

स्वामीजीले कपिलले देवहूतिलाई उपदेश गरेका आध्यात्मिक योग, चित्त, भक्तिको स्वरूप, सत्सङ्गको महत्त्व, प्रकृति र पुरुषको स्वरूप, सृष्टिप्रक्रियाजस्ता विषयहरूको विशेष व्याख्या गर्नुभएको छ । भक्तिलाई साध्यभक्ति र साधनभक्तिको रूपमा विभाजन गर्दै एकादशस्कन्धको प्रमाण उपस्थित गरेर कपिलले देवहूतिलाई साध्यभक्तिको स्वरूप बताउनुभएको भनी निर्क्योल गरिएको छ (पृष्ठ ९५) । देवहूतिले कपिलदेवलाई गुरुभावले स्वीकार गरी शरण परेको र अन्तमा ज्ञान प्राप्त गरी कृतकृत्य बनेको प्रसङ्गको पनि राम्रो व्याख्या छ । अन्तमा षड्दर्शनमध्ये अनीश्वरवादी दर्शनको रूपमा प्रसिद्ध भएको साङ्ख्यदर्शन र भागवतमा कपिलदेवले देवहूतिलाई उपदेश गर्नुभएको साङ्ख्यसिद्धान्तको तुलना गरिएको छ । लेखकले विभिन्न अन्तःसाक्ष्यका आधारमा ईश्वरको खण्डन गर्ने साङ्ख्यसूत्र कपिलप्रणीत नभएको, **तत्त्वसमास** नामको आधा-अधुरो उपलब्ध ग्रन्थ नै कपिलसूत्र भएको र श्रीमद्भागवतमा बताइएको साङ्ख्यसिद्धान्तअनुसार कपिलदेव ईश्वरवादी नै भएको पुष्टि गर्नुभएको छ (पृष्ठ २०८-२१०) । लेखकको यो विचारले धेरै पुरानो दार्शनिक बहसमाथि एउटा दृष्टिकोण प्रदान गरेको छ । चतुर्थस्कन्धको आरम्भमा ब्रह्मा, विष्णु र शिव यी त्रिदेवहरू वास्तवमा एउटै तत्त्व हुन् भन्ने कुरालाई विशेष व्याख्या र पुष्टि गरिएको छ (पृष्ठ २१९-२२१) । दक्षले गरेका शिवनिन्दाका सबै श्लोकहरूलाई शिवस्तुतिको तात्पर्यमा अर्थ्याउने लेखकको प्रयासले उहाँको शिवभक्ति र विद्वत्ताको दृष्टान्त प्रस्तुत गरेको छ (पृष्ठ २३६-२३७) । दक्षलाई बचाइदिनका लागि ब्रह्माजीले गरेको शिवस्तुतिको प्रसङ्गमा शिवतत्त्व र उहाँको अबोध चरित्रको विशेष विवरण गरिएको छ (पृष्ठ ३०५) भने प्रसङ्गको अन्तमा दक्षप्रजापतिको

कथाको माध्यमले सृष्टियज्ञको रहस्यलाई बताएको व्याख्या गरिएको छ । सृष्टियज्ञको संरक्षण र विस्तारका लागि नयाँ उत्पादन र पुरानाको विसर्जन दुवै आवश्यक हुने भएकाले संहारकशक्ति पनि सृष्टियज्ञको अविभाज्य अङ्ग हो भन्ने दार्शनिक निष्कर्षका साथ दक्षचरित्रको विवरण पूर्ण भएको देखिन्छ (पृष्ठ ३०८-३०९) ।

ध्रुवस्तुतिका श्लोकहरूलाई पनि लेखकले विशेष व्याख्या गर्नुभएको छ । सनत्कुमारले राजा पृथुलाई उपदेश गर्नुभएको ब्रह्मप्राप्तिको साधन, द्वैतप्रतीतिको कारण, अद्वितीय परमात्मतत्त्वजस्ता प्रसङ्गको पनि राम्ररी विवरण गरिएको छ । नारदजीले प्राचीनबर्हिलाई उपदेश गरेको पुरञ्जनोपाख्यानको रहस्य पनि लेखकले विस्तृत रूपमा प्रस्तुत गर्नुभएको छ (पृष्ठ ६२२-६२४) । अन्तमा ऋभषदेवले आफ्ना छोराहरूलाई ब्रह्मावर्तमा गरेको उपदेश प्रसङ्गको विवरण पनि गरिएको छ । यसरी भक्ति, ज्ञान र वैराग्यजस्ता आध्यात्मिक विषयहरूमा दार्शनिक विवेचन र निरीश्वर-सेश्वर साङ्ख्यसिद्धान्तको तुलनात्मक विश्लेषणजस्ता विविध प्राज्ञिक विषयवस्तुका साथ यो ग्रन्थ जिज्ञासु र अनुसन्धाता सबैका लागि समान रूपमा उपयोगी बनेको छ ।

### ३.४.७ श्रीमद्भागवतमहापुराण तेस्रो खण्ड

#### संक्षिप्त विषयवस्तु

यस खण्डमा पञ्चमस्कन्धको सातौँ अध्यायदेखि सप्तमस्कन्धको समाप्तिसम्मको भागलाई पद, पदार्थ र विवरणको रूपमा व्याख्या गरिएको छ । पञ्चमस्कन्ध स्थितिस्कन्ध हो । अद्वितीय परमात्मा नै अनन्त विश्वब्रह्माण्डको विस्तारमा फैलिनुभएको हो भन्ने बताई परमात्माको सर्वव्यापकताको निरूपण गर्नु यो स्कन्धको आशय हो । जम्बू-प्लक्ष आदि सात द्वीप, हरिवर्ष-किंपुरुष आदि नव वर्ष,

अन्तरिक्षलोक र स्वर्ग-नरकजस्ता दिव्यलोकहरूको पनि यहाँ वर्णन छ। षष्ठस्कन्धमा अजामिल उपाख्यान, विश्वरूप उपाख्यान, वृत्रासुरको चरित्र, उसको पूर्वजन्मको कथा र मरुत्‌हरूको उत्पत्तिजस्ता विविध प्रसङ्गहरू रहेका छन् । सप्तमस्कन्ध भक्तराज प्रह्लादको अविचल भक्तिनिष्ठालाई व्याख्या गर्ने प्रकरण हो। यी सबै प्रसङ्गहरूको एक-एक पदको अर्थ र प्रवाहमय भाषामा तिनको संक्षिप्त भावार्थ पनि राम्ररी प्रस्तुत गरिएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

राजा भरतले राज्य छाडी गण्डकीमा तपस्या गरेको प्रसङ्गमा लेखकले गण्डकीको महिमागान गर्नुभएको छ (पृष्ठ ११) । राजा भरत मृगमा आसक्त भएको प्रसङ्गमा त्यसको राम्ररी स्पष्टीकरण दिइएको छ (पृष्ठ २५-२६) । रहूगणलाई परम ज्ञानी जडभरतले उपदेश गर्नुभएको ब्रह्मविद्याको विवरण आकर्षक र मनोहारी छ (पृष्ठ ५३-५४)। भवाटवीवर्णनको रूपकलाई पनि आध्यात्मिक तात्पर्यमा राम्ररी अर्थ्याइएको छ (पृष्ठ ८७-८८) । अजामिल उपाख्यानको प्रसङ्गमा भगवन्नामको महिमाको सम्बन्धमा लेखकले विशेष विवेचन गर्नुभएको छ (पृष्ठ २४९-२५१) । विश्वरूपले इन्द्रलाई नारायणकवचको उपदेश गरेको प्रसङ्गमा त्यहाँ सङ्केत गरिएको बत्तीस प्रकारको सेवापराधको व्याख्या गरिएको प्रसङ्ग मननीय छ (पृष्ठ ३२४) । दधीचि ऋषिले अश्विनीकुमारलाई उपदेश गर्नुभएको अश्वशिरा नामको ब्रह्मविद्या (पृष्ठ ३५३), वृत्रको वीरतामिश्रित भगवद्भक्ति (३७४) जस्ता प्रसङ्गमा पनि लेखकको विवरणशैली खुलेको छ । चित्रकेतु राजाका रानीहरूको विश्वासघाती व्यवहारको आधारमा उहाँले मानवीय मनका कमजोरीहरूको मनोवैज्ञानिक विश्लेषण प्रस्तुत गर्नुभएको छ भने जीवरूपी चित्रकेतुका मनोवृत्तिरूपी लाखौँ रानीहरू हुने तर उसलाई संसारको दुःखबाट निकाल्न

नारदरूपी सद्गुरु नै चाहिने आध्यात्मिक अर्थ पनि प्रतिपादन गरिएको छ (पृष्ठ ४०४-४०५)।

प्रह्लादचरित्र लेखकको आदर्श चरित्र हो। अतः प्रह्लादले उपदेश गरेका नवधा भक्तिको व्याख्या गर्ने सन्दर्भमा उहाँको लेखनी राम्ररी खुलेको छ (पृष्ठ ५५०-५५२)। आफ्ना असुर साथीहरूलाई प्रह्लादले सिकाएको ज्ञान, हिरण्यकशिपुलाई दिइएको शिक्षा र प्रह्लादले गरेको भावपूर्ण नृसिंहस्तुतिको व्याख्या र विवरणमा लेखक तन्मय हुनुभएको देखिन्छ । विवेकरूपी नृसिंहले मोहरूपी खम्बा फोरेर प्रकट भएपछि भोगवृत्तिरूपी हिरण्यकशिपु छिया-छिया हुन्छ भनी गरिएको आध्यात्मिक विवेचन प्रतीकात्मक युक्तिपूर्ण छ (पृष्ठ ६४७)। अन्तिमका पाँच अध्यायमा वर्णधर्म र आश्रमधर्मको वर्णन गरिएको प्रसङ्गमा पनि ठाउँ-ठाउँमा विश्लेषण गरिएको देखिन्छ । यसप्रकार यस खण्डमा विभिन्न विषयवस्तुहरूमाथि विश्लेषणात्मक लेखकीय दृष्टिकोण अघिल्ला दुई खण्डमा भन्दा बढी मात्रामा अभिव्यक्त भएको पाइन्छ। स्वामीज्यूको विश्लेषणशैली भागवतभित्र प्रवेश गर्दै जाँदा झन्-झन् खुल्दै र भावमय बन्दै गएको अनुभव हुन्छ। आध्यात्मिक दार्शनिक पाठकहरूका लागि ग्रन्थ बेजोड नै छ।

### ३.४.८ श्रीमद्भागवतमहापुराण चौथो खण्ड

#### संक्षिप्त विषयवस्तु

यस ग्रन्थमा श्रीमद्भागवतको अष्टमस्कन्ध, नवमस्कन्ध र दशमस्कन्धको कृष्णजन्मसम्मका प्रसङ्गहरूको नेपाली अनुवाद, व्याख्या र विश्लेषण गरिएको छ । अष्टमस्कन्ध मन्वन्तरस्कन्ध हो । विभिन्न मन्वन्तरहरूको चर्चा गर्ने क्रममा गजेन्द्रोपाख्यान, समुद्रमन्थन र मोहिनी अवतारको प्रसङ्ग, वामन अवतारको कथा एवम् मत्स्यावतार चरित्रको वर्णन छ। नवमस्कन्धमा सूर्यवंश र चन्द्रवंशका

विभिन्न भगवद्भक्त राजाहरूको चरित्रवर्णन छ । अम्बरीषको कथा, हरिश्चन्द्रको सत्यनिष्ठा, भगीरथको तपस्या, श्रीरामको चरित्र र अन्य इक्ष्वाकुवंशी राजाहरूको वर्णन गरेर सूर्यवंशको वंशावली सकिएको छ । त्यस्तै चन्द्रवंशको वर्णनमा जमदग्नि, परशुराम, पुरुरवा, ययाति, रन्तिदेव र यदुवंशको वर्णन गरिएको छ । दशमस्कन्धको पहिलो र दोस्रो अध्यायमा कृष्णावतारको उपक्रम भएको छ भने तेस्रो अध्यायमा श्रीकृष्णको अवतार गराएर ग्रन्थले पूर्णता लिएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

स्वामीजीले संसाररूपी त्रिकूट पर्वतमा गजेन्द्ररूपी जीवात्मा गोहीरूपी मृत्यको मुखमा दिनदिनै फँसिरहेको र जन्म-मृत्युको यो फन्दाबाट उसलाई परमात्माले मात्रै जोगाउन सक्ने भनी गजेन्द्रोपाख्यानको आध्यात्मिक आशय व्यक्त गर्नुभएको छ । गजेन्द्रले गरेको स्तुतिमा वेदान्तदर्शनका गहिरा रहस्यहरू भरिएका छन्, जसलाई स्वामीजीले पुस्तकका पृष्ठभरि नेपाली भाषामा प्रस्तुत गरिदिनुभएको छ । समुद्रबाट निस्किएका रत्नहरूलाई लिन तँछाड-मछाड गरेका देवताहरूले कालकूट विष प्रकट भएपछि भने संसारको सुधबुध नभएका आत्माराम शिवको शरणमा जानुपर्ने अवस्था आउँछ । यिनीहरूले गरेको स्तुति र शिवको दयामयताको वर्णन व्याख्याताले खुलेर गर्नुभएको छ (पृष्ठ ८३-८६) । नवौँ अध्यायको अन्तमा स्वामीजीले शरीररूपी क्षीरसमुद्रमा शुभवासना र अशुभवासनाको बीचमा निरन्तर चलिरहने द्वन्द्व नै समुद्रमन्थन हो र यसको परिणामस्वरूप ज्ञानरूपी अमृत निस्कन्छ भनी प्रस्तुत उपाख्यानको आध्यात्मिक रहस्य प्रकट गर्नुभएको छ (पृष्ठ १११) । त्यस्तै देवासुरसङ्ग्रामको पनि दार्शनिक रहस्य राम्ररी व्याख्या गरिएको छ (पृष्ठ १३९) । बाह्रौँ अध्यायको अन्तमा कामजयी भगवान् शिव मोहिनीस्वरूपमा आसक्त भएझैँ देखिनुको रहस्य र त्यसबाट लिनुपर्ने

शिक्षाको वर्णन छ (पृष्ठ १५४) । मनमाथि कहिल्यै विश्वास गर्नुहुँदैन भनी जीवहरूलाई शिक्षा दिनका लागि त्यो लीला गरिएको हो भन्ने लेखकको भनाइ शिवको वैराग्यपूर्ण स्वभावको मर्यादा जोगाउने दृष्टिले पनि उचित लाग्दछ ।

बलि र वामनको कथाप्रसङ्गमा एउटा यस्तो भक्तको चरित्र प्रकट भएको छ, जसले भगवान्सँग केही नमागी उल्टै भगवान्लाई तीनै लोकको राज्य दान गरेको छ । सामान्य मानिसहरूलाई वामनले राज्यहरण गर्नुभएको र त्यसबाट बलिमाथि ठूलो अन्याय भएजस्तो लाग्छ । भागवतका श्लोकहरूको आधारमा स्वामीजीले बलिको उदार चरित्रलाई प्रकट गर्ने उद्देश्यले नै उनीमाथि कठोर व्यवहार भएको सिद्ध गरिदिनुभएको छ (पृष्ठ २४५-२४६) । बलिले गरेको भक्ति कुनै दीनहीन भक्तले प्रार्थना गरेजस्तो होइन । त्रिलोकजयी वीर बलि शत्रुका रूपमा आउनुभएका भगवान्लाई तिमी मेरा शत्रुपक्षका हौ भनेर सम्बोधन गर्दै विनाहिचकिचाहट सर्वस्व दान गर्ने आत्मगौरवले भरिएका छन् । बलिको यो विशेषता व्याख्याताको नजरबाट ओझेल परेको छैन (पृष्ठ २५२) । अम्बरीषको भक्ति र एकादशीव्रतको निष्ठा, हरिश्चन्द्रको सत्यनिष्ठा, जति भोग गरेपनि वासना शान्त नहुने ययातिको अनुभव र रन्तिदेवको महान् करुणाजस्ता सबै विषयहरूलाई स्वामीज्यूको व्याख्याले छोएको छ । श्रीकृष्ण गर्भमा हुँदा देवताहरूले गरेको गर्भस्तुति, देवकी र वसुदेवको स्तुतिजस्ता सन्दर्भहरूलाई पनि विवेचना गर्दै प्रसन्न भइरहेकी प्रकृतिदेवीको काखमा भाद्रकृष्ण अष्टमीको रात श्रीकृष्णको प्रादुर्भाव गराएर व्याख्याताले विट मार्नुभएको छ । भाषाशैली सहज, सरल र विषयवस्तु अत्यन्त गम्भीर रहने स्वामीज्यूको दार्शनिक लेखनशैली यहाँसम्म आइपुग्दा पर्याप्त विकसित र प्रवाहमय बनेको छ ।

### ३.४.९ श्रीमद्भागवतमहापुराण पाँचौं खण्ड

#### संक्षिप्त विषयवस्तु

यो ग्रन्थमा दशमस्कन्धका चार अध्यायदेखि चौवन्न अध्यायसम्मको कृष्णलीलाको व्याख्या-विश्लेषण गरिएको छ । भगवान् श्रीकृष्णको गोकुलगमन, पूतना, शकटासुर, तृणावर्तजस्ता दैत्यहरूको उद्धार, दही चोर्ने, घैँटो फुटाउनेजस्ता बाललीला, उलूखलबन्धन, वृन्दावनप्रस्थान, अघासुर, धेनुकासुरजस्ता दैत्यहरूको वध, कालिय नागको दमन र प्रलम्भासुरको वध भएको प्रसङ्गपछि कथानकले विरहव्याकुल गोपिनीहरूतर्फ आफूलाई मोडेको छ । गोपिनीहरूमा कृष्णप्रेमको पहिलो अङ्कुर हामीले वेणुगीतमा भेट्दछौँ । निष्काम प्रेमीहरूसँग प्रेमरसको आस्वाद गर्न पाएपछि श्रीकृष्ण पनि असुरहरूलाई संहार गर्ने कामलाई केही समयका लागि थाती राख्दै त्यही प्रेमरसमा घुल्नुभएको छ । चीरहरण, यज्ञपत्नीहरूमाथि अनुग्रह, गोवर्धनलीला र इन्द्रको अभिमाननाशजस्ता चरित्रहरूद्वारा रासलीलाको भूमिका निर्माण गर्दै शरत्पूर्णिमाको त्यो दिव्य रातमा कामबीजको स्वरलहरी फिँजाउने वंशीको आकर्षणबाट सबै प्रेमी गोपकन्याहरूलाई तानी महारासको मैदानमा प्रेमरसको घनघोर वर्षा गरिदिनुभएको छ । महारास र युगलगीतको प्रणयकथा सकिन भ्याउँदा-नभ्याउँदै फेरि असुरहरूको पालो आउँछ । अरिष्टासुर, व्योमासुरजस्ता असुरहरूको वध गरेर अक्रूरसँग श्रीकृष्ण र बलराम मथुरा पुग्नुहुन्छ र राज्यको सम्पूर्ण जनमानसलाई आफूतर्फ खिच्दै अन्तमा कंसको उद्धार गरिदिनुहुन्छ । यता श्रीकृष्ण व्रतबन्ध गरी गुरुकुलमा वेदाध्ययन र त्यसपछिका अन्य राजपाटका कर्महरूमा भुल्नुहुन्छ भने उता व्रजमण्डलमा उद्धवको अघि विरहिणी गोपिनीहरूको महाभावको स्थिति भ्रमरगीतको माध्यमले प्रकट हुन्छ । साक्षात् बृहस्पतिका शिष्य उद्धवलाई म

गोपीहरूको चरणको धूलो बन्नसमेत तयार छु भन्ने भावमा पुऱ्याउने गोपीहरूको त्यो महाभाव प्रेमको सर्वोच्च स्थितिका रूपमा अनन्त कालसम्म उदाहरणीय बनेको छ । उत्तरार्धमा द्वारिकापुरी निर्माण गरी श्रीकृष्णले रुक्मिणीसँग पाणिग्रहण गर्नुभएको प्रसङ्गको उल्लेख गर्दै यो खण्ड सम्पूर्ण हुन्छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

भक्तहरू श्रीमद्भागवतलाई भगवान्को शब्दमयी मूर्तिको रूपमा कल्पना गर्दै दशमस्कन्धलाई त्यसको हृदय भन्छन् । रासपञ्चाध्यायी हृदयभित्र रहने पाँच प्राण हो भन्ने उनीहरूको ठम्याइ छ । श्रीमद्भागवतलाई नेपालीमा व्याख्या गर्ने स्वामीजीले पनि दशमस्कन्धका यी दिव्य लीलाहरूमा आफ्नो सम्पूर्ण हृदय घोप्ट्याइदिनुभएको देखिन्छ। जगत्को मिथ्यात्व, अन्तःकरणवृत्तिको स्वरूप र प्रयोजनजस्ता कठोर दार्शनिक विषयहरूमा दिमाग खियाउने लेखकले आफ्नो त्यो बौद्धिक पक्षलाई टाढा राखी भक्तिको सिद्धान्तलाई पूर्ण अङ्गीकार गरेको पाइन्छ । पुष्टिमार्गका प्रतिष्ठाता वल्लभाचार्यका टीका र उद्धरणहरूलाई उद्धृत गर्दै विरहावस्थामा प्रेमको सर्वोच्च स्वरूप प्रकट हुने उहाँको अभिमतसँग लेखक पूर्णतः सहमत हुनुभएको छ । वल्लभाचार्यको **सुबोधिनी** टीकासँगसँगै प्रभुचरणद्वारा विरचित **श्रीटिप्पणी**, वंशीधरद्वारा विरचित **वंशीधरी (भावार्थदीपिकाप्रकाश)**, जीवगोस्वामीकृत व्याख्या, सनातनगोस्वामीद्वारा विरचित **बृहद्वैष्णवतोषिणी** टीका, आचार्य विश्वनाथद्वारा विरचित **सारार्थदर्शिनी** टीकाजस्ता विभिन्न वैष्णवाचार्यका व्याख्याहरूको प्रशस्त उल्लेख भएको छ । वल्लभाचार्यको व्याख्यालाई अनुसरण गर्दै पाँचौँ अध्यायको व्रजलीलादेखि एकासीऔँ अध्यायमा कुरुक्षेत्रमा गोपिनीहरूसँग श्रीकृष्णको पुनर्मिलन भएसम्मका लीलाप्रसङ्गहरूलाई सात्त्विक,

राजस र तामस निरोधलीला भनी व्याख्या गर्नुभएको छ । निरोध भनेको मन पूर्णतया परमात्मामा अडिनु या विलीन हुनु हो । भक्तिशास्त्रअनुसार संसारका कर्तव्य, अकर्तव्य, कुल, शील आदि सबै कुरा बिर्सिई परमात्मामा पूर्ण प्रेम हुनुलाई तामस निरोध भनिएको छ । भक्तिको यो सर्वश्रेष्ठ स्थितिको प्रकाश रासलीलाको प्रसङ्गसम्म देखिएको उल्लेख गर्दै लेखकले यस सन्दर्भमा भक्तिशास्त्रको मतलाई पूर्णतया अङ्गीकार गर्नुभएको देखिन्छ (पृष्ठ ३३-३४) ।

पूतनाले काखमा लिन थाल्दा श्रीकृष्णले आँखा चिम्लिनुभएको प्रसङ्गमा विभिन्न कवि, टीकाकार र भक्तहरूका विभिन्न उत्प्रेक्षा र कल्पनाहरूको उल्लेखले प्रसङ्ग रोचक बनेको छ (पृष्ठ ३७-३८) । पूतना, तृणावर्त, शकटासुरजस्ता दैत्यहरूको संहार भएको प्रसङ्गमा पूतनालाई अविद्या, शकटासुरलाई जडता र तृणावर्तलाई मोहको आध्यात्मिक तात्पर्यमा अर्थ्याउँदा भक्तिसँगसँगै वेदान्तशास्त्रीय दृष्टिकोण पनि व्यक्त भएको छ । भगवान्ले हिँड्न सक्ने भएपछि व्रजमण्डलभरि दही, मखन चोर्न थाल्नुभएको मधुर बाललीलाको विशिष्ट व्याख्यासँगै माटो खाएको प्रसङ्गमा परमात्मतत्त्व भोक्ता हो या होइन भन्ने विषयको शास्त्रार्थले (पृष्ठ ८१-८२) व्याख्याका पृष्ठहरू सिँगारिएका छन् । नलकूबर र मणिग्रीवले स्तुति गरेको प्रसङ्गमा जीव, जगत् र ईश्वर यी तीन तत्त्वहरूको रामानुज, निम्बार्क, वल्लभाचार्य र अद्वैत वेदान्तको दृष्टिकोणसमेत उल्लेख गरी तुलनात्मक व्याख्या गरिएको प्रसङ्गले (पृष्ठ १०७-१०९) तुलनात्मक दर्शनका अध्येताहरूलाई खुराक दिएका छन् । दम्भरूपी वकासुर र पापरूपी अघासुरको एवम् जन्मजात स्वाभाविक दोषरूपी वत्सासुरजस्ता दैत्यहरूको भगवान्ले उद्धार गर्नुभएको उल्लेख भएको छ । भागवतको व्याख्यामा ठाउँ-ठाउँमा वल्लभाचार्यको मतलाई स्वीकार गर्ने व्याख्याताले अघासुर वधको प्रसङ्गमा भने

त्यसप्रति आफ्नो स्पष्ट असहमति जनाउनुभएको छ । वल्लभाचार्य र अन्य केही द्वैतवादी भक्तिपरम्परामा श्रीकृष्णले गाई, गोठाला, बाच्छा, घण्टी र दाम्लाजस्ता सारा वस्तुका रूपमा आफैँ बनी सर्वात्मभाव व्यक्त गर्नुभएको यो लीलाप्रसङ्गलाई असङ्गत र प्रक्षिप्त मानिएको छ । गोपीहरूले गोपीगीतको बीचमा व्यालराक्षसात् भनी तोकेर अजिङ्गररूपी असुरको उल्लेख गरेको अन्तःसाक्ष्य भेटिएकाले यसलाई प्रक्षिप्त भन्न मिल्दैन भन्ने स्वामीजीको प्रबल तर्कबाट भक्तिदर्शनका टीकाकारहरूको स्थापित मान्यतालाई स्पष्ट चुनौती मिलेको छ (पृष्ठ १३२-१३३) ।

ब्रह्मस्तुतिका हरेकजसो श्लोकमा वेदान्तको व्याख्या गरिएको छ भने वेणु शब्दको व्याख्या गर्दै ब्रह्मानन्द र विषयानन्दभन्दा पनि ठूलो प्रेमानन्द प्रदान गर्ने साधनको रूपमा त्यसलाई अर्थ्याइएको छ (पृष्ठ १९८) । कालियदमनको प्रसङ्गमा विषयरूपी विषले भरिएका इन्द्रियहरूको दमन गर्नुपर्ने आध्यात्मिक रहस्य उद्घाटन गरिएको छ भने वृन्दावनमा डडेलो लाग्नु भनेको वैराग्यको आगोले साधकको जीवन पूरा जली ज्ञानरूपी कृष्णतत्त्व प्रकट हुन सक्ने गरी शुद्ध हुनु हो भनिएको छ (पृष्ठ २४६-२४७) । जीवलाई परमात्मामा मिल्न नदिने सङ्कोच, तुच्छताको भावजस्ता पर्दाहरूलाई हटाइदिनुलाई नै चीरहरणको रहस्यको रूपमा लेखकले अर्थ्याउनुभएको छ (पृष्ठ २९८) । याज्ञिक ब्राह्मण र देवराज इन्द्रको अभिमानलाई नाश गर्दै श्रीकृष्णले गोवर्धन धारण गर्नुको अर्थ भक्तहरूका इन्द्रिय र मनलाई पुष्ट गर्नु हो भनिएको छ (पृष्ठ ३३९-३४०) । रासलीलाको प्रसङ्ग प्रारम्भ भएपछि स्वामीजीको लेखनी रससिद्धान्तको दार्शनिक व्याख्या र भावुक उत्प्रेक्षामा छताछुल्ल पोखिएको छ (पृष्ठ ३६६-३६८) । रासमण्डलको चन्द्रमा, वंशीको धुनजस्ता लीलाका सबै आलम्बनहरूको अलौकिक दृष्टिले व्याख्या गरिएको छ । श्रीकृष्ण

र गोपिनीहरूको प्रणयसंवाद, कृष्णवियोगको क्षणमा तीव्र प्रेमका कारण उनीहरूमा जागेको कृष्णभावको उल्लेख गर्दै गोपीगीतका सम्पूर्ण श्लोकहरूलाई अलग-अलग भाव र भूमिकाका अलग अलग गोपीहरूले आ-आफ्नो तहअनुसार गाएको भनेर छुट्टाछुट्टै विश्लेषण प्रस्तुत गरिएको छ (पृष्ठ ४१०-४३३) । एउटै गीतमा भावनाका अलग-अलग तहहरूको यस्तो घोलमेल हुनु र त्यो भक्तिको मधुर रस मातृभाषा नेपालीमा प्रकट हुनु आफैँमा सानो घटना होइन भन्ने महसुस हुन्छ । रासलीलालाई लिएर कृष्ण र गोपीहरूको चरित्रमाथि शङ्का गर्ने आधुनिक दृष्टिकोणका अध्येताहरूलाई तगडा जबाफ दिन रासरहस्यको रूपमा वेदान्त र भक्तिदर्शनका सिद्धान्त, रासप्रसङ्गका अन्तःसाक्ष्यजस्ता विभिन्न प्रमाणहरूको आधारमा युक्तियुक्त विवेचन प्रस्तुत गर्नुभएको छ (पृष्ठ ४५८-४६०) ।

कंसले अक्रूरलाई व्रजमण्डलमा पठाएपछिका लीलाहरूलाई राजस निरोध लीलाका रूपमा व्याख्या गर्दै (पृष्ठ ४८०) लेखकले व्योमासुर वधको आध्यात्मिक रहस्य, श्रीकृष्णविरहको शङ्काले गोपीहरूभित्रको चिन्ता, अक्रूरले गर्नुभएको कृष्णस्तुतिजस्ता सबै प्रसङ्गहरूको भावुक एवम् दार्शनिक व्याख्या प्रस्तुत गर्नुभएको छ । कृष्णको अभावमा गोपीहरूलाई सम्झाउन गएका उद्धवले उनीहरूको जुन दशा र भाव देखे, त्यसको हृदयस्पर्शी वर्णन लेखकको लेखनीबाट निस्किएको छ । उडिरहेको भँवरोलाई देख्दा त्यसमा श्रीकृष्णको आरोप गरी महाभावको स्थितिमा पुग्ने भ्रमरगीतकी गायिका गोपिनी अरु कोही नभएर कृष्णकी प्राणप्रिया राधिका नै हुन् भन्ने स्वामीजीले ठोकुवा गर्नुभएको विवरण पढ्दा त्यो यथार्थ हो जस्तो लाग्छ ।

यसप्रकार भावमूर्ति श्रीकृष्णका लीलाहरूलाई विविध भाव भएका भक्तहरूले आ-आफ्ना दृष्टिअनुसार जसरी अनुभव अनि व्याख्या गरेका छन् ती सबै भाव, अनुभाव र सञ्चारीभावका भङ्गालाहरू

प्रस्तुत व्याख्यामा सबैले अनुभव गर्न सक्छन् । कृष्णलीलाको यो मुख्य प्रसङ्गमा आइपुग्दा स्वामीजीको लेखनी त्यस्तो समुद्र बन्न सफल भएको छ, जसमा भक्तिका विभिन्न भावनदीहरू अद्वैत परमात्मतत्त्वरूपी किनारलाई नै ढाक्न सक्ने गरी तरङ्गित भएका छन्। भक्तिको गङ्गामा चुर्लुम्म डुब्दा पनि ब्रह्माद्वैतवादी वेदान्तको मर्यादा नभुल्ने लेखकको यो जीवनदृष्टिले उहाँको व्यक्तित्वभित्र मधुसूदन सरस्वतीजस्ता वेदान्तनिष्ठ भक्तहरूको चरित्र सल्बलाइरहेको कुराको पनि दिग्दर्शन गर्दछ। नेपाली साहित्यमा भक्तिदर्शनको यस्तो ओजस्वी व्याख्याको रसास्वादन अन्यत्र सायदै पाइन्छ। समग्रमा यो व्याख्या अद्वितीय छ ।

## ३.४.१० देवीगीता

### संक्षिप्त विषयवस्तु

देवीभागवत महापुराणमा देवीले हिमालयलाई गर्नुभएको उपदेश नै देवीगीताले नामले प्रसिद्ध छ । देवीगीताका १० अध्यायहरूको पदार्थ, भावार्थ र विवरणको रूपमा व्याख्या र अन्तमा मूल श्लोकहरूको अनुक्रमणिकासमेत दिइएको छ। सुरुमा डा. गुरुप्रसाद सुवेदीको भूमिका रहेको छ भने डा. स्वामीको लेखकीय रहेको देखिन्छ। ग्रन्थको पहिलो अध्यायमा असुरहरूबाट पराजित भएका देवताहरूले भगवान् विष्णुको आदेशअनुसार हिमालय पर्वतमा गई देवीको विशेष आराधना र स्तुति गरेका छन् । स्तुतिमा देव्यथर्वशीर्ष र देवीसूक्तका मन्त्रहरूको प्रयोग गरिएको छ।

भगवतीको स्वरूपलाई नजान्नाले नै डोरीमा सर्प देखिएझैँ जगत् देखिएको भनी (श्लोक ५०) देवताले स्तुति गरेका छन् । उनीहरूले देवीलाई तत् र त्वम् पदको लक्ष्यार्थको रूपमा स्तुति गर्दै तारकासुरको विनाशका लागि प्रार्थना गरेका छन् । देवताहरूको स्तुतिबाट प्रसन्न भई प्रकट हुनुभएकी भगवतीले आफ्नो स्वरूपको

उपदेश गर्नुभएको छ । सृष्टिका लागि मायालाई स्वीकार गरेको परमात्माको मायाविशिष्ट स्वरूप नै मायाबीजको प्रतिपाद्य अर्थ हो भनिएको छ (श्लोक २/२६) । पाँच महाभूतहरूका सात्त्विक, राजस र तामस अंशहरूबाट हुने अलग-अलग पदार्थहरूको सृष्टि एवम् व्यष्टि र समष्टि रूपमा सृष्टिका अभिमानी विराट्-हिरण्यगर्भ-ईश्वर आदिको वर्णन गरिएको छ । तेस्रो अध्यायमा देवीले आफ्नो तत्त्वको उपदेश गर्दै विराट् स्वरूपको दर्शन गराउनुभएको छ । देवी भन्नुहुन्छ- सम्पूर्ण जगत् मेरो मायाद्वारा विरचित हो भनिए पनि मभन्दा अलग मायाको कुनै स्वतन्त्र अस्तित्व छैन । यसको अर्थ अधिष्ठानलाई अज्ञानले स्पर्श गर्न सकेको छैन भन्ने हो । भगवतीले सूर्यको दृष्टान्त दिँदै आफूलाई कुनै पनि वस्तुको गुण र दोषले नछुने बताउनुभएको छ । जीव र ईश्वरको भेद तत्त्वतः नभई मायाद्वारा नै भएको हो भन्दै संसारमा भएका उच्च, नीच सबै वस्तुहरूको रूपमा आफू नै रहेको बताउनुभएको छ । हिमालयले यो रहस्यलाई प्रत्यक्ष देख्ने प्रार्थना गरेपछि उहाँले आफ्नो विराट् स्वरूप देखाउनुभएको छ । द्युलोक नै मस्तक, चन्द्र र सूर्य आँखा, उनन्चास वायु नै प्राण, आकाश नै नाइटो, इन्द्रादि देवता नै हात, अग्नि नै मुख एवम् पृथिवी नै पाउ भएको त्यो विराट् स्वरूपभित्र सारा संसारको दर्शन गर्दागर्दै देवताहरू मूर्च्छित भए । भगवतीले पनि हजारौँ हात-पाउ भएको त्यो रूपलाई आफैँमा उपसंहार गरी पाश, अङ्कुश, वर र अभय मुद्राले युक्त सुन्दर स्वरूपमा दर्शन दिनुभयो । चौथो अध्यायमा भगवतीले कर्महरूले धर्म, अधर्म उत्पन्न गराई बारम्बार संसारचक्रमा नै फँसाउने हुनाले संसारभ्रमको नाश गर्न ज्ञानकै आश्रय लिनुपर्ने बताउनुभएको छ । तत्त्वज्ञानले मात्र मोक्ष दिन सक्दैन, कर्मसँग मिलेर मात्र त्यसले मोक्ष दिन्छ भन्ने ज्ञानकर्मसमुच्चयवादको जमेर खण्डन गरिएको छ ।

चौथो अध्यायमा तत्पदको वाच्यार्थ ईश्वर र त्वम्पदको वाच्यार्थ

जीवका बीच लक्ष्यार्थमा एकता गर्नुपर्छ भन्ने भगवतीको उपदेश छ । रामगीतामा श्रीरामले समाधिभन्दा पहिले सारा जगत्‌लाई ॐकारस्वरूप विचार गर्नू (श्लोक ४८) भनेर अकार, उकार र मकारको अर्थ बताएजस्तै यहाँ भगवतीले समाधिभन्दा पहिले ह्रीम्‌बीजको अर्थ विचार गर्ने आज्ञा दिनुभएको छ । हकाररूपी विश्वलाई रेफमा, रेफरूपी तैजसलाई ईकारमा, ईकाररूपी प्राज्ञलाई समष्टि ह्रीँकारमा विलीन गराउँदै ह्रीँकारको नादरूपी शिखालाई सच्चिदानन्द अखण्ड ब्रह्मको रूपमा ध्यान गर्नुपर्दछ । पाँचौँ अध्यायमा हिमालयले योगको जिज्ञासा गर्दा भगवतीले जीवात्मा र परमात्माको एकता नै योग हो भन्नुभएको छ । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य यी ६ योगमार्गका विघ्न हुन् । यिनलाई योगका अङ्‌गहरूको अभ्यासद्वारा नष्ट गर्नुपर्दछ । योगसूत्रकार महर्षि पतञ्जलिले पाँच यम र पाँच नियमको व्यवस्था गर्नुभएको छ । यहाँ भगवतीले भने दश यम र दश नियमको उल्लेख गर्नुभएको छ । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, दया, सरलता, क्षमा, धैर्य, मिताहार र शौच यी दश यम हुन् भने तपस्या, सन्तोष, आस्तिक्य, दान, देवपूजन, सिद्धान्तश्रवण, लज्जा, बुद्धि, जप र हवन गरी दश नियमहरू छन् । पद्मासन, स्वस्तिकासन, भद्रासन, वज्रासन र वीरासन गरी पाँचवटा आसनहरूको वर्णन गरिएको छ भने प्राणायामलाई सगर्भ र विगर्भ गरी दुई प्रकारको बताइएको छ । मन्त्रजप र ध्यानसहितको प्राणायम सगर्भ हो भने सादा प्राणायम विगर्भ हो (श्लोक १९) । प्रत्याहार भनेको विषयमा स्वच्छन्द घुमिरहेका इन्द्रियहरूलाई बलजफ्ती नियन्त्रण गर्नु हो । नाभि, हृदय, भ्रूमध्य र मस्तकजस्ता शरीरका अङ्‌गहरूमा प्राणवायुलाई स्थिर गर्ने अभ्यास नै धारणा हो । मन स्थिर गरी आफूभित्र इष्टदेवताको चिन्तन गर्नु नै ध्यान हो भने जीवात्मा र परमात्माको स्वाभाविक एकताको भाव गर्नु समाधि हो भनिएको छ ।

यसपछि मन्त्रयोगको व्याख्या गरिएको छ । सुषुम्णा नाडीभित्र रहेको विचित्रा नामक नाडीको मूल भागमा जीवकलारूपी स्वयम्भूलिङ्ग रहेको छ । त्यसमाथि मायाबीज र त्यसभन्दा माथि कुण्डलिनीशक्ति रहेको छ । विचित्रा नाडीभित्र नै क्रमशः मूलाधार, स्वाधिष्ठान आदि चक्रहरू छन् । प्राणवायुलाई सुषुम्णाभित्र प्रवेश गराई कुण्डलिनीलाई ऊर्ध्वमुखी बनाउँदै सहस्रारमा रहेको बिन्दुरूप शिवसँग मिलाउनुपर्दछ । फेरि त्यही बाटोबाट कुण्डलिनीशक्तिलाई मूलाधारमा स्थापित गर्नुपर्दछ । यसो गर्दा चक्रको रूपमा ठाउँ-ठाउँमा रहेका वर्णमात्रिकाहरू शुद्ध भई मन्त्रको दोष समाप्त हुने र मन्त्रोद्धार हुने भगवतीको उपदेश छ । यसरी योगाभ्यास र मन्त्रसाधनाको अत्यन्त सम्बन्ध रहेको उपदेश गरिएको छ । छैठौँ अध्यायमा कठोपनिषद् र मुण्डकोपनिषद्का विभिन्न मन्त्रहरूद्वारा ब्रह्मविद्याको उपदेश गरिएको छ । यहाँ भगवतीले हिमालयलाई ब्रह्मविद्या प्रदान गर्ने गुरु माता-पिताभन्दा श्रेष्ठ हो भनी बताउनुभएको छ (श्लोक ६/२४) । सातौँ अध्यायमा हिमालयले अनायास ज्ञान उत्पन्न गराउन सक्ने भक्तिको उपदेश गर्नुहोस् भनी जिज्ञासा गरेका छन् । भगवतीले पनि ज्ञान, कर्म र भक्ति यी तीन योगहरूमध्ये शरीर-इन्द्रिय आदिलाई कष्ट नहुने, मनबाटै गर्न सकिने र सुलभसमेत भएकाले भक्ति श्रेष्ठ साधन हो भनी बताउनुभएको छ । भक्तिका सात्त्विक, राजस र तामस तीन भेदहरू छन् । सात्त्विक भक्तिमा पनि जीवात्मा र परमात्माको बीच भेदबुद्धि बाँकी रहेको छ । त्यसद्वारा प्राप्त हुने परम भक्तिमा भने भेदबुद्धि विलीन भएको हुन्छ (श्लोक ७/१०) । भगवतीभन्दा बाहेक अर्को कुनै पनि वस्तुको भावना नहुनु नै परमभक्ति हो र भक्तिको पराकाष्ठा नै ज्ञान हो (श्लोक ७/२६-२८) ।

आठौँ अध्यायमा भगवतीले आफ्ना सिद्ध तीर्थस्थलहरूको वर्णन गर्नुभएको छ । कोलापुर, तुलजापुर, हिङ्गला, ज्वालामुखी,

श्रीनगर, कौशिकीस्थान आदि तीर्थहरू बताउने क्रममा नेपालको नाम तोकेर भनिएको छ- **गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम्** (श्लो.८/११) अर्थात् नेपालमा रहेको गुह्यकाली पीठ देवीको महापीठ हो । भगवतीका अन्य पीठहरूको वर्णन गर्ने क्रममा कामाख्या पीठलाई देवीको सर्वश्रेष्ठ पीठको रूपमा बताइएको छ । यसपछि देवीलाई मनपर्ने विभिन्न व्रतहरूको उपदेश गर्ने क्रममा प्रदोष व्रत, सोमवारको व्रत, नवरात्रको व्रत एवम् विभिन्न उत्सवहरूको वर्णन गरिएको छ । नवौँ अध्यायमा हिमालयले पूजाविधिको जिज्ञासा राखेपछि भगवतीले आफ्नो पूजा दुई थरी हुने बताउनुभएको छ - बाह्य र आभ्यन्तर । चित्स्वरूपिणी भगवतीसँग आफूलाई अभिन्न रूपले चिन्तन गर्नु नै आन्तरिक पूजा हो (श्लोक ९/४४) भने बाह्यपूजा वैदिक र तान्त्रिक भेदले दुई थरी छ । यहाँ भगवतीले विशेष जोड दिई वैदिकहरूका लागि वैदिक पूजा नै सर्वश्रेष्ठ भएको र उनीहरूले तान्त्रिक पद्धतिको आश्रय लिनुपरेमा वेदाविरोधी तन्त्रको मात्र ग्रहण गर्नुपर्ने बताउनुभएको छ (श्लोक ९/३१-३२) । दशौँ अध्यायमा साधकले नित्य साधनाको रूपमा गर्नुपर्ने कर्तव्यहरूको वर्णन छ । बिहान उठेर शिरमाथि आफूभन्दा अभिन्न रूपमा गुरुको चिन्तन गरेपछि कुण्डलिनीको चिन्तन गर्नुपर्ने आदि कर्तव्यको वर्णन छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

देवीगीतामा मायालाई सत्, असत् अनि उभय रूप मान्न नसकिने र मिथ्या भए पनि भावपदार्थको रूपमा मायाको वर्णन गरिएको छ, जो अद्वैत वेदान्तको सिद्धान्तसँग ठ्याक्कै मेल खान्छ । प्रसङ्गवश लेखकले वेदान्त दर्शनका अन्य विविध प्रमाणहरूको उल्लेख गर्दै मायाको मिथ्यात्व र माया जगत्का लागि परिणामी उपादान एवम् ब्रह्म विवर्त उपादान भनी पुष्टि गर्नुभएको छ । भगवतीले ज्ञानस्वरूप आत्मा स्वयंप्रकाश छ भनी बताउनुभएको छ । यदि ज्ञानस्वरूप

आत्मालाई प्रकाशित गर्ने अर्को ज्ञान मान्ने हो भने अनवस्था दोष आइपर्छ। यदि आत्माले नै आफूले आफैँलाई प्रकाशित गरेको मान्ने हो भने कर्मकर्तृभावविरोध आउँछ अर्थात् एउटै वस्तु एउटै क्रियाको कर्ता र कर्म बन्नु असम्भव हुन्छ। यी दोषहरूबाट बच्न आत्मालाई स्वयंप्रकाश मान्नुपर्छ (श्लोक २/१२-१४)।

भगवत्पाद शङ्कराचार्यले गीताभाष्यमा ज्ञानकर्मसमुच्चयवादको खण्डनका लागि प्रयोग गरेका युक्ति र देवीगीताका भनाइहरूमा धेरै समानता देखिन्छ। जसरी अन्धकार र प्रकाश परस्पर विरोधी भएकाले यिनीहरूको समुच्चय सम्भव छैन, त्यसैगरी ज्ञान र कर्मको पनि समुच्चय सम्भव छैन। शरीर आदिमा तादात्म्यभाव नराखी कर्म सम्भव छैन भने ज्ञानले त्यो तादात्म्यभावलाई नष्ट गरिदिन्छ (श्लोक ४/१३-१४)। ज्ञानकर्मसमुच्चयको खण्डन गर्नुको तात्पर्य कर्म आवश्यक छैन भनी बताउनु भने होइन। सम्पूर्ण शास्त्रीय कर्महरू चित्तशुद्धिका लागि आवश्यक छन् र तत्त्वज्ञान हुन चित्तशुद्धि आवश्यक छ। यहाँ त तत्त्वज्ञान उत्पन्न भएपछि उसले मोक्षरूपी फल दिन कर्मको अपेक्षा गर्दैन मात्र भनिएको हो। शरीरमा तादात्म्यभाव र कर्तृत्वभाव नराखी स्वभावतः नै सम्पन्न हुने सुत्नु उठ्नु आदि क्रियाहरूलाई कर्मको परिधिभित्र राख्न मिल्दैन। अतः तत्त्वज्ञानी व्यक्तिले खाएको, सुतेको र शिष्यहरूलाई उपदेश गरेको देखिए पनि ज्ञान र कर्मको समुच्चय भएको छैन भन्ने लेखकको धारणा छ (पृ.११५-११६)।

देवीगीतामा उपदेश गरिएको अद्वैतमूलक योगसिद्धान्त र जीव-ईश्वरलाई भिन्न मान्ने द्वैतवादी योगदर्शन स्पष्टतः भिन्न देखिन्छ। ब्रह्मसूत्रकार वेदव्यासले योगको साधनात्मक अभ्यासलाई मान्यता दिँदादिँदै पनि द्वैतवादी भएकैले दार्शनिक रूपमा खण्डन गर्नुभएको छ - एतेन योगः प्रत्युक्तः (ब्र.सू.२/१/३)। यहाँ भगवतीले भने

योगको सिद्धान्तमा थोरै संशोधन गरेर त्यसलाई सर्वांशमा अपनाउन मिल्ने गरी अद्वैतपरक योगको व्याख्या गर्नुभएको छ । देवीगीतामा भगवतीले भक्त र तत्त्वज्ञानी व्यक्तिको मोक्षको जुन व्यवस्था गर्नुभएको छ, त्यसबाट वेदान्तको एउटा प्रसिद्ध समस्या निराकरण भएको छ । पञ्चाग्नि उपासक गृहस्थ, आजीवन गुरुसेवापूर्वक ब्रह्मचर्य पालन गर्ने नैष्ठिक ब्रह्मचारी, वनमा विशिष्ट तपस्याहरू गर्ने वानप्रस्थहरू र तत्त्वज्ञान नभइसकेका वेदान्तनिष्ठ संन्यासीहरूसमेत मृत्युपछि ब्रह्मलोक जान्छन् । प्रलयकालमा ब्रह्माजीको आयु सकिएपछि उहाँसँगसँगै ती सबै साधकहरू ब्रह्ममा मिल्छन् भन्ने वेदान्तको क्रममुक्तिको सिद्धान्त हो । जसलाई मनुष्यजन्ममा नै जीव र ब्रह्मको अपरोक्ष ज्ञान भइसकेको छ त्यस्ता व्यक्तिहरू कुनै लोकलोकान्तर जाँदैनन्, यहीँ ब्रह्ममै मिल्छन् । यस्तो मुक्तिलाई कैवल्यमुक्ति भनिन्छ । परमात्माका राम, कृष्ण, शिव आदि सगुण स्वरूपका उपासकहरूको मुक्तिको व्यवस्था भने स्पष्ट तोकिएको छैन । भक्तहरू आफ्नो इष्टदेवताको लोक अविनाशी एवम् सर्वोच्च हो र अनन्त कालसम्म भगवान्सँग रमाउनु नै मोक्ष हो भन्ने भाव राख्छन् तर वेदान्तसिद्धान्तअनुसार ब्रह्मबाहेक मायाद्वारा स्वीकार गरिएका सबै नाम, रूप र लोक-लोकान्तरहरू मिथ्या छन् । उसो भए भक्तहरूको मुक्ति हुँदैन त ? भन्ने शङ्का उब्जिन्छ, जसको निराकरण भगवतीको स्पष्टीकरणबाट भएको छ । भगवती भन्नुहुन्छ- जुन भक्तलाई प्रारब्धको कारण मेरो वास्तविक स्वरूपको ज्ञान भएको छैन, त्यो मणिद्वीपमा जान्छ । त्यहाँ मेरो कृपाद्वारा दिव्य भोगहरू भोग्दै अन्तमा उसलाई ज्ञानस्वरूप मेरो अपरोक्ष साक्षात्कार हुन्छ र ऊ मुक्त हुन्छ । जसले यही लोकमा चित्स्वरूप मेरो वास्तविक ज्ञान प्राप्त गरेको छ, त्यसको प्राण उत्क्रमण हुँदैन, यहीँ मुक्त हुन्छ (श्लोक ७/२९-३२) ।

यसप्रकार भगवतीले ज्ञान नभएका आफ्ना भक्तहरूमात्र मणिद्वीपमा जान्छन् र ज्ञान भएकाहरू यहीँ मुक्त हुन्छन् भनेर स्पष्ट रूपमा बताइसकेपछि यही व्यवस्था विष्णुलोक, शिवलोक, साकेत, गोकुल आदि सम्पूर्ण ईश्वरीय लोकहरूको हो भन्ने लेखकको धारणा देखिन्छ । उपनिषद्मा ब्रह्मलोक भनेर सत्यलोकलाई र तत्समकक्षी सबै ईश्वरीय लोकहरूलाई लिइएको हो । मायाद्वारा परमात्मा विभिन्न नाम-रूपमा प्रकट हुन्जेल भक्तहरू उहाँका लोकहरूमा रहन्छन् । मायालाई आफैँमा लीन गरी परमात्मा अद्वितीय भावमा बस्दा भने भक्तहरू पनि तत्त्वज्ञान प्राप्त गरी ब्रह्ममा नै मिल्छन् (पृ.१९७-९८)। यहाँ के बुझ्नुपर्दछ भने नैष्कर्म्यसिद्धिकारका अनुसार त्यस्ता भक्तहरूमात्र ज्ञान प्राप्त गरी मुक्त हुन्छन्, जसले ज्ञानसँग विरोधको भाव राख्दैनन् । ज्ञानको निषेध र अनादर गर्नेहरू त्यही आग्रहका कारण तत्त्वज्ञानबाट वञ्चित भई मोक्षमार्गमा पुग्न सक्दैनन् । दशौँ अध्यायमा कुण्डलिनीलाई प्रणाम गर्ने रहस्यपूर्ण श्लोकको लेखकले अत्यन्त मनोहारी व्याख्या गर्नुभएको छ (पृ.२३५-३७) । भगवतीको भनाइ छ- मूलाधारबाट माथि जाँदा प्रकाशमय र फर्किँदा अमृतमय भनी कुण्डलिनीको चिन्तन गर्नू । यसको तात्पर्य बताउँदै लेखक लेख्नुहुन्छ- संवित्रूपिणी कुण्डलिनी मूलाधारबाट सहस्रारतर्फ अभिमुख हुँदा सम्पूर्ण चक्रहरूलाई जगाउँदै जान्छिन् । त्यसैले उनलाई प्रकाशमय भनिएको हो । सहस्रारमा शिवसँग मिलेपछि त्यहाँ शिवशक्तिको सामरस्यबाट परमानन्दरूपी अमृत प्रकट हुन्छ । त्यही आनन्दरूपी अमृतलाई लिई कुण्डलिनीशक्ति ती ती चक्रहरूलाई तृप्त गर्दै मूलाधारमा फर्किन्छिन् । अतः फर्किँदा उनी आनन्दमयी हुन्छिन् । कुण्डलिनीलाई अबला भन्नुको पनि विशेष अर्थ छ । यहाँ अबला भनेर बल नभएकी भन्ने अर्थ नभई जोभन्दा अर्को बलियो कोही छैन त्यस्ती सर्वशक्तिमयी भन्ने बुझ्नुपर्दछ ।

देवीगीतामा मन्त्रयोग, कुण्डलिनीयोगजस्ता साधनाहरूलाई अद्वैत वेदान्तसँग अनुकूल हुने गरी भगवतीले बताउनुभएकोमा लेखकले ती सबै स्थलहरूमा विशेष विवरण गर्नुभएको छ । वेदान्तदर्शनको पारिभाषिक विषय ज्ञानगत प्रत्यक्षत्व र विषयगत प्रत्यक्षत्वको सम्बन्धमा लेखकको दृष्टि सर्वथा नौलो किसिमको छ (पृ.१७०-७१) जसलाई विद्वान्‌हरूले समीक्षा गर्न बाँकी छ । त्यस्तै भक्तहरूको क्रममुक्तिको सन्दर्भमा पनि असाध्यै महत्त्वपूर्ण रूपले व्याख्या गरिएको छ । योग, तन्त्र, भक्तिआदि विषयहरूलाई वेदान्त दर्शनअनुकूल व्याख्या गरिएको यो देवीगीतामा ज्ञानकर्मसमुच्चयखण्डन, मायाको अनिर्वचनीयत्व र भावरूपत्वजस्ता विषयहरूको स्पष्ट प्रारूप देखिन्छ, जसलाई भाष्यकार शङ्कराचार्य र परवर्ती दार्शनिकहरूले विशदीकरण गर्नुभएको छ । यस्ता सबै प्रसङ्गहरूमा डा. स्वामीजीको कलमले विशद विश्लेषण प्रस्तुत गरेको छ । अन्तमा देवीगीताका सबै श्लोकहरूको अनुक्रमणिका दिइएकाले अनुसन्धाताहरूको उपकार भएको छ । समग्रमा वेदान्त दर्शनका प्रशस्त दार्शनिक ऊहापोहले भरिएको यो व्याख्याग्रन्थ मननीय एवं विश्लेषणीय छ ।

### ३.४.११ दुर्गासप्तशती

**संक्षिप्त विषयवस्तु**

लेखकद्वारा नेपाली अनुवाद र विशेष व्याख्या गरिएको दुर्गासप्तशती २०६९ सालको घटस्थापनामा महेश संस्कृत गुरुकुलबाट प्रकाशित भएको छ । प्रा. डा. दीर्घराज घिमिरेको शुभाशंसा, प्रा. डा. विद्यानाथ भट्टको १५ पृष्ठ लामो विस्तृत भूमिका, पुरोवाक्‌को रूपमा लेखकको दृष्टिकोण र डा. गुरुप्रसाद सुवेदीको प्रस्तावनाले यस ग्रन्थको महत्त्व, गरिमा र नेपाली जनजीवनमा सप्तशतीको गहिरो प्रभावबारे

प्रकाश पारेको छ । त्यसपछि सप्तशती पाठको संक्षिप्त पूजनविधि, कवच, अर्गला एवम् कीलकको क्रमले पाठविधिको आरम्भ भएको छ। प्रथम चरित्रमा योगनिद्राको अनुग्रहबाट जागेका भगवान् विष्णुले मधु र कैटभको नाश गर्नु, द्वितीय चरित्रमा महिषासुर र त्यसका सम्पूर्ण सेनाहरूलाई भगवतीले नष्ट गरिदिनु एवम् तेस्रो चरित्रमा धूम्रलोचन, चण्डमुण्ड, रक्तबीज, शुम्भ र निशुम्भजस्ता महाबली असुरहरूको संहार गरिदिनुजस्ता विविध प्रसङ्गहरू सप्तशतीमा बताइएका छन्। प्रथम, द्वितीय र तृतीय चरित्रमा अध्यायसङ्ख्या क्रमशः तीनगुणाले वृद्धि हुँदै गएको देखिन्छ- एक, तीन र नौ। अन्तमा तीन रहस्यहरूमा आद्यशक्ति महालक्ष्मीको श्रेष्ठता, तीन चरित्रका देवीहरूको उपासनाविधि र अन्य विविध शक्तिहरूको ध्यानस्वरूप र उपासना आदिबारे विस्तृत चर्चा गरिएको छ । यस ग्रन्थमा भगवतीसँग सम्बन्धित केही अन्य स्तोत्रहरूको पनि समावेश भएको छ। अन्तमा दिइएको श्लोकानुक्रमणिकाले विशेष लाभ पुऱ्याउन सक्ने देखिन्छ।

**समीक्षा एवम् मूल्याङ्कन-**

लेखकले आफ्नो लेखकीय मन्तव्यमा नै ब्रह्म र त्यसको शक्तिबीचको अभेद सम्बन्धको चर्चा गर्नुभएको छ। सप्तशतीभित्रका विभिन्न सङ्केतहरूका आधारमा उहाँले दुर्गासप्तशती शक्तितत्त्वको रहस्यमय क्रीडास्थल बनेको बताउनुभएको छ (पृ.२६)। लेखकको मन्तव्य पढ्दा सप्तशतीलाई मुख्यतः वेदान्तदर्शनको चिन्तनप्रक्रियाकै तात्पर्यमा अर्थ्याउन खोजेको स्पष्ट बुझिन्छ । कवचमा आएका शैलीपुत्री, ब्रह्मचारिणी आदि नवदुर्गाका नामहरूको व्युत्पत्ति र व्याख्या प्रस्तुत गरिएको छ र अन्तमा कवचको तात्पर्य उल्लेख गर्दै ज्ञानको साधनामा असुर, यक्ष, गन्धर्व र देवताहरूले समेत बाधा गर्न सक्ने भएकाले भगवती माताको शक्तिद्वारा सुरक्षित हुन कवच पाठ गर्नुपर्छ भनिएको छ।

अर्गलास्तोत्रमा **रूपं देहि जयं देहि** भनी गरिएका प्रार्थनाहरूको आध्यात्मिक व्याख्या गरिएको छ। रूप भनेको आत्मस्वरूपको प्राप्ति हो, जय भनेको इन्द्रिय र मनलाई जित्नु हो । अविनाशी आत्मामा अवस्थित हुनु नै कीर्ति या महिमा प्राप्त गर्नु हो र शत्रुको नाश भनेको काम, क्रोध आदिको विनाश भनिएको हो भनी सम्पूर्ण प्रार्थनालाई आध्यात्मिक रूप दिइएको छ (पृ.६४) । कीलक स्तोत्रको व्याख्या गर्ने क्रममा दानप्रतिग्रहनामक कर्मको विशेष व्याख्या गरिएको छ । शिवले अनधिकारीहरूको प्रवेशलाई निषेध गर्नका लागि सप्तशतीको सामर्थ्यलाई कीलित गरिदिनुभएको छ । जसले विधिपूर्वक दानप्रतिग्रहको कर्म गरी आफ्नो सर्वस्व भगवतीमा समर्पण गर्छन्, त्यस्ता समर्पित भक्तहरूका लागि मात्र सप्तशती उत्कीलित अर्थात् बन्धनमुक्त हुन्छ भनिएको छ। अन्तमा कवच, अर्गला र कीलकको अर्को तात्पर्य व्याख्या गर्दै लेखक भन्नुहुन्छ- घरभित्रको सम्पत्तिलाई ढोकाको खापा, आग्लो र चुकुल लगाई सुरक्षित गरेजस्तो कवचरूपी ढोका, अर्गलारूपी आग्लो र कीलकरूपी काँटीको चुकुलले सप्तशती साधनालाई सुरक्षित गर्नुपर्दछ (पृ.७२) ।

लेखकले सप्तशतीको व्याख्या गर्दा हरेक चरित्रहरूको विशिष्ट आध्यात्मिक तात्पर्य उल्लेख गर्नुभएको छ । बीच-बीचमा आउने ज्ञान, वैराग्य र भक्तिको प्रसङ्गमा उहाँले विशेष विवरण र दार्शनिक व्याख्या गर्नुभएको छ। सुरथ राजा र समाधि वैश्यले आफू राज्य र घरबाट निकालिँदासमेत तिनकै चिन्ता गरेको प्रसङ्गमा लेखकले मानिसहरूको मोह, स्वार्थी भाव र त्यसले दिएको दुःखको चर्चा गर्नुभएको छ । राज्यमा छुटेका हात्ती-घोडा आदिले खान पाए कि पाएनन् भनी चिन्तित भइरहेका राजाले परिवारको सम्बन्धमा चिन्ता गरिरहेका समाधि वैश्यसँग त्यस्ता दुष्ट परिवारको किन चिन्ता गर्नुभएको ? भनी प्रश्न गरेबाट मानिसले आफूभित्रको मोह नदेखी

अरुको दोष र मोहमात्र देख्छ भन्ने सत्य प्रकट भएको छ । हामी ज्ञानी र विवेकी नै छौँ भन्ने राजाको भ्रम तोड्दै ऋषिले त्यो ज्ञान पशुपक्षीको समान भएको बताउँदै देवीमाहात्म्यको वर्णन आरम्भ गर्नुभएको छ ।

लेखकले मधु र कैटभ दैत्यको आध्यात्मिक व्याख्या गर्दै मधु भनेको महजस्तै मीठो लाग्ने राग हो र कैटभ भनेको कीराले जस्तो डस्ने द्वेष हो भन्नुभएको छ (पृ.१०९-१०) । ब्रह्मा जीवभाव हो भने विष्णु भनेको साधकभाव हो, जो मोहनिद्रामा सुतिरहेको छ । योगनिद्रारूपिणी भगवतीको स्तुति गरेपछि उहाँको अनुग्रहबाट विष्णु शेषशय्याबाट जाग्नुहुन्छ अर्थात् जीवको साधकस्वभाव जागा हुन्छ । भगवतीकै कृपाले मोहित भएका मधु र कैटभरूपी राग-द्वेषलाई मारेपछि साधनाको पहिलो चरण सम्पूर्ण हुन्छ । लेखकले स्तुतिको प्रसङ्गमा आएका दार्शनिक शब्दहरूको व्युत्पत्ति र विश्लेषण गर्नुभएको छ । दोस्रो अध्यायमा देवताहरूको तेजोंशबाट आद्या शक्ति महालक्ष्मीको प्राकट्य भएको छ र उहाँले महिषासुरका सेनाहरूलाई नाश गर्नुभएको छ । लेखकले कालिकापुराणको सन्दर्भलाई उल्लेख गर्दै महिषासुर रुद्रकै अंश भएको र उसलाई तीन कल्पसम्म भगवतीले तीन पटक वध गर्नुभएको बताउनुभएको छ । आद्यशक्ति महालक्ष्मी सर्वदेवमयी हुनुभएकीले सबै देवताहरूमा रहेको आफ्नो तेजोमय अंशलाई स्वीकार गरी अभिव्यक्त हुनुभएको हो, उहाँ देवताहरूको अंशबाट जन्मिनुभएको होइन भनी लेखकले उल्लेख गर्नुभएको छ ।

तेस्रो अध्यायमा महिषासुरवधको प्रसङ्ग छ । आध्यात्मिक अर्थमा महिषासुर भनेको अहङ्कार हो । अहङ्कारका अधिष्ठाता देवता रुद्र भएकाले त्यसको आधिदैविक अवतारस्वरूपलाई पनि रुद्रांश भन्नु उचित नै हो (पृ.१६६-६८) । रुद्रलाई महादेव

भनिन्छ अर्थात् सबैभन्दा ठूला देवता । त्यस्ता रुद्रको अंशस्वरूप महिषासुरलाई मार्न सक्ने अर्को कुनै दैवी शक्ति छैन । अतः स्वयम् आद्या महालक्ष्मी महिषासुरलाई दमन गर्न र उसलाई वाहनको रूपमा स्वीकार गरी शिवजीको इच्छालाई पूरा गर्न अवतीर्ण हुनुभएको छ । अहङ्कारले म धनी, म कुलीन, म विवेकी, म साधक आदि भन्दै कुल, सम्पत्ति, विवेक र साधना आदिको माध्यमले विभिन्न रूप फेरेजस्तै महिषासुरले पनि युद्धमा विभिन्न रूप देखाएको छ तर भगवतीले उसलाई संहार गरिदिनुभएको छ । महिषासुरलाई मार्ने बेलामा भगवती सिंहवाहिनी हुनुको पनि विशेष तात्पर्य लेखकले उल्लेख गर्नुभएको छ । यहाँ सिंह ब्रह्माकार वृत्तिको स्वरूप हो । त्यसमाथि आरूढ भएको ब्रह्मचैतन्य नै सिंहारूढा भगवतीको आध्यात्मिक स्वरूप हो । वृत्तिमा प्रतिबिम्बित नभई ब्रह्मतत्त्वले अज्ञान र अहङ्कारलाई नष्ट गर्न सक्दैन । वृत्तिमा प्रतिबिम्बित भएपछि मात्र त्यसले अज्ञानलाई नष्ट गर्न सक्छ भन्ने विशेष तात्पर्य देखाइएको छ । चौथो अध्यायमा देवताहरूले श्री, बुद्धि, श्रद्धा आदिको रूपमा भगवतीको स्तुति गरेका छन् र बाहिरबाट असुरहरूप्रति अत्यन्त रिसाएको देखिए पनि मनभित्रबाट उहाँले तिनीहरूको उद्धारको नै कामना गर्नुभएको हो भनी बताएका छन् । बाहिर रिस र भित्र करुणा राख्ने भगवतीको यो विलक्षण स्वभावलाई देवताहरूले प्रणाम गरेका छन् ।

पाँचौँ अध्यायमा शुम्भ र निशुम्भको आतङ्कबाट त्रस्त देवताहरूले स्वर्ग छाड्नुपरेको, उनीहरूले हिमालयमा गई देवीसूक्तद्वारा भगवतीको स्तुति गरेको र पार्वतीको माध्यमबाट भगवती प्रकट भई शुम्भको दूतसँग संवाद गरेको कथा छ । यस प्रसङ्गलाई पनि लेखकले आध्यात्मिक तात्पर्यमा अर्थ्याउनुभएको छ । देवता भनेका दैवी वृत्ति हुन् । शान्त अन्तःकरणरूपी स्वर्गमा आनन्दपूर्वक बसिरहेका ती देवताहरू आसुरी वृत्तिको आक्रमणपछि

स्वर्गबाट निस्किन बाध्य हुन्छन् र भगवतीको शरणमा जान्छन् (पृ.२१८) । देवताहरूले विष्णुमाया, चेतना, बुद्धि र निद्रा आदि २३ नामहरूद्वारा भगवतीको स्तुति गरेका छन् । ती हरेक नामहरूको विशेष व्याख्या यस ग्रन्थमा गरिएको छ । देवताहरूको स्तुतिबाट प्रसन्न भई पार्वतीको शरीरबाट कौशिकी देवीको प्रादुर्भाव हुन्छ र उहाँले अत्यन्त सुन्दर रूप लिई हिमालयमा विचरण गर्न थाल्दा शुम्भका दूत चण्ड र मुण्डले देख्छन् । तिनीहरूले सर्वश्रेष्ठ स्त्रीरत्नलाई हजुरले जसरी पनि आफ्नो बनाउनुपर्छ भनी शुम्भलाई प्रेरित गर्छन् । लेखकको आध्यात्मिक दृष्टिकोणअनुसार यस कथाप्रसङ्गमा शुम्भ र निशुम्भ अहन्ता र ममताका स्वरूप हुन् । चण्ड र मुण्ड भनेका साधकले अहिलेसम्म गर्दै आएका विधि र निषेधरूपी धर्महरू हुन् । ज्ञान हुनुभन्दा पहिले साधक अहङ्कारकै भावमा हुन्छ । उसले वेदविहित विभिन्न विधि र निषेधका नियमहरूको पालना गर्दै जान्छ । शास्त्रीय विधिनिषेधको पालना गरेर चित्तशुद्ध हुँदै गर्दा उसले चित्स्वरूप आत्माको पहिलो झल्को पाउँछ, यही नै चण्ड र मुण्डले हिमालयमा देवीको दर्शन पाउनु हो । आत्माको पहिलो झल्को पाइसकेपछि जीवको साधना बल्ल तीव्र हुन्छ । उसले जसरी पनि त्यो चित्स्वरूप आत्मतत्त्वलाई पाइछाड्ने निश्चय गर्छ । अज्ञाननाश नहुन्जेल ऊ अहङ्कारकै परिधिभित्र रहेकाले त्यही परिधिभित्र सर्वव्यापक आत्मतत्त्वलाई प्राप्त गर्न खोज्ने उसको प्रयास बारम्बार विफल हुन्छ । सर्वव्यापक आत्मतत्त्वलाई प्राप्त गर्न त अहङ्कारले आफूलाई आत्माको चरणमा समर्पित गरी आफू नष्ट हुनुपर्दछ । कथाको प्रसङ्गमा शुम्भले आफ्ना अधीन रहेका विभिन्न शक्ति र सामर्थ्यहरूको प्रयोग गरेर पनि देवीलाई आफ्नो बनाउन नसकेपछि अन्तमा भगवतीबाट उसको संहार र आत्मलय भएको बताइएको छ ।

यो साधनात्मक प्रक्रियाको आरम्भ पाँचौँ अध्यायको कथाप्रसङ्गमा भएको छ । यहाँ भगवतीले शुम्भको दूत सुग्रीवसँग एउटा विचित्र प्रतिज्ञाको उल्लेख गर्नुभएको छ। जसअनुसार भगवतीले पहिले यस्तो प्रतिज्ञा गर्नुभएको रहेछ- जसले मलाई युद्धमा जित्छ, मेरो अहङ्कारलाई नष्ट गर्छ र मैसमान बलियो हुन्छ, त्यसलाई मैले पतिको रूपमा स्वीकार गर्छु । यहाँ सन्देह हुन्छ भगवतीले कहिले पनि नगरेको र कहिल्यै पूरा हुन नसक्ने यो प्रतिज्ञाको कुरा शुम्भलाई उल्लू बनाउनका लागि मात्र किन बताउनुभयो? यसको उत्तर पनि आध्यात्मिक तात्पर्यमै खोज्नुपर्छ । सङ्ग्राममा भगवतीलाई जित्नु भनेको इन्द्रियहरूले विषय भोग्न हानथाप गरिरहँदा ती सबै विषयहरूको रूपमा भगवतीलाई नै देख्नु या ग्रहण गर्नु हो। मे दर्पम् भन्ने पदावलीको अर्थ हुन्छ - मेरो स्वरूपलाई आवरण गर्ने अहङ्कार। त्यस्तो अहङ्कारलाई नष्ट गर्नुपर्दछ। आफ्नो अस्तित्वलाई भगवतीमै समर्पण गरेको व्यक्ति उहाँकै स्वरूप बन्ने भएकाले त्यसलाई भगवतीको समान भनी बताउन पनि सकिन्छ। यसप्रकार इन्द्रियजयी, अहङ्काररहित र आफूमै समर्पित व्यक्तिले मात्र आफूलाई वरण गर्न सक्छ भन्ने प्रतिज्ञा देवीले वेद, पुराणदेखि सबै शास्त्रहरूमा गर्नुभएको छ (पृ.२८०-८१) । त्यही आध्यात्मिक तात्पर्यलाई मनमा राखी उहाँले बोलेका गूढार्थक शब्दहरूको जञ्जालमा शुम्भ फँस्न पुगेको छ। छैठौँ अध्यायमा धूम्रलोचनको वध भएको छ, जसलाई लेखकले भ्रमज्ञानको रूपमा अर्थ्याउनुभएको छ । धूम्र लोचन अर्थात् धुँवाले भरिएको आँखा भन्ने शाब्दिक व्युत्पत्तिबाट पनि यथार्थ कुरा नदेख्नु भन्ने अर्थ युक्तिसङ्गत नै छ ।

सातौँ अध्यायमा कालीको खड्गद्वारा चण्ड र मुण्डको वध भएको छ । लेखकले तत्त्वमसि महावाक्य नै खड्ग हो, जसद्वारा विधिनिषेधमय सम्पूर्ण कर्मको संहार हुन्छ भन्नुभएको छ । यो

भाव श्रीमद्भगवद्गीताको पनि अनुकूल नै छ - ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा (४/३७)। आठौँ अध्यायमा शुम्भ र निशुम्भको विशिष्ट सेनापति रक्तबीजको प्रसङ्ग आउँछ। त्यहाँ शुम्भले आफ्ना सबै सैन्यबललाई देवीको युद्धमा होमिन आदेश दिएको छ। जसमा ८ कुलका असुरहरू अग्रिम मोर्चामा रहेका छन्। लेखकले उदायुध, कम्बु, कोटिवीर्य, धौम्र, कालक, दौर्हृद, मौर्य र कालकेय गरी यी कुलहरू ८ पाशका स्वरूप हुन् भन्नुभएको छ। कुलार्णव तन्त्रअनुसार घृणा, शङ्का, भय, लोभ, जुगुप्सा, कुल, शील र जाति गरी ८ पाशहरू रहेका छन्। त्यसपछि पालो आउँछ रक्तबीजको, जसलाई लेखकले जीवभावको रूपमा अर्थ्याउनुभएको छ (पृ.३१९)। यसलाई अन्तःकरणद्वारा रङ्गिएको जीव अर्थात् जीव र अन्तःकरणको परस्पर तादात्म्यको रूपमा अर्थ्याउनु अझ युक्तिसङ्गत देखिन्छ। यसलाई मार्न देवीहरूले जति अस्त्र प्रहार गरे पनि भुइँमा रगत खसेर त्यति धेरै असुरहरू उत्पन्न भएको वर्णन छ। अन्तःकरणलाई नाश गर्न मानिसहरू योग, ध्यान, तपस्या, भजनजस्ता जति साधनहरूको प्रयोग गर्छन्, तिनैलाई माध्यम बनाई म योगी, ध्यानी या साधक भनेर अन्तःकरण जागा भएको देखिन्छ। रगतको एक थोपा पनि भुइँमा झर्न नदिई कालीले चाटेपछि बल्ल रक्तबीजको संहार भएजस्तो अन्तःकरणले कुनै विषय समातेर जाग्नुभन्दा पहिल्यै त्यसलाई विचारद्वारा नष्ट गरिदिनुपर्दछ। यही आशय लेखकको देखिन्छ।

नवौँ र दशौँ अध्यायमा ममता र अहन्तारूप महान् असुरहरूको संहार भएको छ। शुम्भसँग संवाद गर्ने प्रसङ्गमा देवीले आफ्नो सर्वरूपता बताउँदै ब्रह्माणी आदि सारा शक्तिहरूलाई आफैँमा लीन गर्नुभएको छ। युद्ध गर्दा-गर्दै शुम्भले देवीलाई आकाशमा उडाएर लगेको छ। देवीले आकाशबाटै त्यसलाई भुइँमा पछारिदिनुभएको छ। वेदान्तविचार गर्दा-गर्दै कहिलेकाहीँ शून्यताको स्थितिजस्तो

अनुभव हुने कुरालाई यसले सङ्केत गरेको छ। शुम्भको वध भएपछि आकाश निर्मल भएको, नदीहरू स्वच्छ र शान्त भएकोजस्ता प्राकृतिक घटनाहरूको वर्णन छ। यसले अहन्तारूपी शुम्भको नाश भएपछि साधक प्रकृतिस्थ हुन्छ भन्ने कुराको सूचना दिन्छ।

एघारौँ अध्यायमा देवताहरूले भगवतीको विशेष स्तुति गरेका छन्। जसमा ८ देखि २३ सम्मका १६ श्लोकहरूलाई नारायणीसूक्त भनिएको छ। स्तुतिका हरेक श्लोकहरूको लेखकले विशेष व्याख्या गर्नुभएको छ। बाह्रौँ अध्यायमा भगवतीले भविष्यमा पनि बारम्बार विभिन्न अवतार लिई देवताहरूको रक्षा गर्ने बताउनुभएको छ। एक वर्षभरि मन्त्रजप, ब्राह्मणभोजन, हवन र विविध पूजाद्वारा आराधना गर्नुभन्दा एकपल्ट भक्तिपूर्वक यो स्तोत्र श्रवण गर्दा आफू बढी प्रसन्न हुने भगवतीको भनाइ (श्लोक २०-२२) बाट सप्तशतीको महिमा उजागर भएको छ। तेह्रौँ अध्यायमा भगवतीबाट सुरथ राजाले राज्य र समाधि वैश्यले तत्त्वज्ञानको वर पाएका छन्। लेखकले यी दुई फलको तुलना गर्दै राजालाई वैश्यले नै उछिनेको उल्लेख गर्नुभएको छ (पृ.४१६-१८)। समाधि वैश्यलाई आफ्नै परिवारले हेला गरी निकालिदिएकाले उनको आसक्ति नष्ट भएको तर राजामा भने शत्रुलाई जिती परिवारको साथमा राज्यसुख भोग गर्ने कामना अझै बाँकी रहेकाले ती दुईले आ-आफ्नो मानसिक स्थितिअनुसार भगवतीबाट वर मागेका छन्। वर दिने क्रममा भगवतीले सुरथलाई सामान्य भावले राजन् भनी सम्बोधन गर्नुभएको छ तर वैश्यलाई भने वैश्यवर्य भनी स्नेह र सम्मान प्रकट गर्नुभएको छ। यसरी भगवतीको आराधना गर्नाले भोग र मोक्ष दुवै प्राप्त हुन सक्छ भन्ने निर्क्योल गर्दै सप्तशती र यसको व्याख्यानको पूर्णता भएको छ।

विवरणका क्रममा वेदान्तका प्रामाणिक ग्रन्थहरूको उद्धरण दिई आफ्नो भनाइलाई पुष्ट गरिएको छ। व्याख्यामा लेखकलाई

असाध्यै मन पर्ने **सप्तशतीसर्वस्व** नामक टीकाको स्पष्ट प्रभाव देखिन्छ । त्यस्तै देवीलीलाका विभिन्न आध्यात्मिक तात्पर्यहरू अर्थ्याउने दृष्टिबिन्दु प्रायशः **साधनसमर वा देवीमाहात्म्य** (ब्रह्मर्षि सत्यदेव, साधन समर कार्यालय, कलकत्ता, सन् १९८६) नामक हिन्दी व्याख्यासँग मिलेको देखिन्छ । किनभने दुर्गासप्तशतीका लीला प्रसङ्गहरूलाई आध्यात्मिक तात्पर्यमा अर्थ्याउन खोज्नु नै प्रस्तुत ग्रन्थको मुख्य विशेषता हो । सम्पादनको त्रुटिले मूल श्लोकमा भएका पदहरू कहीँ कहीँ अनुवादमा छुटेको र केही अशुद्धि हुन गएको देखिन्छ तर सप्तशतीका हरेक पदलाई छुट्याई अर्थ गरिएको यस्तो व्याख्या नेपाली साहित्यमा पहिलो हो । अक्षर आरम्भपछि सप्तशती पढ्न सिकाउने र नवरात्रहरूमा विभिन्न शक्तिपीठ धाई यसको पाठ गर्न खोज्ने नेपाली जनमानसलाई सप्तशतीको अर्थ बुझ्ने एउटा दरिलो माध्यम प्राप्त भएको छ । तन्त्रको सर्वमान्य ग्रन्थ भनी प्रसिद्ध दुर्गासप्तशतीलाई सम्पूर्णतया वेदान्तको आध्यात्मिक तात्पर्यमा घटाइदिनु लेखकको दार्शनिक कौशल हो तर त्यससँगै तन्त्रसिद्धान्तको पनि उचित समायोजन हुँदा सुनमा सुगन्ध हुने देखिन्छ ।

### ३.४.१२ श्रीमद्भागवतमहापुराण छैठौँ खण्ड

#### संक्षिप्त विषयवस्तु

यस ग्रन्थमा श्रीमद्भागवत दशमस्कन्धको पचपन्न अध्यायदेखि एकादशस्कन्धको तेह्रौँ अध्यायसम्मका प्रसङ्गहरूको भावानुवाद, व्याख्या-विश्लेषण प्रस्तुत गरिएको छ । भगवान्को आठवटी पटरानीहरूसँगको विवाह, बाणासुरको प्रसङ्ग, देवर्षि नारदद्वारा श्रीकृष्णको गृहस्थीको दर्शन, शिशुपालवध, शाल्व, दन्तवक्त्र र विदूरथको वधजस्ता रजोगुणी प्रसङ्गहरूको बीचमा श्रीदामाको भक्ति र श्रीकृष्णको भक्तवात्सल्यको भावमय लीला बेग्लै स्वाद लिएर

देखापरेको छ । यसपछि श्रीकृष्णले सूर्यग्रहणको प्रसङ्गमा कुरुक्षेत्रमा भेला भएका गोप-गोपीहरूलाई भेटी आध्यात्मिक ज्ञानको उपदेश गर्नुभएको छ । भगवान् श्रीकृष्णले कंसद्वारा मारिएका सबै दाजुहरूको दर्शन गराउनु, वेदहरूले गरेको भगवान्को स्तुति र त्रिदेवहरूको परीक्षामा भगवान् विष्णु नै सर्वश्रेष्ठ सिद्ध हुनुभएको वर्णन गरी दशमस्कन्ध सम्पूर्ण हुन्छ । एकादशस्कन्धमा नारदले वसुदेवलाई सुनाउनुभएको नवयोगेश्वरको प्रसङ्ग र उद्धवलाई ज्ञानोपदेश गर्ने क्रममा श्रीकृष्णले बताउनुभएको अवधूतोपाख्यान र हंसोपाख्यानको प्रसङ्गसँगै यो खण्ड सम्पूर्ण भएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

पचपन्नौँ अध्यायमा प्रद्युम्न जन्मको प्रसङ्गमा स्वामीजीले धर्मसँग नबाझ्ने काम भगवान्कै विभूति हो भन्ने गीतावचनका आधारमा त्यस्तो काम नै कृष्णपुत्रका रूपमा जन्मिएको हो भनी पुष्टि गर्नुभएको छ (पृष्ठ ८) । गोपीहरूलाई कृष्णले ज्ञानोपदेश गर्दा गोपीहरूको जीवकोष ध्वस्त भएको भन्ने शुकदेवको भनाइले भक्तिको परिपाक भएपछि ज्ञान प्राप्त हुन्छ भन्ने पुष्टि गर्दछ भनिएको छ (पृष्ठ ३६८-३६९) । भगवान् श्रीकृष्ण मिथिलामा जाँदा बहुलाश्व राजा र श्रुतदेव ब्राह्मणमाथि अनुग्रह गर्नुभएको र श्रुतदेवले कृष्णप्रेममा तन्मय भई जगत्लाई बिर्सिएको प्रसङ्गको भावपूर्ण व्याख्या गरिएको छ । दशमस्कन्धको सतासीऔँ अध्याय वेदस्तुतिको नामले प्रसिद्ध छ, जसमा सबैभन्दा पहिले निर्गुण ब्रह्मतत्त्वलाई वेदहरूले कसरी बताउन सक्छन् ? भन्ने प्रश्न उठेको छ । जसको निष्कर्षको रूपमा वेदहरूले ब्रह्मलाई साक्षात् शब्दद्वारा बताउने नभई माया एवम् मायाको कार्यलाई निषेध गरेर बताउँछन् भन्ने निष्कर्ष निकालिएको छ । वेदस्तुतिका हरेक श्लोकहरूलाई श्रीधर स्वामीले आफ्नो भावमा संक्षेपीकृत गर्नुभएका श्लोकहरूको पनि व्याख्या गरिएको छ भने यी सबै

श्लोकहरूलाई कृष्णलीलाका विभिन्न चरित्रहरूको रूपमा अर्थ्याउन सकिने कुराको उल्लेख गरी स्वामीजीले भक्ति र वेदान्तको समन्वय प्रस्तुत गरिदिनुभएको छ । सनातन गोस्वामीको बृहद्वैष्णवतोषिणी व्याख्याको सहारा लिँदै वेदस्तुतिका हरेक श्लोकहरूलाई जब लेखकले अलग-अलग कृष्णलीलाको रूपमा उल्लेख गर्नुहुन्छ तब पाठकलाई अर्को एउटा भावावेगले पनि झङ्कृत बनाउन थाल्छ । त्यो हो- एउटै वाक्यबाट परस्परविरोधी दुई थरी भावलाई बताउन सक्ने संस्कृतवाङ्मयको अर्थगाम्भीर्य र त्यसका शब्दहरूमा अन्तर्निहित विलक्षण सामर्थ्य । राजर्षि जनकस्मृतिकोषद्वारा प्रकाशित वेदस्तुतिको तत्कालीन व्याख्या र श्रीमद्भागवत अनुवाद गर्ने क्रममा गरिएको वेदस्तुतिको यो व्याख्याका बीच धेरै भिन्नता छ । त्यस बेलाका कठोर वेदान्ती लेखकलाई श्रीमद्भागवतको भक्तिरसले चुर्लुम्म डुबाई भक्तिमिश्रित वेदान्तीको रूपमा रूपान्तरित गरिदिएको स्पष्ट मूल्याङ्कन गर्न सकिन्छ । भाषाशैलीको प्रवाह, सुललित पदविन्यास, विश्लेष्य विषयको व्यापकताजस्ता विविध विशेषताहरूले गर्दा वेदस्तुतिको यो व्याख्या स्वयं लेखककै पुरानो कृतिका लागि पनि अजेय बनेको छ ।

यसपछिका दुई अध्यायमा भगवान् विष्णुको प्रशंसाका लागि शिवजीको थोरै निन्दा गरेजस्तो लाग्ने प्रसङ्गलाई लेखकले जसरी शिवनिन्दातर्फ ढल्किन नदिई भगवान् विष्णुको प्रशंसा गर्ने अर्थमा मात्र व्याख्या गर्नुभएको छ, त्यसमा उहाँले मीमांसाशास्त्रको यही प्राचीन मर्यादालाई परिपालन गर्नुभएको छ – न हि निन्दावाक्यं निन्दितुं प्रवर्तते अपि तु विधेयं स्तोतुम् अर्थात् निन्दाको तात्पर्य निन्दामा नभई विधेयको स्तुतिमा नै छ । दशमस्कन्धको अन्तमा कृष्णपत्नीहरूको विरहावस्थालाई शुकदेवले यसरी प्रकट गरिदिनुभएको छ, जसबाट कृष्णप्रेमको भावनामा उनीहरू पनि गोपीजत्तिकै डुबेका थिए भन्ने

स्पष्ट भएको छ । त्यस प्रसङ्गलाई पनि लेखकले राम्ररी विश्लेषण गर्नुभएको छ। एकादशस्कन्धको सुरुवातमा वसुदेवलाई देवर्षि नारदले नवयोगेश्वरहरूको कथा सुनाउनुभएको छ । नवयोगेश्वरहरूका भक्ति, ज्ञान र वैराग्यमिश्रित ती उपदेशहरूलाई स्वामीज्यूले विस्तारपूर्वक व्याख्या गर्नुभएको छ । भोकाएको मान्छेले हरेक गास खाँदै जाँदा शरीरमा पुष्टि, मनमा सन्तुष्टि र बुभुक्षा शान्त भएझैँ भगवान्को शरणमा जाने भक्तहरूलाई भक्ति, ज्ञान र वैराग्य आफसे-आफ प्राप्त हुँदै जान्छ भन्ने श्लोकको व्याख्या गर्दा मार्जारन्याय र मर्कटन्यायको उल्लेख गरी भक्तिशास्त्रीय दृष्टिकोण उपस्थित गरिएको छ (पृष्ठ ६०१-६०३)। अन्तरिक्ष योगेश्वरले मायाको उपदेश गरेको प्रसङ्गमा वेदान्तशास्त्रअनुसार मायाका स्वरूप र विशेषताहरूको विस्तारपूर्वक चर्चा गरिएको छ (पृष्ठ ६१०-६११)।

नव योगेश्वरहरूमध्ये पिप्पलायनले गर्नुभएको उपदेश सबैभन्दा सूत्रात्मक र रहस्यपूर्ण छ । जाग्रत्, स्वप्न र सुषुप्तिरूपी तीन अवस्था, वेदले ब्रह्मलाई बताउने निषेधशैली, ब्रह्मको सर्वरूपता, अवस्थाहरूको व्यभिचार हुँदा पनि ब्रह्मको अव्यभिचार र सुषुप्ति अवस्थामा अहङ्कार निदाउँदा पनि कूटस्थ आत्माको स्वयंप्रकाशताजस्ता विषयहरूलाई स्वामीजीको लेखनीले कैयौँ पृष्ठ (६२२-६३४) मा व्याख्या-विश्लेषण गरेको छ । आफ्ना सत्सङ्ग, प्रवचनहरूमा नवयोगेश्वरको प्रसङ्ग उठ्दा धेरैजसो दोहोऱ्याइने गरेको पिप्पलायनोपदेशलाई लेखकले प्रवचनमा मात्र नभई लेखनमा पनि उत्तिकै आदर दिएको देखिन्छ । वैदिक यज्ञमा पशुको आलभन भनेको हिंसा नभई त्यसलाई स्पर्श गरेर छाडिदिनु हो र सौत्रामणी यज्ञमा सुरापानको तात्पर्य नाकले सुँघ्नुमात्र हो भन्ने चमस योगेश्वरको भनाइलाई लेखकले आफ्नो व्याख्याद्वारा समर्थन र पुष्ट गर्नुभएको छ (पृष्ठ ६५२-६५३)। त्यसपछि उद्धव र श्रीकृष्णको संवादको प्रसङ्गमा

उद्धवको शरणागति, श्रीकृष्णले गर्नुभएका गहिरा उपदेशको विस्तृत व्याख्या प्रस्तुत गरिएको छ । अन्तमा हंसोपाख्यानको प्रसङ्गमा शनकादिले हंसरूपी भगवान्सँग हजुर को हुनुहुन्छ ? भनी प्रश्न गर्दा तिमीले गरेको प्रश्न नै मिलेन भनी गहिरो वेदान्तको उत्तर दिइएको छ । यी सबै प्रसङ्गहरूलाई स्वामीजीको लेखनीले प्रशस्त व्याख्या-विश्लेषण गरेको छ । यस खण्डमा वेदस्तुतिको समन्वयपूर्ण व्याख्यामा स्वामीज्यूको विशेष भावदृष्टि र विद्वत्ताको परिचय प्राप्त हुन्छ भने नवयोगेश्वरको उपाख्यान, उद्धव र श्रीकृष्णको संवादजस्ता विषयहरूमा पनि उहाँको व्याख्याशैली ओजस्वी एवम् मनोहारी छ ।

### ३.४.१३ शिवमहिम्नःस्तोत्रम्

**संक्षिप्त विषयवस्तु**

डा. स्वामीजीद्वारा शिवमहिम्नःस्तोत्रमाथि अनुवाद र व्याख्या गरिएको यो ग्रन्थ २०७० साल घटस्थापनामा महेश संस्कृत गुरुकुलबाट प्रकाशित भएको छ । पुरोवाक्को रूपमा लेखकको मन्तव्य र डा. गुरुप्रसाद सुवेदीको भूमिका नामको २५ पृष्ठको अनुसन्धानात्मक आलेखले ग्रन्थको महत्त्व उजागर गरेको छ । पुष्पदन्त नामक गन्धर्वले पृथिवीबाट सुन्दर फूलहरू चोरी आफ्ना आराध्य शिवलाई अर्पण गर्ने गरेको सन्दर्भमा पृथिवीका राजाले चोरलाई पक्डिन अलौकिक उपाय गरी पुष्पदन्तको अन्तर्धान हुने शक्ति नष्ट गरिदिएपछि यो स्तोत्र रचिएको हो ।

पुष्पदन्तले स्तुति गर्दा आरम्भमा एउटा विवादित प्रसङ्ग उठाएका छन्- परमात्माको स्तुति हुन सक्छ या सक्दैन । गुणको वर्णन गर्नु नै स्तुति हो । परमात्माका अनन्त गुणहरूलाई कसैले पनि थाहा पाउन नसक्ने भएकाले नजानिकनै गरिएको स्तुति कसरी प्रामाणिक हुन सक्छ ? यो समस्याको निराकरण गर्न ब्रह्मा आदि देवताहरूको दुहाइ दिइएको छ । परमात्माको अनन्त महिमालाई ब्रह्मा आदिले पनि पूर्ण

रूपमा जान्न सकेका छैनन् । अतः सबैभन्दा पहिले तिनीहरूले गरेको स्तुति नै बन्द हुनुपर्छ । यदि आफ्नो शक्तिअनुसार स्तुति गर्न पाइन्छ भने मैले गरेको स्तुति पनि उपयुक्त नै हुनेछ । पुष्पदन्तले परमात्माको निराकार स्वरूपको स्तुति हुन नसके पनि सगुण, साकार स्वरूपको स्तुति गर्न सकिने बताएका छन् । उनले स्तुतिद्वारा भगवान्लाई खुशी पार्नभन्दा पनि आफ्नो वाणीलाई पवित्र गर्नका लागि नै प्रयास गरेको बताएका छन् । संसारको सृष्टि, स्थिति र प्रलय गर्ने परमात्माको ऐश्वर्य अनन्त छ, तीनै वेदले पनि परमात्माको यही ऐश्वर्यको बखान गरेका छन् । उहाँले अरु कुनै पनि पदार्थको सहायताविना नै संसारको सृष्टि, स्थिति र पालन गर्नुहुन्छ । आफैँले आफैँलाई आफैँमा आफैँद्वारा अनन्त रूपमा प्रकट गर्न सक्नु परमात्माको सामर्थ्य भएकाले त्यस विषयमा कुतर्क गर्नु आवश्यक छैन । वेदान्त, साङ्ख्य, योगजस्ता वैदिक सिद्धान्त र शैव, वैष्णव आदि तान्त्रिक सिद्धान्तहरूको पालना गर्नाले पनि अन्तमा सबै नदी समुद्रमा मिलेजस्तो शिवमा नै प्राप्त भइन्छ । यस्ता विभिन्न भावहरूद्वारा स्तुति गरेका छन् ।

पुष्पदन्त भन्छन्- सम्पूर्ण देवताहरूलाई आफ्नो आँखीभौँको इसाराद्वारा मात्र अनन्त ऐश्वर्य प्रदान गर्न सक्ने शिवले आफ्ना लागि भने बूढो गोरु, खट्वाङ्ग, टुटेको बञ्चरो, मृगको छाला, खरानी, सर्प र खप्परमात्र राख्नुभएको छ । यसबाट उहाँको आत्माराम स्वभाव प्रकट भएको छ । विभिन्न दार्शनिकहरूले परमात्माको स्वरूप बताउने क्रममा परस्परमा प्रशस्त मतभेद जन्माएको देखेर मैले त परमात्माको के स्तुति गर्न सकुँला ? भनी आफू लजाइरहेको भाव पुष्पदन्तले प्रकट गरेका छन् । त्यसपछि ब्रह्मा र विष्णुको अघि ज्योतिर्लिङ्ग प्रकट भएको प्रसङ्ग, रावणमाथि अनुग्रह र उसको अभिमानको निग्रह गर्नुभएको प्रसङ्ग, बाणासुरको शिवभक्ति, कालकूट विषको पान, कामदेवको संहार, प्रदोषको ताण्डवनृत्य, गङ्गाको धारण, त्रिपुरासुरको संहार,

विष्णुलाई सुदर्शन चक्र प्रदान, कर्मफलको प्रदान, दक्षयज्ञको ध्वंस, ब्रह्माजीको मोहको नाशजस्ता विविध पौराणिक कथाप्रसङ्गहरूलाई एक-एक श्लोकमा बताउँदै त्यसको विशिष्ट सन्देश पनि पुष्पदन्तले प्रस्तुत गरेका छन् । शिवको शीलस्वभाव अमङ्गलजस्तो लागे पनि उहाँ मङ्गलमय हुनुहुन्छ, योगीहरूद्वारा आराध्य उहाँ सारा संसारकै रूपमा अष्टमूर्ति स्वरूपले प्रकट हुनुभएको छ भन्दै ॐकारको अर्थ पनि शिव नै भएको बताएर पुष्पदन्तले सर्वस्वरूप शिवलाई बारम्बार नमस्कार गरी भक्तिभावको कारणले मात्रै आफूले स्तुति गर्न दुस्साहस गरेको भन्दै स्तोत्र टुङ्ग्याएका छन् । आफैँमा अत्यन्त भावमय र अर्थगम्भीर लाग्ने यस स्तोत्रको त्यस्तै भावुक र गाम्भीर्यपूर्ण व्याख्या स्वामीजीबाट भएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

शङ्कराचार्यपरम्पराका हरेक आश्रमहरूमा सायङ्कालमा नित्यपाठ गरिने यो सिद्ध स्तोत्रको हरेक पदको नेपाली अनुवाद र विवरण गरिने कृति नेपाली भाषासाहित्यमा पहिलो हो । अझ विभिन्न प्रमाणहरूका साथ दार्शनिक विषयवस्तुको स्वामीजीले गर्नुभएको विश्लेषणलाई समेत मूल्याङ्कन गर्दा यो अद्वितीय नै हो । शिव र विष्णुको अभेदलाई बताउने उद्देश्यले स्तोत्रका हरेक श्लोकहरूको विष्णुपरक अर्थ पनि गरिएको छ, जसमा मधुसूदन सरस्वतीको प्रसिद्ध संस्कृत व्याख्याको सहायता लिएको कुरा उल्लेख गरिएको छ ।

स्तोत्रको व्याख्या गर्ने क्रममा सुरुको विषयप्रवेशमा नै लेखकले यो स्तोत्र वास्तवमा शिवलाई प्रसन्न बनाउन र उहाँको कृपा प्राप्त गर्न नभई निरन्तर बर्सिरहेको शिवकृपालाई ग्रहण गर्नका लागि रचिएको हो भन्नुभएको छ (पृ.३७)। भगवान्का सबै स्तुतिहरू भगवान्लाई प्रसन्न बनाउने साधन होइनन्, उहाँको प्रसन्नतालाई आफूले धारण गर्ने माध्यममात्र हुन् भन्ने भनाइले लेखकको भावमय दृष्टिकोण

प्रकट भएको छ । पुष्पदन्तले श्लोकैपिच्छे शिवलाई सम्बोधन गरेका अलग-अलग पदावलीहरूको विशिष्ट भाव आकर्षक रूपले प्रस्तुत गरिएको छ । सातौँ श्लोकको व्याख्या गर्ने क्रममा त्यहाँ सङ्केत गरिएका वैदिक र तान्त्रिक सबै शास्त्रका मतहरूको संक्षिप्त चर्चा र उल्लेख गरिएको छ, जसले गर्दा एउटै श्लोकको व्याख्या २५ पृष्ठको (पृ.६६-९१) हुन पुगेको छ। त्यसमा वेदका अङ्ग, उपाङ्ग, षड्दर्शन र तन्त्रका शैव, वैष्णव आदि परम्पराको संक्षिप्त रूपमा सर्वाङ्ग वर्णन छ भने परमात्मालाई प्राप्त गर्ने विभिन्न बाटाहरूमध्ये वैदिक मार्ग छोटो र अन्य धर्मसम्प्रदायका मार्गहरू लामो भएको निष्कर्ष निकालिएको छ । आठौँ श्लोकको व्याख्यामा शिवको साथमा भएका बूढो गोरु, खट्वाङ्ग आदिको विशिष्ट आध्यात्मिक तात्पर्य बताइएको छ (पृ.९५-९८) । जसअनुसार बूढो गोरु भनेको धर्म, खट्वाङ्ग भनेको मोक्ष, परशु भनेको विवेक, मृगचर्म भनेको संसार, विषालु सर्प भनेको वासनायुक्त मन र खप्पर भनेको इन्द्रियद्वारा प्राप्त हुने ज्ञानको स्वरूप हो भने भस्मधारण गर्नुले शिवको ज्ञानदृष्टिद्वारा सम्पूर्ण जगत्‌को वाध भएको या भस्म भएको रहस्यतर्फ सङ्केत गरेको छ ।

रावणले शिवको आराधना गरेको प्रसङ्गमा रावणको आध्यात्मिक अर्थ अहङ्कार भनी गरिएको छ (पृ.११०) । अहङ्कारका ज्ञानेन्द्रिय र कर्मेन्द्रिय गरी १० टाउका छन् । अहङ्कारपूर्वक शिवको आराधना गर्दा फल त पाइन्छ तर पछि अहङ्कारकै कारण दण्ड पनि पाउनुपर्छ भनिएको छ । शिवले विषपान गर्नुलाई जीवको अज्ञान हरण गरिदिनु भनिएको छ । शिवले प्रदोषनृत्य गर्दा पृथिवी, अन्तरिक्ष र स्वर्ग अस्तव्यस्त हुनु मूलाधार, हृदय र आज्ञाचक्रमा ऊर्जाको कम्पन हुनु हो भनिएको छ (पृ.१३१-१३३) । गङ्गाधारण गर्नु ज्ञानधारण गर्नुको प्रतीक हो (पृ.१३६) । त्यसैगरी त्रिपुरासुरलाई नाश गर्नु जीवका स्थूल, सूक्ष्म र कारण यी तीनैथरी शरीरलाई नष्ट गरिदिनु हो (पृ.१४०-४१) ।

विष्णुलाई सुदर्शन चक्र दिनु भनेको सबैतिर शिव दर्शन गर्न सक्ने ज्ञान दिनु हो (पृ.१४५-४६) । शिव श्मशानमा रमाउनुको तात्पर्य साधनाद्वारा राग-द्वेष आदि दुर्भावहरू जलेको पवित्र हृदयमा निवास गर्नु हो (पृ.१६३) । यसप्रकार सम्पूर्ण लीलाप्रसङ्गहरूको विशिष्ट आध्यात्मिक तात्पर्य लेखकले उल्लेख गर्नुभएको छ । शिवभक्तिका प्रसङ्गहरूलाई वेदका विभिन्न मन्त्र, स्मृति, पुराण र उपनिषद्हरूको आधारमा पुष्टि गर्नु यो व्याख्याको विशेषता हो । व्याख्या गर्दा स्वामीजी शिवभक्तिको भावलोकमा चुर्लुम्म डुब्नुभएको देखिन्छ । लामो व्याख्यामा पनि कहीँ भाव टुटेको देखिँदैन । स्तोत्रको व्याख्या गर्दा सबैभन्दा धेरै मधुसूदन सरस्वतीद्वारा विरचित टीकाको सहायता लिइएको छ । जसका विभिन्न वाक्यहरूको उल्लेख विवरणमा भएको छ ।

लेखकले ३२ श्लोकसम्मको प्रकरणमात्र पुष्पदन्तले रचना गरेका हुन्, त्यसपछि फलश्रुतिका रूपमा अरु श्लोकहरू थपिएका हुन् भनी किटान गर्नुभएको छ (पृ.२०९-१०) । सम्पूर्ण सन्दर्भहरूको उद्धरण प्राप्त भए पनि शिवलीलाका विशिष्ट तात्पर्यहरूको युक्तियुक्त आध्यात्मिक व्याख्या गर्ने दृष्टिकोण नै अनुद्धरित छ । सायद गुरुपरम्परा र आफ्नो शास्त्रचिन्तनको फलस्वरूप लेखकमा यो अन्तर्दृष्टि पलाएको हुनुपर्छ । हरेक श्लोकलाई विष्णुपरक अर्थ गर्ने क्रममा भने अपेक्षाभन्दा अलिक कम सङ्केतमात्रको प्रयोग गरिएको छ । यसले शिवपरक अर्थतिर नै लेखकको झुकाव भएको सहजै अनुमान हुन्छ । समग्रमा शिवभक्ति र वेदान्तको एकैपटक रसास्वादन गर्न खोज्ने पाठकहरूका लागि प्रस्तुत कृति बेजोड स्वादिलो बनेर देखापरेको छ ।

### ३.४.१४ श्रीमद्भागवतमहापुराण सातौँ खण्ड

**संक्षिप्त विषयवस्तु**

यस ग्रन्थमा श्रीमद्भागवत एकादशस्कन्धको चौधौँ अध्यायदेखि भागवतको समाप्तिसम्मको प्रसङ्ग एवम् स्कन्धपुराणान्तर्गत भागवतमाहात्म्य र भागवतका सम्पूर्ण श्लोकहरूको अनुक्रमणिका समावेश गरिएको छ । भगवान् श्रीकृष्णले उद्धवलाई गर्नुभएको अध्यात्म उपदेश यसको मुख्य विषयवस्तु हो । कर्मयोग, भक्तियोग र ज्ञानयोग, यी तीन योगका अधिकारी साधकहरू र साधनाबाट प्राप्त हुने फल आदि सबै विषयमा श्रीकृष्णले उद्धवलाई विस्तारपूर्वक बताउनुभएको छ । प्रकृति-पुरुषजस्ता विभिन्न तत्त्वहरूको चर्चा, वर्णाश्रम धर्मको निरूपण, आत्मतत्त्वको वर्णन, भागवतधर्मको निरूपण र यदुकुलको संहार गरी भगवान्को धामगमनजस्ता विषयवस्तु प्रस्तुत गरी एकादशस्कन्ध सम्पूर्ण भएको छ । द्वादशस्कन्धमा कलियुगका राजाहरूको वंशपरम्परा, कलियुगको गुण र दोष, राजा परीक्षित्लाई शुकदेवको अन्तिम उपदेश, वेदका शाखा-उपशाखाहरूको विस्तार, मार्कण्डेय उपाख्यान र अन्तिम दुई अध्यायमा श्रीमद्भागवतको सम्पूर्ण कथाप्रसङ्गको सारसंक्षेपसहित श्रीमद्भागवतको विशेष महिमा बताइएको छ । स्कन्दपुराणअन्तर्गत माहात्म्यमा उद्धवको साधना र अन्वेषणबाट व्रजभूमिको पुररुद्धार एवम् त्यसको महत्त्वजस्ता विषयहरूको चर्चा छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

श्रीमद्भागवत भगवान्को भन्दा पनि भगवान्का भक्त भागवतहरूको महिमागान गर्ने पुराण हो । यहाँ ठाउँ-ठाउँमा भगवान् स्वयंले आफूभन्दा भक्तहरू श्रेष्ठ छन् भनी बताउनुभएको छ । श्रीकृष्णले उद्धवलाई ज्ञानोपदेश गर्ने क्रममा पनि आफू भक्तहरूको चरणबाट उडेको धूलो शिरमा धारण गर्ने अवसरको खोजीमा उनीहरूको

पछि-पछि लाग्ने विलक्षण कुरा बताउनुभएको छ। भगवान् साँच्चै आफ्नै कल्याणका लागि भक्तको पछि लाग्नुपरेको हो ? अथवा भक्तहरूको रक्षा र कल्याण गर्ने दृष्टिले पछि-पछि लाग्नुभएको हो ? या अन्य कुनै उद्देश्यले उहाँले त्यसो गर्नुभएको हो ? भन्ने विषयमा विभिन्न टीकाकार र भावुक भक्तहरूले आ-आफ्नै धारणा राखेका छन्। स्वामीजीले ती सबै मतहरूलाई उल्लेख गर्दै अन्तमा अरु कुनै कारणले नभई प्रेमको परवश भएकाले मात्र भगवान् त्यसरी पछि लाग्नुभएको हो भनी आफ्नो अलग दृष्टिकोण राख्नुभएको छ (पृष्ठ १३-१४)। आफ्ना अनन्य भक्तलाई भगवान्ले स्वयं तत्त्वज्ञान प्रदान गर्नुहुन्छ र त्यसो मान्दा पनि महावाक्यश्रवणको मर्यादामा कुनै आँच आउँदैन भन्ने व्याख्याताको युक्तिपूर्ण दृष्टिकोण रहेको छ (पृष्ठ १७-१९)। भगवान्ले कर्म, भक्ति र ज्ञानयोगको स्वरूप एवम् फल उपदेश गर्नुभएको प्रसङ्गलाई पनि सुललित शैलीमा व्याख्या-विश्लेषण गरिएको छ। भिक्षुगीतको प्रसङ्गमा दुःखको मूल कारण देवता, कर्म, काल, ग्रह र शत्रुहरू नभई मन नै सबै दुःखको मूल कारण हो भन्ने आध्यात्मिक दृष्टिकोणलाई तर्कपूर्वक व्याख्या गरी सिद्ध गरिएको छ।

एकादशस्कन्धको अठ्ठाइसौँ अध्यायमा भगवान्ले उद्धवलाई वेदान्तदर्शनको सारभूत निष्कर्षको उपदेश गर्नुभएको छ। संसारको मिथ्यात्व, आत्माको असङ्गता, तुरीय आत्मतत्त्वको सर्वत्र अन्वय, आत्मा र अनात्माको विवेक, सत्सङ्गको महत्त्व, जीवन्मुक्तको अनुभवजस्ता गहिरा विषयहरूलाई स्वामीजीको व्याख्यानशैलीले शास्त्रप्रमाण र युक्तिद्वारा अझै परिपुष्ट बनाइदिएको छ। त्यही बीचमा एउटा प्रश्न आउँछ- संसारचक्रमा फँस्नेवाला को हो ? आत्मतत्त्व असङ्ग भएकाले र अन्तःकरण जड भएकाले यी दुवै बन्धनमा नपर्ने भएपछि संसारमा बाँधिएको को हो ? भन्ने जिज्ञासाको उत्तरमा

आत्मा र अन्तःकरणको तादात्म्य भई बनेको जीवभाव या अहङ्कार नै बन्धनमा फँसेको हो भनी निर्क्योल गरिएको छ (पृष्ठ २२१-२२२)। उद्धवलाई तत्त्वज्ञानी बनाई बिदा गरिसकेपछि स्वामीज्यूको लेखनीले शुकदेवको अन्तिम उपदेशको प्रसङ्गमा पुगेर फेरि अर्को पटक आफ्नो भावुक हृदय प्रकट गरेको छ। हरिकीर्तनको महिमा बताइएको प्रसङ्गमा दशवटा नामापराधहरूको विवेचना गरिएको छ (पृष्ठ ३१४-३१५)। शुकदेव राजालाई हप्काउँदै भन्नुहुन्छ- शरीर मर्दा म मर्छु भन्ने तिम्रो सोचाइ त पशुहरूको जस्तो छ। जन्म, मृत्यु आदि सारा खेल मनको रचना हो। मनरूपी दियोमा वासनारूपी तेल रहुन्जेल कर्तृत्वभावरूपी ज्वाला निरन्तर बलिरहन्छ। त्यसको अभावमा आत्मा आफ्नै स्वयंप्रकाश स्वरूपमा अवस्थित हुन्छ भनी शुकदेवले उपदेश गर्नुभएका हरेक वाक्यको विस्तृत विवेचन र प्रमाणहरूद्वारा पुष्टिसमेत गरिएको छ। उपदेशको अन्तमा भागवतको महावाक्य आउँछ - **अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम्**। यहाँ अहम्लाई उद्देश्य गरी ब्रह्मत्वको र ब्रह्मलाई उद्देश्य गरी अहन्त्वको विधान गरेर यी दुईबीचको काल्पनिक भेदलाई जरो-किलोसहित उखेल्न खोजिएको छ। यस प्रसङ्गलाई उपनिषद्, गीता, पञ्चदशी, विवेकचूडामणिजस्ता वेदान्त ग्रन्थहरूबाट पुष्टि गरी ब्रह्माकारवृत्तिको प्रयोजनको समेत लेखकले व्याख्या गर्नुभएको छ (पृष्ठ ३४०-३४२)।

अन्तमा भागवतको अविच्छिन्न परम्परा, योगिराज शुकदेवको महत्त्व, भक्ति र नामसङ्कीर्तनको महिमाजस्ता विषयहरूलाई भावपूर्ण व्याख्या गरी व्याख्याताले आफ्नो भावपुष्पाञ्जलि समर्पण गर्नुभएको छ। श्रीमद्भागवतका अठारै हजार श्लोकहरूको अनुक्रमणिकासमेत समावेश गरिएकाले अनुसन्धाताहरूको उपकार भएको छ। समग्रमा श्रीमद्भागवतका हरेक पद-पदको नेपालीमा व्याख्या गर्नु, त्यसको सुललित भावार्थ प्रकट गर्नु र जहाँ-जहाँ गहिरा

दार्शनिक एवम् भावपूर्ण प्रसङ्गहरू आउँछन् त्यहाँ सबै प्रसङ्गहरूको महत्त्वका साथ व्याख्या गर्नुले लेखकको यो ज्ञानयज्ञलाई अद्वितीय र सुमधुर बनाइदिएको छ । लेखक स्वयं अद्वैत वेदान्तका तार्किक व्याख्याता भएकाले भागवतलाई त्यही एकाङ्गी दृष्टिले मात्र व्याख्या गर्नुहोला भन्ने पूर्वधारणाविपरीत भक्ति र ज्ञानको सुन्दरतम समन्वय प्रस्तुत गर्न सक्नु नै सबैभन्दा ठूलो विशेषता मान्नुपर्छ । ब्रह्माकारवृत्ति, श्रवण-मनन-निदिध्यासनको आवश्यकता, जगत्को मिथ्यात्वजस्ता दार्शनिक सिद्धान्तहरूसँग नबाझिने गरी भक्तिको महत्त्व र त्यसबाट तत्त्वज्ञान प्राप्त हुने रहस्यलाई प्रस्तुत गर्नु सामान्य कौशल होइन । भक्ति र ज्ञानको सुन्दर समन्वय नै श्रीमद्भागवतको नयाँ प्रस्थान हो । यो यस्तो राजमार्ग हो जसमा आँखा चिम्लेर दौडिए पनि लड्ने र खस्ने डर हुँदैन (श्री.भा.महा.११/२/३५) । भागवतका प्रवक्ता शुकदेव र त्यसका व्याख्याता श्रीधरस्वामीपछि यो समन्वय-प्रस्थानलाई पुनर्जीवित गराउने काम भागवतको रामानन्दी टीका र त्यसका व्याख्याताबाट सम्पन्न भएको छ । विभिन्न विज्ञहरूले पनि डा. स्वामीजीले यही ऐतिहासिक आवश्यकताको आकलन गरी रामानन्दी टीकाको प्रणयन गर्नुभएको भनी आफ्नो धारणा राखेका छन् (प्रा. दीर्घराज घिमिरे, प्रस्तावना, श्रीमद्भागवत रामानन्दी टीका, प्रथमखण्ड, पृष्ठ ७) । यसरी समयको आवश्यकता, आफूभित्र भक्तिमिश्रित वेदान्तको निष्ठा, पुख्र्यौली संस्कारको आधारमा बाल्यकालदेखिकै भागवतप्रेम र जिज्ञासुहरूको अनुरोधजस्ता विविध कारणहरूको जगमा श्रीमद्भागवत रामानन्दी टीकारूपी दिव्य भावमन्दिर खडा भएको छ । ऐतिहासिक कार्य गर्ने ऐतिहासिक पात्रलाई इतिहासले नै उचित सम्मान दिनेछ ।

### ३.४.१५ दक्षिणामूर्तिस्तोत्र

**संक्षिप्त विषयवस्तु**

२०७१ साल गुरुपूर्णिमामा महेश संस्कृत गुरुकुलद्वारा प्रकाशित यो ग्रन्थ आद्य शङ्कराचार्यद्वारा विरचित स्तोत्रको नेपाली अनुवाद हो । पुरोवाक्को रूपमा लेखकीय मन्तव्य र डा. गुरुप्रसाद सुवेदीको भूमिकाले ग्रन्थको विषयवस्तु र सन्दर्भमा प्रकाश पारेको छ । दक्षिणामूर्ति भनेको शिवले शनकादि ऋषिहरूलाई उपदेश गर्न धारण गर्नुभएको गुरुमूर्ति हो । उहाँलाई सबै गुरुहरूका आदि गुरु मानिन्छ । शाङ्करवेदान्तको परम्परामा वेदान्तस्वाध्यायभन्दा अघि ईश्वर, गुरु र शिष्य गरी तीन भेदमा प्रकट भएका दक्षिणामूर्तिलाई नमस्कार छ भनी मङ्गलाचरण गर्ने गरिन्छ । यसरी शाङ्कर परम्परामा अद्वितीय ब्रह्मतत्त्वकै नाम दक्षिणामूर्ति हो, जसलाई यस स्तोत्रमा गुरुमूर्तिको रूपमा नमस्कार गरिएको छ । ऐनामा देखिएको सहरजस्तो सारा संसार परमात्माभित्रै भएर पनि मायाद्वारा बाहिर देखापरेको छ र अद्वितीय तत्त्वको ज्ञानद्वारा यो भ्रम नष्ट हुन्छ । महायोगीले आफ्नो इच्छाशक्तिबाट विभिन्न पदार्थलाई प्रकट गरेझैँ शिवले आफैँभित्र अव्यक्त रूपमा रहेको सम्पूर्ण प्रपञ्चलाई मायाद्वारा विभिन्न देश, काल, वस्तु र भोक्ता जीवहरूको रूपमा प्रकट गर्नुभएको छ । परमात्माको सत्ता र चैतन्यलाई पाएर नै असत्समानको संसार सत्जस्तो देखिएको छ । उहाँले नै तत्त्वमसि आदि वेदवाक्यहरूद्वारा गुरुको रूपमा शिष्यलाई उपदेश गर्नुहुन्छ र उहाँको वास्तविक स्वरूपलाई साक्षात्कार गरेपछि संसारमा फर्केर आउन पर्दैन ।

आकाशे बत्ती बाल्दा प्वाल परेको घैँटोभित्रबाट दियोको प्रकाश चारैतिर छरिएझैँ हृदयभित्रको आत्माको प्रकाश इन्द्रियरूपी छिद्रको माध्यमले संसारभरि फैलिएको छ । स्वयंप्रकाश आत्मा आफैँमा पहिला प्रकाशित हुन्छ र उसैले सारा संसारलाई निरन्तर प्रकाशित गरिरहेको छ । अज्ञानीहरू शरीर, इन्द्रिय, प्राण, बुद्धि र शून्यलाई आत्मा

भनी आ-आफ्नो अल्पज्ञताको परिचय दिन्छन् । जुन मायाशक्तिको प्रभावद्वारा विभिन्न दार्शनिकहरूसमेत व्यामोहमा परेका छन् त्यस्तो मायालाई संहार गर्ने परमात्मा नै हुनुहुन्छ । खग्रास ग्रहणमा छायारूपी राहुले सूर्य र चन्द्रलाई ढाक्दा पनि तिनको अस्तित्व रहिरहेझैँ सुषुप्ति अवस्थामा मन, इन्द्रिय आदि सबै अज्ञानमा लीन हुँदा पनि व्यक्तिको अस्तित्व जागिरहेको हुन्छ । उठेपछि त्यही आफ्नो अस्तित्वलाई लिएर म ढुक्कसँग सुतेँ भनेर बताउँछ । यसप्रकार आत्माको कहिल्यै अभाव छैन । बाल्य, युवा आदि अवस्था र जाग्रत् आदि अवस्थाहरू परिवर्तन भइरहे पनि ती सबै अवस्थाहरूभित्र आत्मा अहम् रूपले प्रकाशित भइरहेको हुन्छ, त्यसमा परिवर्तन छैन । यस्तो अविनाशी आत्माको ज्ञान शिवले ज्ञानमुद्राद्वारा प्रकट गरिरहनुभएको छ । जाग्रत् र स्वप्न अवस्थामा कार्य-कारण, स्वामी-सेवक, गुरु-शिष्य र पिता-पुत्र आदि विभिन्न लौकिक सम्बन्धहरूको रूपमा आत्मा नै देखा परेको छ । मायाको बन्धनमा परेको जस्तो देखिएको पनि त्यही अद्वितीय आत्मा नै हो । शिवतत्त्वले आफूलाई पृथिवी, जल, तेज, वायु, आकाश, सूर्य, चन्द्र र जीव गरी अष्टमूर्तिको रूपमा प्रकट गरेको छ । विवेकीहरूका लागि त्योभन्दा बाहेक अर्को कुनै तत्त्व छैन । यसप्रकार सर्वात्मभावलाई प्रतिपादन गर्ने यो रहस्यपूर्ण महान् स्तोत्रको उपसंहार भएको छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

लेखकले पुरोवाक्मा नै शिवको दक्षिणामूर्तिस्वरूप दक्षिणाभिमुख अघोर मूर्तिभन्दा पृथक् भएको बताउनुभएको छ । अघोर मूर्ति शक्तिले युक्त छ भने दक्षिणामूर्ति शक्तिले रहित छ । त्यहाँ दक्षिणामूर्तिस्तोत्रको आध्यात्मिक र दार्शनिक पक्षको मात्रै व्याख्या गरिएको भनी आफ्नो व्याख्याको सीमा तोकिएको छ । हुन पनि विभिन्न उपनिषद्मा आएका दक्षिणामूर्तिका रहस्यपूर्ण स्वरूपहरू, तन्त्रशास्त्रमा आएको

दक्षिणामूर्तिको प्रसङ्ग, यसको उपासनाविधि आदि साधनात्मक पक्षबारे यहाँ कुनै चर्चा गरिएको छैन । यही नै यस ग्रन्थको सीमा हो । विशेषतया दक्षिणामूर्तिको साधना गर्नेभन्दा पनि यस स्तोत्रको माध्यमले वेदान्तको सुमधुर रसास्वादन गर्ने जिज्ञासुहरूको दृष्टिले व्याख्याको रचना भएको देखिन्छ । लेखकले ग्रन्थको आरम्भमा वेदान्तको नारायण परम्परा र दक्षिणामूर्ति परम्परा गरी दुई परम्परा भएको र आद्य शङ्कराचार्य यी दुवै परम्परासँग सम्बन्धित भएको बताउनुभएको छ । दक्षिणामूर्तिले शिष्यहरूलाई उपदेश गर्ने भाषा मौन भाषा रहेको छ, जसको महत्त्व पनि व्याख्याताले खुलाउनुभएको छ (पृ.१३-१४)। हरेक उपदेश मौनबाट सुरु भएर मौनमा नै टुङ्गिने भएकाले उपदेशको वास्तविक स्वरूप मौन नै हो । गुरुले वर्षौंवर्ष व्याख्या गरे पनि शिष्यले शरीर, इन्द्रिय र मनको खलबलीलाई शान्त गरी मौन भावमा रहनु नै वेदान्त सुन्नुको लक्ष्य हो । अतः मौन आत्मस्थितिबाट संसारलाई तत्त्वज्ञानको उपदेश दिने दक्षिणामूर्ति नै सबै गुरुहरूको आदिस्वरूप हो भन्ने लेखकीय दृष्टिकोण चित्तबुझ्दो छ । प्रस्तुत स्तोत्रलाई व्याख्या गर्दा व्याख्याताले सुरेश्वराचार्यको मानसोल्लास नामक वार्तिक, पुरुषोत्तमानन्द नामक विद्वान्ले लेखेको तत्त्वसुधा टीका र आफ्ना गुरु स्वामी महेशानन्द गिरिज्यूले गर्नुभएको हिन्दी माधुरी व्याख्यालाई आधार लिनुभएको देखिन्छ । त्यसैले व्याख्या गर्ने क्रममा मानसोल्लास आदिका प्रसङ्गहरू ठाउँ-ठाउँमा उठाइएका छन् । ग्रन्थमा चार प्रकारले दक्षिणामूर्ति शब्दको व्युत्पत्ति गरिएको छ ।

१. दक्षिणा = दक्षिणदिगभिमुखा मूर्तिः यस्य सः(पृ.१४)

२. दक्षिणा = अनुकूला मूर्तिः यस्य सः(पृ.१४)

३. श्रीमती=सच्चिदानन्दात्मिका, गुर्वी=अतिमहत्तरा च मूर्तिः यस्य सः (पृ.२६)

४. श्रिया = अनाद्यचिन्त्यमायाशक्त्या, दक्षिणः = सृष्टिस्थित्यन्तरचनानिपुणश्च, परमार्थतः अमूर्तिः = विशेषाकाररहितश्चासौ दक्षिणामूर्तिः= श्रीदक्षिणामूर्तिः (पृ.२७)

हरेक श्लोकपिच्छे दक्षिणामूर्ति शिवलाई नमस्कार गर्नुको तात्पर्य लेखकले अहम्भावलाई पूर्णतया त्याग्नु भनी गर्नुभएको छ। अहङ्कारलाई त्यागी तुरीय आत्मस्थितिमा रहनु नै नमस्कारको अर्थ हो भन्ने कुरामा भावनोपनिषद्को प्रमाण दिइएको छ । आत्माको ज्ञानस्वरूपता र स्वयंप्रकाशताजस्ता प्रसङ्गमा लेखकले प्रशस्त विवेचन गर्नुभएको छ (पृ.३७-४०)। तत्त्वमसि महावाक्यको सन्दर्भमा पनि त्यसको वाच्यार्थ र लक्ष्यार्थको विवेचन गरिएको छ (पृ.४२-४३)। चौथो श्लोकमा घैँटोको प्वालबाट प्रकाश निस्केझैँ इन्द्रियको माध्यमबाट पनि आत्माको प्रकाश विषयमा छरिएको बताइएको छ । यस श्लोकको व्याख्या गर्ने क्रममा व्याख्याताले वेदान्तशास्त्रअनुसार अभेदाभिव्यक्ति, चिदुपराग र आवरणभङ्ग गरी वृत्तिका तीन प्रयोजनहरूको उल्लेख गर्नुभएको छ। मानसोल्लासका रचयिता वार्तिककार सुरेश्वराचार्यको मत भने यी तीनै सिद्धान्तभन्दा अलग रहेको भनी तुलना प्रस्तुत गरिएको छ (पृ.४८-५२)।

सुषुप्तिको विवेचन गर्दा छान्दोग्य, बृहदारण्यक आदि विभिन्न उपनिषद्हरूको प्रसङ्ग ल्याई विस्तृत विवेचन गरिएको छ। त्यहाँ ज्ञान र अज्ञान सँगै भएको सन्दर्भमा त्यसको रहस्य बताइएको छ (पृ.६८-६९)। नवौँ श्लोकमा शिवको अष्टमूर्ति उपासनाको व्याख्या गर्दै सोऽहम् भन्ने अजपा गायत्री र ॐकारको बीचमा अन्योन्य सम्बन्धको जसरी निरूपण गरिएको छ, त्यो वेदान्त शास्त्रमा सर्वथा नौलो लाग्छ (पृ.८९-९३)। सुरेश्वराचार्यको व्याख्यालाई अनुसरण गर्दै सोऽहम् वाक्यमा सकार र हकारको लोप गरेर अकारलाई ओकारमा पूर्वरूप गरिदिएपछि ओम् बन्छ अर्थात् अकाररूप जीवलाई

ओंकाररूप ईश्वरमा विलीन गरिदिएपछि प्रणवार्थ प्रकट हुन्छ भनी बताइएको छ । सुरेश्वराचार्यले अष्टमूर्ति उपासनाका सम्बन्धमा अन्य विविध रहस्यहरूको उल्लेख गरेबाट लेखकले सुरेश्वराचार्यको साधनापद्धति यही भएको अनुमान गर्नुभएको छ, जसलाई खण्डन गर्न सक्ने देखिँदैन । समग्रमा यस व्याख्यामा तन्त्रको साधनात्मक रहस्यभन्दा पनि वेदान्तको विचारपक्षलाई जोड दिई शिवको दक्षिणामूर्तिस्वरूपको महिमा गान गरिएको छ, तर सुरेश्वराचार्यको मानसोल्लास वार्तिकमा आगमका प्रसङ्गहरू प्रशस्त प्रयोग भएकाले त्यसको प्रभाववश केही आगमका तत्त्वहरू पनि यहाँ स्वतः समाविष्ट भएको भने बिर्सन मिल्दैन । प्रवाहमय भाषाशैली, सुललित पदविन्यास र हरेक कुरामा शास्त्रीय प्रमाणहरू उपस्थित गरी पुष्टि गर्ने लेखकको शैलीले व्याख्याको उचाइ अझै बढाएको छ ।

## ३.२.१६ ईशादि दश उपनिषद्

### संक्षिप्त विषयवस्तु

२०७३ साल रामनवमीमा महेश संस्कृत गुरुकुलद्वारा प्रकाशित यो ग्रन्थ लेखकले विभिन्न उपनिषद्हरूमाथि गर्नुभएको नेपाली व्याख्या विश्लेषण हो । आरम्भमा पुरोवाक्को रूपमा लेखकले उपनिषद्प्रतिको आफ्नो दृष्टि, तिनको महत्त्व र प्रतिपाद्य विषयलाई संक्षिप्त रूपमा चर्चा गर्नुभएको छ । यसबाट उपनिषद्हरूको व्याख्या गर्दा उहाँले अङ्गाल्नुभएको दृष्टिबिन्दु स्पष्ट हुन्छ । **मुक्तिकोपनिषद्**को अनुसार दश उपनिषद् भनेर **ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, छान्दोग्य** र **बृहदारण्यक**लाई बुझिन्छ । यस ग्रन्थमा भने अन्तिमका दुई उपनिषद्का ठाउँमा **श्वेताश्वतर** र **कैवल्य** उपनिषद्लाई समावेश गरिएको छ । छान्दोग्य र बृहदारण्यक विशालकाय उपनिषद् भएकाले यस ग्रन्थमा समावेश गर्न नसकिएको एवम् श्वेताश्वतर र कैवल्य यी दुई शिवतत्त्वप्रतिपादक उपनिषद्लाई

भने राष्ट्रदेव पशुपतिद्वारा संरक्षित यस मुलुकमा प्रचार गर्न आवश्यक भएको भन्ने लेखकीय धारणासँग असहमत हुन सकिन्न ।

**ईशावास्योपनिषद्**मा परमात्मतत्त्वद्वारा सम्पूर्ण संसार व्याप्त भएको, त्यसलाई बुझ्न निष्काम कर्मको अनुष्ठान गर्नुपर्ने र सर्वात्मक ब्रह्मलाई बुझेपछि शोक, मोह नाश हुने बताइएको छ । त्यहाँ विद्या र अविद्या भनी उपासना र कर्मको समुच्चय बताइएको छ भने उपासनामा सम्भूति र असम्भूति अर्थात् हिरण्यगर्भ उपासना र अव्याकृत उपासनालाई समुच्चय गर्नुपर्ने बताइएको छ । सूर्यमण्डलको अभिमानी हिरण्यगर्भलाई अभेद भावले उपासना गर्ने उपासकले उपास्यसँग एकीभाव प्राप्त गर्न प्रार्थना गरेको प्रसङ्गबाट उपनिषद् पूर्ण हुन्छ । **केनोपनिषद्**मा जीवका मन, प्राण र इन्द्रियहरूलाई ती-ती विषयमा प्रवृत्त गर्ने तत्त्व कुन हो ? भन्ने जिज्ञासाबाट विचारको आरम्भ भएको छ । सम्पूर्ण इन्द्रियको प्रवर्तक ज्ञानस्वरूप आत्मा नै हो, तर त्यसलाई शब्दले यही हो भनेर तोक्न सकिंदैन र मनले पनि त्यसलाई विषय गर्न सक्दैन । मैले ब्रह्मलाई जान्दछु भन्नु नै नजान्नुको परिचय हो भनी बताइएको छ । त्यसैगरी अभिमान र भ्रमद्वारा गाँजिएका देवताहरूलाई ब्रह्मतत्त्वको उपदेश गर्न हैमवती उमा प्रकट हुनुभएको प्रसङ्ग र तत्त्वज्ञानसम्बन्धी अधिदैव र अध्यात्म दृष्टान्तलाई बताएर केनोपनिषद् सम्पूर्ण भएको छ ।

**कठोपनिषद्**मा उद्दालकका छोरा नचिकेताले पिताको आज्ञाबाट सशरीर यमलोक पुगी यमराजसँग ब्रह्मविद्याको वर मागेको प्रसिद्ध आख्यान वर्णित छ । पाँच वर्षको बच्चाले स्वयं मृत्युका अघि अजर-अमर आत्माको रहस्य जान्ने जिज्ञासा गरेको यो प्रसङ्ग आर्ष सभ्यताको ज्ञानगरिमा र वैचारिक उच्चताको दह्रो प्रमाण हो । दिव्य पदार्थहरूको भोग गर्ने धेरैथरी प्रलोभनमा अल्मल्याउन खोज्दा पनि नचिकेता नअल्मलिएपछि यमराजले

आत्मतत्त्वको उपदेश प्रारम्भ गर्नुभएको छ । आत्मामा जन्म, मृत्यु, बुढ्याइँजस्ता अवस्थाहरू छैनन् । विनाशी शरीरभित्र त्यो अविनाशी भएर रहेको छ । शरीररूपी रथको त्यही मालिक हो । इन्द्रियरूपी घोडालाई मनरूपी लगामद्वारा नियन्त्रित गर्न सकेमात्र आत्मालाई पाउन सकिन्छ । इन्द्रियद्वारा गरिएका सारा विषयभोगको प्रकाशक आत्मा नै हो । तलाउमा बर्सिएको पानीको थोपो त्यहीँ अभिन्न रूपले मिलेझैँ तत्त्वज्ञानी व्यक्ति आत्मामा अभिन्न भई मिल्दछ । मानिस वास्तवमा प्राण र अपानको आधारमा नभई तिनको पनि आश्रय आत्मतत्त्वकै आधारमा जीवित छ । सूर्यलाई संसारका कुनै पनि गुण-दोषले नछोएजस्तो ज्ञानस्वरूप आत्मालाई शरीर आदिको गुण-दोषले छोएको छैन । मनुष्यजीवनमा नै आत्मज्ञान प्राप्त गर्न सजिलो छ । पाँच ज्ञानेन्द्रियलाई मनमा र मनलाई बुद्धिमा लीन गरी निश्चेष्ट बनाउने अभ्यास नै योग हो । आत्मालाई छ छ भनेको भरमा प्राप्त गर्न सकिँदैन तर त्यसलाई पाउन शुद्ध विश्वासको खाँचो भने पर्दछ । यसरी नचिकेताले यमराजबाट पाएको ब्रह्मविद्या र योगको रहस्यसमेत बताएर यो उपनिषद् समाप्त हुन्छ ।

**प्रश्नोपनिषद्** अथर्ववेदअन्तर्गतको उपनिषद् हो । यसमा सुकेशा आदि ६ ऋषिहरूले महर्षि पिप्पलादसँग ब्रह्मविद्यासम्बन्धी विभिन्न सन्दर्भमा जिज्ञासा गरेका छन् । ती सबै प्रश्न गर्ने ऋषिहरू तपस्वी भए पनि पिप्पलादले श्रद्धा र ब्रह्मचर्यपूर्वक एकवर्ष तपस्या गरेपछिमात्र उपदेश गर्ने बताउनुभएको छ । योग्य व्यक्तिको परीक्षा गरेर मात्र ब्रह्मविद्या दिनुपर्छ भन्ने प्राचीन मर्यादाको परिपालना गर्दै उहाँले रयि र प्राणको माध्यमले प्रजाहरूको सृष्टि, शुक्लपक्ष र कृष्णपक्षका गति बताउँदै असत्य र छलकपट नभएका श्रद्धावान् तपस्वीहरूले मात्र ब्रह्मलोक प्राप्त गर्न सक्ने बताउनुभएको छ । इन्द्रिय आदि देवताहरूले शरीरलाई धारण गरेको, यिनीहरूमध्ये प्राण नै सर्वश्रेष्ठ भएको, मनको

माध्यमले प्राण शरीरभित्र प्रवेश गरी विभिन्न रूपमा विभक्त भएको र वासनाअनुसार नै अर्को शरीरका लागि प्राणले उत्क्रमण गर्ने कुरा प्राणविद्याको रूपमा बताइएको छ । सुषुप्ति अवस्थामा सम्पूर्ण इन्द्रिय मनमा र मन अविद्यामा लीन भएपछि मनको आधारमा कल्पित भएको जीवभाव पनि अक्षर ब्रह्मतत्त्वमा नै मिल्दछ । यस्तो अक्षर ब्रह्मलाई जान्ने मान्छे स्वयं पनि ब्रह्मस्वरूप नै हुन्छ । त्यसलाई जान्ने साधनको रूपमा प्रणवोपासनाको वर्णन गरिएको छ । प्रणवका अकार, उकार र मकारको फलहरू बताइएको छ भने अन्तमा १६ कलाले युक्त पुरुषको वर्णन गरी ती सम्पूर्ण कलाहरू जुन आत्मामा कल्पित भएका छन् त्यो ब्रह्मलाई जानेपछि मात्र मृत्युबाट पर पुगिने उपदेश छ । यसप्रकार प्राणोपासना र प्रणवोपासनाको क्रमले अक्षर ब्रह्मतत्त्वमा पुऱ्याई उपनिषद् सम्पूर्ण भएको छ ।

**मुण्डकोपनिषद्** पनि अथर्ववेदअन्तर्गत नै पर्दछ । जगत्कर्ता ब्रह्माजीले आफ्ना जेठा छोरा अथर्वालाई उपदेश गरेको ब्रह्मविद्याको यो परम्परामा सर्वप्रथम परा र अपरा गरी दुई विद्याहरूको चर्चा छ । अपरा विद्या भनेको संसारसम्बन्धी विद्या हो । अग्निहोत्र यज्ञ एवम् इष्टापूर्त विविध कर्महरूको अनुष्ठान गरेर स्वर्गलोकको सुख भोग्नु यसको प्रयोजन हो । यसबाट विरक्त भएका व्यक्तिहरूका लागि भने परा विद्या अर्थात् ब्रह्मविद्या हो । आगोबाट झिल्का निस्केजस्तो ब्रह्मबाट निस्केको सम्पूर्ण संसार अन्तमा ब्रह्ममा नै मिल्दछ । वास्तवमा यो सम्पूर्ण विश्व, तपस्या आदि विभिन्न सत्कर्महरू, कर्मको प्रतिपादक वेदसमेत संसारमा जे-जति वस्तुहरू छन् ती सबै आत्मा नै हुन् । उपनिषद्प्रतिपाद्य प्रणवलाई धनु बनाएर उपासनाद्वारा तिखारिएको जीवात्मारूपी बाणलाई ब्रह्माकार वृत्तिरूपी ताँदो खिचेर ब्रह्मरूपी लक्ष्यभित्र घुसाइदिनुपर्दछ । आनन्दस्वरूप परमात्मतत्त्वलाई आफूभन्दा अभिन्न रूपमा साक्षात्कार गरेपछि त्यससम्बन्धी सारा

संशय र कर्मका बन्धनहरू नष्ट हुन्छन् । ब्रह्मस्वरूप भएको त्यो ज्ञानी आफैँमा खेल्छ र आफैँमा रमाउँछ । ब्रह्मनिष्ठ भए पनि लोकसंग्रहका लागि सत्कर्महरू गर्ने यस्तो व्यक्ति सर्वश्रेष्ठ ब्रह्मज्ञानी हो । आत्मालाई प्रवचन, शास्त्रश्रवण र बुद्धिको शक्तिको भरमा मात्र प्राप्त गर्न सकिँदैन । जीवनभरि जसले केवल आत्मालाई वरण गर्दछ उसैले त्यो तत्त्वलाई प्राप्त गर्न सक्दछ । त्यसलाई जानेपछि ब्रह्मज्ञानी स्वयं ब्रह्मस्वरूप हुन्छ र शोक, पाप आदिबाट पार हुन्छ । मुण्डकोपनिषद्को ब्रह्मविद्या विशेष व्रतधारण गरेकाहरूलाई मात्र बताउनुपर्ने निर्देशनसहित उपनिषद् सम्पूर्ण हुन्छ ।

**माण्डूक्योपनिषद्**मा जम्मा १२ मन्त्रहरू छन् तर वेदान्तपरम्परामा यसलाई सबैभन्दा प्रमुख उपनिषद्को रूपमा मान्यता प्राप्त छ । मुक्तिकोपनिषद्का अनुसार मुमुक्षुहरूलाई मोक्ष प्रदान गर्न एक्लै माण्डूक्योपनिषद् समर्थ छ । यहाँ प्रणवका अकार, उकार र मकारको अन्तःकरणका तीन अवस्था, त्यसका व्यष्टि एवम् समष्टि अभिमानीहरू एवम् सम्पूर्ण संसारसँग अभेद भावना गरी चिन्तन गर्ने प्रक्रिया बताइएको छ । जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थाका अभिमानी विश्व, तैजस र प्राज्ञको पनि अधिष्ठानस्वरूप तुरीय आत्मतत्त्वको विशेष विवेचन यहाँ गरिएको छ । निषेध शैलीद्वारा तुरीय आत्मालाई बताउने यो उपनिषद् संसारबाट पूर्ण विरक्त विशिष्ट साधकहरूका लागि हो ।

कृष्णयजुर्वेदको तैत्तिरीय शाखामा पर्ने **तैत्तिरीयोपनिषद्**मा तीन वटा वल्लीहरू छन् । जसरी वल्ली अर्थात् लहरा शाखा-प्रशाखामा बाँडिएर टाढा-टाढासम्म फैलिन्छ, त्यसैगरी तत्त्वज्ञानी गुरुबाट शिष्यहरूको माध्यमले अनन्त कालसम्म फैलिरहने ज्ञानको परम्परा पनि दिव्य लहरा हो भन्ने यसको तात्पर्य देखिन्छ । पहिलो शीक्षावल्लीमा वैदिक वाङ्मयको उच्चारण र अध्ययनसम्बन्धी

विभिन्न नियमको चर्चा छ । गुरुकुलमा गुरुसेवापूर्वक निवास गर्ने ब्रह्मचारीहरूका लागि मेधाशक्ति बढाउने मन्त्रहरू, तिनले गर्ने व्याहृतिको उपासना आदिको वर्णन छ । तपस्या, सत्य, इन्द्रियनिग्रह, अग्निहोत्र, अतिथिसत्कारजस्ता सबै साधनहरूसँग स्वाध्याय र प्रवचन अनिवार्य गर्नुपर्ने आदेश छ । स्नातक भई गुरुकुलबाट निस्कन लागेका शिष्यहरूलाई गुरुले गर्ने दीक्षान्त उपदेशसँगै शीक्षावल्ली सम्पूर्ण हुन्छ । दोस्रो ब्रह्मानन्दवल्लीमा ब्रह्मको स्वरूप लक्षण र तटस्थ लक्षण बताइएको छ । पञ्चकोशको साक्षीको रूपमा ब्रह्मको वर्णन गर्दै त्यो तत्त्व परम आनन्दस्वरूप भएको र त्यसकै आनन्दलाई मनुष्यदेखि ब्रह्माजीसम्मका सम्पूर्ण प्राणीहरूले छिटाछाटीका रूपमा प्राप्त गरेको बताएर ब्रह्मानन्दवल्ली पूर्ण हुन्छ । भृगुवल्लीमा वरुणका छोरा भृगुले ब्रह्मको जिज्ञासा गरेको र पिताको उपदेशअनुसार तपस्या र एकाग्र विचारद्वारा उनले आफैँ आनन्दस्वरूप ब्रह्मको साक्षात्कार गरेको प्रसङ्ग बताइएको छ । प्रसङ्गतः अन्नको निन्दा गर्न नहुने, ब्रह्मलाई विभिन्न रूपमा उपासना गर्ने प्रक्रियाहरू बताउँदै अन्तमा ब्रह्मज्ञानीको आनन्दमय स्थिति र हार्दिक उद्गारलाई बताउँदै उपनिषद् सम्पूर्ण भएको छ ।

ऋग्वेदको ऐतरेय ब्राह्मणअन्तर्गत पर्ने **ऐतरेयोपनिषद्**मा सृष्टिभन्दा अघि अद्वितीय आत्मतत्त्वमात्र रहेको र त्यसैबाट सारा संसारको सृष्टि भएको बताइएको छ । मनुष्यजीवनको श्रेष्ठता, जीवले शरीरभित्र प्रवेश गर्ने प्रक्रिया, गर्भको रूपमा जीवको उत्पत्ति आदिको वर्णन गरी संसारबाट विरक्त बनाउन खोजिएको छ । सारा संसारलाई प्रकाशित गर्ने प्रज्ञान नै ब्रह्म हो भनी ज्ञानस्वरूप आत्माको उपदेश गरेर उपनिषद् सम्पूर्ण हुन्छ ।

**श्वेताश्वतरोपनिषद्** शिवतत्त्वको उपदेश गर्ने उपनिषद् हो । ब्रह्मवादी ऋषिहरूले परस्परमा प्रश्न र उत्तरको शैलीमा तत्त्वविचार

गरेको प्रसङ्गबाट उपनिषद् आरम्भ हुन्छ । परमात्माभन्दा अभिन्न मायारूप आत्मशक्तिबाट नै सम्पूर्ण संसारचक्रको उत्पत्ति भएको र त्यो भयानक नदीसमान रहेको बताइएको छ । प्रकृतिको आधारमा जीव र साक्षी यी दुई तत्त्व देखापरेका छन् । वास्तवमा यी तीनवटै अद्वितीय ब्रह्मस्वरूप नै हुन् भनेर जानेपछि सबै बन्धन र क्लेशहरू नष्ट हुन्छन् । आफ्नो शरीरभित्रै विचाररूपी मन्थनद्वारा दहीबाट नौनी निकालेझैँ आत्माको साक्षात्कार गर्नुपर्दछ । ध्यान गर्ने स्थान, त्यसको विधि र योगाभ्यासको फल पनि बताइएको छ । अद्वितीय परमात्माले सम्पूर्ण दुःखलाई संहार गर्ने हुनाले उहाँलाई रुद्र भनिन्छ । हिरण्यगर्भलाई ज्ञान प्रदान गर्ने त्यस्ता परमात्मालाई आफूभन्दा अभिन्न रूपमा जानेर मानिसहरू अजर-अमर हुन्छन् । शिव सर्वव्यापी र सर्वस्वरूप हुनुहुन्छ । सूक्ष्मभन्दा सूक्ष्म र विशालभन्दा पनि विशाल उहाँ नै हुनुहुन्छ । प्रकृति माया हो भने त्यसको मालिक महेश्वर मायावी हुनुहुन्छ । संसारलाई व्याप्त गर्ने त्यही परमात्मतत्त्वलाई जानेर मात्र व्यक्तिले परम शान्ति प्राप्त गर्दछ । आत्मा स्त्री, पुरुष र नपुंसक पनि होइन । शरीरअनुसार उसलाई स्त्री, पुरुष आदिको रूपमा व्यवहार गरिन्छ । ईश्वरका पनि ईश्वर, देवताका पनि देवता, सबै जीवहरूका पति र अनन्त शक्तिले सम्पन्न सर्वव्यापी परमात्मालाई जान्नुपर्छ । आत्मालाई प्रकाशित गर्ने कुनै अर्को तत्त्व छैन । सारा संसार नै आत्माबाट प्रकाशित भएको छ । सबै दोषले शून्य त्यो निष्कल तत्त्व धुँवारहित आगोजस्तो केवल प्रकाशस्वरूप छ । त्यसलाई नजानी संसारदुःखबाट छुट्ने आशा गर्नु आकाशलाई मान्द्रो बेरेझैँ बेर्न खोजेजस्तै हो । ईश्वरमा र गुरुमा परम भक्ति भएका जिज्ञासुहरूमा मात्र तत्त्वज्ञानको यो रहस्य प्रकट हुन्छ भनी उपनिषद् सम्पूर्ण भएको छ ।

**कैवल्योपनिषद्** पनि शिवतत्त्वको वर्णन गर्ने उपनिषद् हो । श्रद्धा, भक्ति, ध्यानयोग र त्यागको महत्त्व बताउँदै सर्वस्वत्यागी

वेदान्तनिष्ठ संन्यासीहरूले ब्रह्मतत्त्वलाई प्राप्त गर्ने बताइएको छ । हृदयकमलभित्र चिदानन्दस्वरूप शिवतत्त्वको चिन्तन गर्नुपर्दछ । त्यही शिवतत्त्व ब्रह्मा, विष्णु, इन्द्र, सूर्य, चन्द्र आदि समस्त देवताहरूको रूपमा अभिव्यक्त भएको हो । जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूमा निरन्तर क्रीडा गरिरहने जीव पनि त्यही आत्मा हो । बन्धनबाट मुक्त हुनका लागि तीन अवस्थाको साक्षी आत्मा म नै हुँ भन्ने बुझ्नुपर्दछ । अद्वितीय ब्रह्मस्वरूप आफूमा नै सारा संसारको उत्पत्ति र नाश भएको, वेदप्रतिपाद्य आत्मतत्त्वमा पुण्य-पाप, जन्म-मृत्युजस्ता दोषहरू नभएको र त्यो तत्त्व सबैको साक्षी भएको बुझ्नुपर्दछ । यस्तो अद्वितीय आत्मतत्त्वको ज्ञान प्राप्त गर्नका लागि शतरुद्रीय मन्त्रको जप गर्नु श्रेष्ठ साधन हो । सर्वकर्मत्यागी संन्यासीले पनि अद्वितीय ब्रह्मभावमा पुऱ्याउने शतरुद्रीय मन्त्रको जप गर्नुपर्ने आदेशसँगै उपनिषद् सम्पूर्ण हुन्छ ।

**समीक्षा एवम् मूल्याङ्कन-**

उपनिषद्हरूलाई वेदान्तदर्शनको मूल स्रोत मानिन्छ । सुरु-सुरुमा वैदिक वाङ्मयलाई गोठालोको गीतजस्तो ठान्ने पाश्चात्त्य अध्येताहरू पनि उपनिषद्को विराट् ज्ञानसम्पदाको रत्नभण्डारमा पुगेपछि चकाचौँध भएका छन् । नेपाली भाषामा भने त्यस्तो अमूल्य ज्ञानसम्पदाको प्रामाणिक अनुवाद र व्याख्या भएको पुस्तक उपलब्ध थिएन । यो अभावको पूर्ति गर्न स्वामीज्यूद्वारा विरचित ईशादि दश उपनिषद् कोशेढुङ्गो साबित भएको छ । हरेक मन्त्रका पद-पदलाई अन्वयपूर्वक अर्थ गरी त्यसको भावार्थ र विशेष विवरण प्रस्तुत गरिएको छ ।

उपनिषद्हरू विभिन्न ऋषिहरूले विभिन्न परिवेशमा साक्षात्कार गरी शिष्यहरूलाई उपदेश गरिएका हुन् । अतः मन्त्रहरूमा सामान्य अध्येताहरूलाई विरोधाभासजस्तो पनि लाग्दछ । आत्मतत्त्व टाढा

पनि छ नजिक पनि छ, यसलाई मन र वाणीले विषय गर्न सक्दैन तर शुद्ध मनद्वारा नै जान्नुपर्दछ भन्नेजस्ता विविध भनाइहरूको लेखकले समन्वय र तिनको उचित तात्पर्यनिर्णय गर्नुभएको छ । विशेषतः उपनिषद्मा अद्वैततत्त्वसँगै द्वैतको पनि वर्णन आएको सन्दर्भमा लेखकको समन्वयदृष्टि तर्कपूर्ण छ । लेखकका अनुसार जहाँ खाने चरो र नखाने चरोजस्ता उपमाहरूद्वारा जीव र ईश्वरको भेद बताइएको छ त्यहाँ आत्माको भेद बताइएको होइन । भोक्ता अन्तःकरण र अभोक्ता आत्माको बीचमा भेद बताइएको हो । सम्पूर्ण संसारी प्राणीहरूलाई भेदज्ञान निरन्तर भइरहेकाले त्यही विषय उपनिषद्ले पनि बताउँदा त्यसको मूल्य रहँदैन । फेरि भेदज्ञानद्वारा मोक्ष हुने भए संसारका सबै प्राणी पहिल्यै मुक्त भइसक्थे । अतः द्वैतपरक श्रुतिभन्दा अद्वैतपरक श्रुति नै बलियो हुने लेखकको विश्लेषण छ (श्वेताश्व. ४/९, पृष्ठ ४९३)। जहाँ जीवलाई परमात्माको अंश भनी बताइएको छ त्यहाँ पनि अंश भनेर अन्तःकरणलाई नै लिनुपर्दछ (श्वेताश्व. ५/९, पृष्ठ ५५९) । केनोपनिषद्मा ब्रह्मलाई जान्दा नजानिने र नजान्दामात्र जानिने भनी बताइएको रहस्यपूर्ण मन्त्रको युक्तियुक्त व्याख्या गर्नुभएको छ (पृष्ठ ६४-६६) । त्यसैगरी ब्रह्मविद्यारूपी उमाले इन्द्रलाई ब्रह्मको उपदेश गरिसकेपछि त्यहाँ बताइएका अधिदैव र अध्यात्म दृष्टिको रहस्य पनि राम्ररी खोलिएको छ ।

कठोपनिषद्मा उद्दालकले नचिकेतालाई यमलोकमा जा भनी झपारेको प्रसङ्गमा ऋषिहरूले दिने गरेको शाप क्रोध र आवेग नभई करुणापूर्ण ईश्वरेच्छा नै हो भनी सिद्ध गर्नुभएको छ (पृष्ठ ९५-९६) । प्रश्नोपनिषद्मा कृष्णपक्ष र शुक्लपक्षका गतिहरू बताइएको प्रसङ्गमा ब्रह्मसूत्र र गीताको सन्दर्भ ल्याई मरणोत्तर गतिको निर्धारण समयको आधारमा भन्दा नाडीको आधारमा हुन्छ भनी बताइएको छ (पृष्ठ २१०) । तैत्तिरीयोपनिषद्मा आएको ब्रह्मको स्वरूपलक्षणको पनि

विशेष विवेचन गरिएको छ। यस प्रसङ्गमा आत्मालाई आनन्दस्वरूप नमान्ने द्वैतवादीहरूको मत खण्डन गरिएको छ। उनीहरूका अनुसार मिस्रीभन्दा अलग रही त्यसको स्वाद चाख्नु नै बुद्धिमानी भएकाले जीवले आनन्दस्वरूप ब्रह्म बन्नुभन्दा ईश्वरको रसलाई चाख्नुमा नै बुद्धिमानी छ। यो भनाइको प्रबल तर्कले खण्डन गर्दै लेखकले द्वैतवादीहरूको यो भनाइले ईश्वर अनात्मा र जड बन्न जाने, आनन्दको नियमअनुसार ईश्वरमा आनन्द रहेको हो भने उसैले मात्र चाख्न सक्ने र जीवले त्यो आनन्दको अनुमानमात्र गर्न सक्ने बताउनुभएको छ (पृष्ठ ३७३-३७५) । तैत्तिरीयोपनिषद्को ब्रह्मानन्द वल्लीमा आत्मालाई उत्तरोत्तर सूक्ष्म रूपमा बताउने क्रममा अन्नमयदेखि आनन्दमयसम्म उपदेश गरिएको छ तर लेखकले ब्रह्मसूत्र शाङ्करभाष्यको विचारशैलीलाई अनुसरण गर्दै आनन्दमय आत्मा नभई त्यसको अधिष्ठान नै आत्मा भएको निर्क्योल गर्नुभएको छ (पृष्ठ ३८८-३९०) । तैत्तरेयोपनिषद्मा मनुष्यदेखि ब्रह्माजीसम्मको आनन्दको तारतम्य बताइएको प्रसङ्गमा पनि लेखकले आनन्द भनेको विषयको भोगबाट नभई विषय प्राप्त गरेपछि त्यसबाट मन अघाएपछि नै प्राप्त हुन्छ भनी विश्लेषण गर्नुभएको छ (पृष्ठ ४०७-४०८)।

स्वामीजीले हरेक उपनिषद्को आरम्भमा पीठिकाको रूपमा व्याख्येय उपनिषद्को महत्त्व, सन्दर्भ र प्रतिपाद्य विषयको संक्षिप्त दिग्दर्शन गर्नुभएको पाइन्छ। उपनिषद्को गहिरो दार्शनिक रहस्यलाई प्रवाहमय भाषाशैलीमा प्रतिपादन गर्नु यो व्याख्याको विशेषता हो। गीता, ब्रह्मसूत्र र शाङ्करभाष्यको आधारमा उपनिषद्का भिन्न-भिन्न विषयहरूको समन्वय र तात्पर्य निर्धारण गरिएको छ। आरम्भदेखि अन्त्यसम्मका उपनिषद्का सबै भनाइहरूबाट ब्रह्माद्वैतवादको दार्शनिक निष्कर्ष पुष्टि हुने गरी यो व्याख्या गरिएको छ। शाङ्करसिद्धान्तबाट अनुप्राणित लेखकको यो दृष्टिबिन्दुको परिचय भूमिकामा नै अभिव्यक्त गरिएको छ। अन्तमा दशवटै उपनिषद्का

सबै मन्त्रहरूको अनुक्रमणिकासमेत दिनाले अनुसन्धाताहरूको उपकार भएको छ भने आफ्नो मातृभाषामा नै गहन दार्शनिक ग्रन्थहरूको रसास्वादन गर्न खोज्ने नेपालीभाषी अध्येताहरूलाई ठूलो गुन लागेको छ।

## ३.५ अन्य दार्शनिक लेखहरू

विभिन्न दार्शनिक अनुसन्धानात्मक पत्रिकाहरूमा प्रकाशित लेखहरू, अनेकौँ ग्रन्थहरूमाथि लेखिएका भूमिका एवं शुभकामना मन्तव्यहरू र अन्य केही छिटपुट लेखहरू गरी डा. स्वामीजीले सयौँ लेखहरू लेख्नुभएको पाइन्छ। ती मध्ये उपलब्ध केही विशिष्ट लेखहरूलाई यहाँ उद्धृत गरिएको छ।

१.**अद्वैत वेदान्त दर्शन र शंकराचार्य,** (जनक, राजर्षिजनकस्मृतिकोष २०५८, अंक २, पृ. १-३)

यस लेखमा शङ्कराचार्यले वेदान्त शास्त्रका प्रस्थानत्रयी- गीता, ब्रह्मसूत्र र उपनिषद्माथि भाष्य रचना गरी अद्वितीय ब्रह्मतत्त्वको निरूपण गर्नुभएको एवं भारतवर्षलाई साँस्कृतिक एकसूत्रमा बाँध्न योगदान गर्नुभएको उल्लेख गरिएको छ।

२.**भक्तिर्ज्ञानाय कल्पते** (जनक, राजर्षिजनकस्मृतिकोष २०५९, अंक ३, पृ. १८-२०)

यस लेखमा द्वैतवाद, अद्वैतवाद आदि सबै परम्परामा भक्तिको महत्त्व भएको तर कसैले भक्तिलाई नै मुख्य फल र कसैले ज्ञानप्राप्तिको साधनको रूपमा स्वीकार गरेको बताइएको छ। विक्षेप दोषको निवारण गर्नका लागि भक्तिको आवश्यकता रहने भएकाले त्यसलाई ज्ञान प्राप्तिको प्रमुख साधनको रूपमा निरूपण गरिएको छ।

३.**श्रीमद्भागवतमहापुराण र यसको प्रतिपाद्य** (जनक, राजर्षिजनकस्मृतिकोष २०६१, अंक ४, पृ. १०-१२)

यस लेखमा श्रीमद्भागवत विद्वान्हरूको विद्वत्तालाई परीक्षण

गर्ने कसी भएको उल्लेख गरिएको छ भने तीनवटा मङ्गलाचरण श्लोकहरूको व्याख्या गरी त्यसकै आधारमा भागतवको प्रतिपाद्य विषयको निक्यौंल गरिएको छ। कर्म र उपासनापछि तत्त्वज्ञान उत्पन्न हुने र ज्ञानद्वारा कैवल्य मोक्ष प्राप्त हुने कुरा श्रीमद्भागवतको दार्शनिक निष्कर्ष भएको उल्लेख गरिएको छ।

४.**ब्रह्मप्राप्तिका साधन : कर्म, भक्ति र ज्ञान** ( जनक, राजर्षिजनकस्मृतिकोष, २०६२-६३, अंक ५, पृ.१-३)

यस लेखमा विषयको ज्ञान, ब्रह्मको ज्ञान र ब्रह्मस्वरूप ज्ञान गरी ज्ञानका तीन भेदहरूको विश्लेषण गरिएको छ। भ्रमवशात् आफूलाई सूतपुत्र मानिरहेको कर्णले कुन्तीको उपदेशद्वारा कौन्तेयभाव प्राप्त गरेझैँ गुरुबाट तत्त्वमसि आदि महावाक्यको श्रवण गरेर जीवले आफ्नो वास्तविक स्वरूप ब्रह्मलाई प्राप्त गर्दछ भनिएको छ। अज्ञाननिवृत्ति नै तत्त्वज्ञानको प्रयोजन हो तर ज्ञानप्राप्तिका लागि कर्म र भक्ति परम्परया साधन हुन्। अतः यी सबै साधनको महत्त्व रहेको उल्लेख गरिएको छ।

५.**मोक्षको एकमात्र साधन : ज्ञान** (जनक, राजर्षिजनकस्मृतिकोष २०६५, अंक ७, पृ. ७-११)

यस लेखमा श्रीकृष्ण-उद्धव संवाद, शुकदेवको अन्तिम उपदेश जस्ता विभिन्न प्रसङ्गहरूलाई प्रमाणको रूपमा उल्लेख गरी भागवतको मुख्य प्रतिपाद्य विषय ज्ञान नै भएको निक्यौंल गरिएको छ। कर्म चित्तशुद्धिको साधन हो भने भक्ति ज्ञानप्राप्तिको सहयोगी साधन हो। मोक्ष चाहिँ तत्त्वज्ञानद्वारा नै मिल्न सक्छ भन्ने निष्कर्ष निकालिएको छ।

६.**जनकदर्शन र शांकरदर्शन : एक तुलनात्मक अध्ययन** (जनक, राजर्षिजनकस्मृतिकोष २०६६-६७, अंक ८, पृ. १२-१७)

ज्ञानप्राप्तिका लागि कर्मसन्न्यास आवश्यक छ भन्ने शांकरसिद्धान्त

र कर्मसन्न्यास अनिवार्य होइन भन्ने जनकको सिद्धान्त भएको उल्लेख यस लेखमा गरिएको छ। त्रिपुरारहस्य ज्ञानखण्डको जनक उपाख्यान, देवीभागवतको जनक-शुकदेव संवाद, महाभारत शान्तिपर्वको कथा एवं बृहदारण्यकोपनिषद्को जनक-याज्ञवल्क्य संवादजस्ता प्रसङ्गहरूको आधारमा जनक श्रेष्ठ ब्रह्मवेत्ता भएको सिद्ध गरिएको छ । शांकरदर्शन र जनकदर्शनमा तात्त्विक दृष्टिले भेद नभए पनि साधनात्मक दृष्टिले भेद रहेको छ। ज्ञानका लागि कर्मसन्न्यास गर्न पर्दैन, केवल कर्मफलको आसक्तिलाई मात्र त्यागिदिए पुग्छ भन्ने जनकको सिद्धान्त वर्तमान समयमा बढी सान्दर्भिक भएको लेखको निष्कर्ष रहेको छ।

७.**ज्ञानस्वरूप आफू** (जनक, राजर्षिजनकस्मृतिकोष २०६८, अंक ९, पृ. ३-६)

यस लेखमा अन्य दर्शनहरूले बाह्य पदार्थको विश्लेषणमा ध्यान दिए पनि वेदान्तदर्शनले अधिष्ठान आत्माको विचारमा जोड दिएको बताइएको छ। आफूद्वारा नै सम्पूर्ण संसार प्रकाशित भएको र आफूलाई प्रकाशित गर्न अन्य साधनको अपेक्षा नभएकाले आत्मा नै ज्ञानस्वरूप हो भन्ने निक्र्यौल गरिएको छ।

८.**ब्रह्मज्ञानमा अद्वैतसिद्धि ग्रन्थको महत्त्व** (जनक, राजर्षिजनकस्मृतिकोष २०६९, अंक १०, पृ.३-७)

द्वैतको मिथ्यात्व सिद्ध नगरी अद्वैत तत्त्व सिद्ध नहुने भएकाले विचारद्वारा त्यसलाई मिथ्या सिद्ध गर्नु अद्वैतसिद्धिजस्ता ग्रन्थहरूको काम हो। यस लेखमा अद्वैतसिद्धिको मङ्गलाचरण श्लोकको विशेष व्याख्या गरिएको छ । दृश्यत्व, जडत्व र परिच्छिन्नत्व हेतुद्वारा संसारलाई मिथ्या सिद्ध गरेर अद्वैतसिद्धिले जिज्ञासुहरूको ठूलो उपकार गरेको उल्लेख गरिएको छ।

९.**अविद्यास्तमयो मोक्षः** (जनक, राजर्षिजनकस्मृतिकोष २०७०, अंक ११, पृ. १-६)

यस लेखमा चार्वाक, वैशेषिक, नैयायिक, साङ्ख्य र वेदान्त दर्शनअनुसारको मोक्षको चर्चा गरिएको छ। आवरण र विक्षेप गरी दुई शक्तिले युक्त अविद्याले मुख्य तीनवटा काम गर्छ भनिएको छ- यथार्थ ज्ञान हुन नदिनु, संशय उत्पन्न गर्नु र विपरीत ज्ञान जन्माउनु। अकर्ता आत्मालाई कर्ता भोक्ता मान्नु विपरीत ज्ञान हो। यस्तो अज्ञानलाई ज्ञानले मात्र नष्ट गर्न सक्छ र अविद्याको निवृत्तिद्वारा उपलक्षित आत्मालाई नै मोक्ष भन्ने उल्लेख गरी त्यसलाई पुष्ट गर्न विभिन्न प्रमाणहरू उपस्थापित गरिएको छ।

१०.**अद्वैतसिद्धि ग्रन्थको महत्ता** (भूमिका, अद्वैतसिद्धिः नेपाली अनुवाद, राजर्षिजनकस्मृतिकोष २०६९, पृ. ज-ध)

यो भूमिकात्मक आलेखमा अद्वैतसिद्धिग्रन्थको मङ्गलाचरणको व्याख्या गर्दै संसारको बन्धन भ्रमात्मक भएकाले ज्ञानद्वारा मोक्ष प्राप्त हुनु पनि काल्पनिक नै हो भनिएको छ। श्रुति, युक्ति र अनुभूतिबाट सिद्ध भएको तथ्य नै प्रामाणिक हुने ठहर गर्दै डा. स्वामीजीले अद्वैतसिद्धिग्रन्थमा विभिन्न युक्ति र तर्कहरूको आधारमा द्वैत प्रपञ्चलाई मिथ्या सिद्ध गरी अद्वितीय आत्माको वर्णन गरिएको हो भन्नुभएको छ। प्रपञ्चो मिथ्या दृश्यत्वात् भन्ने अनुमानलाई पक्ष, साध्य र हेतुको विभाजनपूर्वक अर्थ गरी त्यसको तात्पर्य स्पष्ट गरिएको छ।

११.**अध्यासस्वरूपविवेचन** (भूमिका, अध्यास, राजर्षिजनकस्मृतिकोष २०७०, पृ. ७-२२)

यस आलेखमा स्वामीजीले अद्वैत वेदान्तसिद्धान्तअनुसार अध्यासको लक्षण र भेद-उपभेदको विशद विश्लेषण गर्नुभएको छ। ब्रह्मसूत्र, शांकरभाष्य र भाष्यको भामती व्याख्याको आधार लिई अध्यास हुनका लागि अधिष्ठानको सामान्य ज्ञान र विशेष अज्ञानको आवश्यकता पर्ने बताइएको छ। सिपीमा चाँदीको अध्यास हुँदा

सिपीमा पनि आधारभाग र अधिष्ठानभाग अलग-अलग भएको बताइएको छ । ज्ञानाध्यास र अर्थाध्यास, धर्माध्यास र धर्म्यध्यास, सोपाधिक अध्यास र निरुपाधिक अध्यास, तादात्म्याध्यास र संसर्गाध्यास आदि अध्यासका विभिन्न भेदहरूको उदाहरणपूर्वक व्याख्या गरिएको छ । भाष्यमा अध्यासको स्वरूप बताउन प्रयोग भएका ६ वटा विशेषणहरूको विवेचन गरिएको छ । अज्ञानद्वारा कल्पित भएको यो अध्यासको निवृत्ति गर्नु नै वेदान्तशास्त्रको लक्ष्य भएको बताइएको छ ।

१२.**माण्डूक्यकारिकाको महत्त्व** (भूमिका, अजातवाद, राजर्षिजनकस्मृतिकोष, २०७१, पृ. ४-९)

यस लेखमा वेदान्तदर्शन भनेको उपनिषद् नै हो भन्ने निश्चय गरी उपनिषद् शब्दको व्युत्पत्ति गरिएको छ । माण्डूक्योपनिषद्मा सम्पूर्ण संसारलाई ओङ्कार स्वरूप बताइएको प्रसङ्गलाई बीजगणितीय दृष्टान्तको प्रयोग गरी व्याख्या गरिएको छ । भाष्यकार शङ्कराचार्यले माण्डूक्यकारिकाको आधारमा नै प्रस्थानत्रयी भाष्यरूपी महल खडा गरेको हुनाले माण्डूक्यकारिकामा प्रतिपादित अजातवादको विशेष महत्त्व रहेको निक्यौंल गरिएको छ ।

## ३.६ उपसंहार

माथि वर्णन गरिएअनुसार डा. स्वामी रामानन्द गिरिजी महाराजको व्यक्तित्व र कृतित्वको दुवै पाटो सनातन वैदिक धर्म र अध्यात्मदर्शनबाट अनुप्राणित देखिन्छ । धार्मिक आचारसंहिता र नियमहरूलाई कठोरतापूर्वक पालन गर्ने उहाँ संस्कृत वाङ्मयका उपासक एवं नेपाली भाषासाहित्यका गहिरा प्रेमी सन्तको रूपमा देखा पर्नुहुन्छ । नेपालको राष्ट्रिय शिक्षापद्धतिमा संस्कृतशिक्षाको धारलाई गुरुकुल भन्ने औपचारिक नाम र त्यसको मानक दृष्टान्तसमेत दिन सफल उहाँ नेपालको सन्दर्भमा **गुरुकुलशिक्षाका अवधारणाकार**

हुनुहुन्छ । अनुशासनमा कठोर भए पनि हृदय असाध्यै कोमल भएका, पढ्न-पढाउन औधी मन पराउने र हजारौँ अनुयायीहरूद्वारा अतिमानवीय रूपमा श्रद्धा गरिने उहाँ नेपालको विद्वत्-सन्तपरम्परामा अद्वितीय स्थान ओगट्न सफल हुनुभएको छ । संस्कृतका दुरूह आध्यात्मिक ग्रन्थहरूको नेपाली अनुवाद र विशेष व्याख्या गरी उहाँले एउटा सफल दार्शनिक लेखकको परिचय पाउनुभएको छ । हृदयभित्र अपार भक्ति र मस्तिष्कमा गहिरो वेदान्तदर्शनको ज्ञान दुवैलाई स्वामीजीले उत्तिकै आदरका साथ सम्हाल्नुभएको देखिन्छ । अतः लेखाइमा पनि भक्ति र ज्ञानको अद्भुत समन्वय प्रकट भएको छ । मधुसूदन सरस्वती र अप्पय दीक्षितजस्ता केही ऐतिहासिक दार्शनिकहरूमा देखिएको यो समन्वयभाव नै श्रीमद्भागवतको मुख्य सैद्धान्तिक अवधारणा हो र स्वामीजीको मुख्य जीवनदृष्टि पनि हो । आफ्नो जीवनदर्शन र अनुभवको अनुसार नै श्रीमद्भागवतको दार्शनिक व्याख्या गरेर स्वामीजीले युगारम्भकारी काम गर्नुभएको छ । यस्तो विशिष्ट ग्रन्थमा योग्य व्यक्तिबाट आधिकारिक व्याख्या लेखिने दुर्लभ अवसर नेपाली भाषासाहित्यले पाएको छ । यसप्रकार डा. स्वामी रामानन्द गिरिजी महाराज महान् आध्यात्मिक सन्त, निष्ठावान् विद्वान्, सफल शैक्षिक अभियन्ता, सिद्धहस्त दार्शनिक लेखक र अनुशासनप्रिय गुरुका रूपमा नेपाल राष्ट्रका लागि सर्वदा अविस्मरणीय पात्र बन्नुभएको छ ।

॥ ॐ तत्सत् ॥

* * *

# गुरुवचनामृत

यो गुरुवचनामृत स्वाध्याय र प्रवचनका क्रममा गुरुमुखबाट निःसृत वाणी, सुन्दर दृष्टान्त र अन्य उपदेशहरूको तथ्यपूर्ण सङ्कलन हो। यथासम्भव कुन दिन र स्थानमा गुरुले त्यो भाव प्रकट गर्नुभयो, त्यसको पनि उल्लेख गर्ने प्रयास गरिएको छ। अन्तरङ्ग शिष्यमण्डलीका टिपोटहरूबाट अधिकाधिक सङ्कलन गरी यसको अझै विस्तार गर्नुपर्ने देखिन्छ।

**१) सर्वात्मभाव**

कुनै व्यक्ति पीडामा छटपटाइरहेको छ भने त्यसलाई देखेर अरु पनि दुःखी हुन्छन् । एउटाको दुःखले सबैलाई छुनु नै सर्वात्मभावमा प्रमाण हो । नत्र चिन्नु न जान्नुको मानिसको दुःखले उसलाई छुनुपर्ने के आवश्यकता ?

२०६३-०६-३१

**२)**

संसारमा समस्या स्वयं खडा हुन्छ, गरिरहनु पर्दैन ।

२०६३-०७-०३

**३) उच्च-नीचको भावको कल्पना**

स्वप्नमा गुरु र गधा देखिए । गुरुलाई श्रद्धापूर्वक पूजा गऱ्यो भने गधालाई किलोमा बाँधी घाँस हालिदियो । सपनामा कल्पना भएको उत्कृष्ट र निकृष्टताको त्यो भाव ब्युँझिएपछि हराउँछन् ठीक यसैगरी व्यवहारमा कल्पना गरिएको कार्यकारण भाव, उच्च-नीचभाव आदि सबै भावहरू ब्रह्मज्ञानमा जागेपछि हराउँछन् । स्वप्नमा उच्चता र नीचताको कल्पना गर्ने मन हो र जाग्रत्‌मा पनि मनले नै त्यो कल्पना गर्ने हो । ज्ञानद्वारा मन नै बिलाएपछि त्यसले कल्पना गरेका सबै भावहरू स्वतः हराउँछन् ।

२०६३-०७-०३

**४) वैराग्य**

विषयभोगबाट कहिल्यै वैराग्य हुँदैन । भोगबाट तृप्ति मिल्दैन भने विचारबाट नै वैराग्य हुन्छ ।

२०६३-०७-०४ प्रातः

**५) शान्ति**

जबसम्म ईश्वर, जीव र जगत् बाँकी रहन्छन्, तबसम्म शान्ति हुँदैन । पूर्ण शान्तिका लागि सबै ब्रह्ममय हुनु जरुरी छ ।

२०६३-०७-०५

**६) संसारको सत्ता**

संसारको अस्तित्व नै छैन भने वेदान्तदर्शनमा संसारको

व्यावहारिक सत्ता किन मानियो ? किनभने- संसार नभए त्यसको कारण भएको ब्रह्मको अन्वेषण हुन सक्दैन । कार्य संसारलाई हेरी कारण ब्रह्मको अन्वेषण गर्नका लागि संसारको व्यावहारिक सत्ता मान्नु आवश्यक छ ।

२०६३-०७-०६

**७) मायावी र माया**

कलकत्ताको प्रसिद्ध जादूगर पी.सी. सरकारको मायालाई देखेर उसका अरु मायावी चेलाहरू मुग्ध हुँदैनन् । त्यसैगरी भगवान्‌द्वारा कल्पना गरिएको संसारको यो मायाजालमा भक्तहरू मोहित हुँदैनन् ।

२०६३-०७-०६

**८) प्रमातृत्व भाव**

प्रमाता (केही जान्नेवाला) नै कर्ता र भोक्ता बन्दछ । नजान्ने व्यक्तिले न केही काम गर्न सक्छ, न त केही भोग्न नै । कर्तृत्व र भोक्तृत्वभाव प्रमातृत्वभावको अधीनमा छन् । अतः प्रमातृत्व भावको निवृत्ति नै मोक्ष हो ।

२०६३-०७-०७

**९) विद्यार्थी जीवन**

यौटा विषयमा आचार्य पास गरेपछि बल्ल असली विद्यार्थीजीवन सुरु हुन्छ ।

२०६३-०९-०३

**१०) मायाको अस्तित्व**

माया शून्य हो । त्यसको स्वतन्त्र अस्तित्व हुँदैन । कुनै अङ्कसँग जोडिएपछि शून्यले आफ्नो चमत्कार देखाएजस्तो ब्रह्मसँग जोडिएरमात्र मायाले चमत्कार देखाउन सक्छ । त्यसैले मायाको अस्तित्व ब्रह्मको अधीनमा छ ।

२०६३-०९-०७

**११) दान**

दिनु राख्नु हो र राख्नु नाश हुनु हो ।

२०६३-०९-०७

### १२) वेदान्तगङ्गा

जसको चरणकमलबाट गङ्गा र मुखकमलबाट वेदान्तको धारा निस्कन्छ उही नारायण हो । स्वर्ग, मर्त्य र पातालमा गङ्गाका तीन धारा भएजस्तै वेदान्तका पनि प्रस्थानत्रयीरूपी तीन धारा छन् । श्रुतिप्रस्थान- उपनिषद्, स्मृतिप्रस्थान- गीता र न्यायप्रस्थान- ब्रह्मसूत्र ।

२०६३-०९-११

### १३) ब्रह्मसूत्रको महत्त्व

ब्रह्मसूत्रलाई शारीरकमीमांसा भनिन्छ । 'शरीरक' भनेको कुत्सित शरीर हो भने त्यसभित्र निवास गर्ने अविनाशी आत्मा नै 'शारीरक' हो । त्यसको मीमांसा या विचार गर्नु नै ब्रह्मसूत्रको उद्देश्य हो । काँचको पिञ्जडामा हीराको सुगा बसेजस्तो विनाशी शरीरभित्र अविनाशी आत्मा बसेको छ । त्यसकै अन्वेषण ब्रह्मसूत्रले गर्दछ ।

२०६३-०९-११

### १४)

सगुणबाट सुरु नगरी र निर्गुणमा नटुङ्गिई ज्ञान हुँदैन ।

२०६३-०९-१२

### १५)

वेदान्तको ब्रह्मज्ञानमा थप्नुपर्ने कुरा केही छैन भएकोलाई हटाउनुमात्र छ ।

२०६३-०९-१५

### १६)

शर्तमा भएको प्रेम देखावटी हुन्छ ।

२०६३-०९-१५

### १७) ब्रह्मज्ञान र भाला

लामो लठ्ठीको टुप्पोमा तीखो फलाम जोडिएपछि भाला बन्दछ । अन्तःकरणको वृत्ति लामो लठ्ठी हो भने ब्रह्म नै तीखो फलाम हो । त्यसैले ब्रह्माकार अन्तःकरण वृत्तिमा ब्रह्म प्रतिबिम्बित हुनु या जोडिनु नै ब्रह्मज्ञान हो । यही ब्रह्मज्ञानरूपी भालाले अज्ञानरूपी शत्रुलाई मारिदिन्छ ।

२०६३-०९-१६

१८)

जहाँ मन जानुपर्ने त्यहीँ जानु नै भगवान् प्रसन्न हुनुभएको लक्षण हो ।

२०६३-०९-२१

**१९) भक्तिको चस्का**

जीवनमा एकैचोटी भक्तिको चस्का लाग्यो भने पनि जीवन सफल भएको ठान्नुपर्छ । किनभने वर्षौंअघिको चस्काले पनि फेरि फर्काएर ल्याउँछ ।

२०६३-०९-२१

**२०) प्रेमको भाषा**

प्रेम मुखबाट होइन आँखाबाट निस्कन्छ ।

भगवान् र प्रेम एउटै हो ।

जसको हृदयमा विशुद्ध प्रेम छैन त्यही नास्तिक हो ।

२०६३-०९-२२

२१)

सङ्गठन भएपछि धर्म समाप्त हुन्छ ।

२०६३-०९-२२

**२२) भक्ति र ज्ञानमार्गको फरक**

जति-जति भगवान्को माहात्म्यश्रवण गरियो, उति-उति भक्ति पुष्ट हुन्छ भने ज्ञान वैराग्यद्वारा पुष्ट हुन्छ ।

२०६३-०९-२२

२३)

मान्छेको सृष्टि गनाउँछ भने ईश्वरको सृष्टि बास्ना आउँछ ।

२०६३-०९-२५

२४)

संसारको उन्नति मान्यतामात्रको हो ।

२०६३-०९-२६

२५)

प्रेम त्यस्तो सम्बन्ध हो, जो भक्त र भगवान् दुवैमा बस्दछ ।

२०६३-०९-२८

२६)

कर्मानुष्ठान गरिरहँदा चित्तवृत्ति भगवान्मा जोडिनु नै निष्काम कर्मयोग हो ।

२०६३-०९-२८

२७)

सृष्टिलाई होइन दृष्टिलाई बदल्नुपर्छ ।

२०६३-१०-०१

**२८) मनुष्यजीवन**

मनुष्यजीवन रेलको ठूलो जक्सनजस्तो छ । जुन ठाउँमा जान चाह्यो त्यतैका लागि जक्सनबाट बाटो मिल्दछ । पुण्यद्वारा देवभावमा पुग्ने, पापद्वारा आसुरी योनिहरूमा जाने र ज्ञानद्वारा मुक्त हुने मार्ग पनि यसमा छ ।

२०६३-१०-१०

२९)

बढिया छोरो हुनुभन्दा घटिया छोरो हुनु बढिया हो ।

२०६३-१०-१३

३०)

अज्ञानी सधैँ व्यक्तिगत स्वार्थको कुरा गर्छ भने ज्ञानी सधैँ लोकहितको कुरा गर्छ ।

२०६३-१०-१४

३१)

शास्त्रको अध्ययनबाट जुन प्रकाश मिल्दछ, त्यसको तुलना कुनै भोगसँग हुन सक्दैन ।

२०६३-१०-१४

३२)

महत्त्वाकाङ्क्षी व्यक्तिले उन्नति गर्न सक्दैन ।

२०६३-१०-१४

**३३) उत्रिने कला**

संसारबाट उत्रिने कला बरु लासले जान्यो तर जीवित मान्छेले

जानेन । विना आग्रह र अवरोध प्रकृतिको स्वाभाविक बहावतर्फ बढ्नु र शरीर-इन्द्रियबाट भइरहेका कर्ममा कर्तृत्वभाव नराख्नु नै संसारबन्धनबाट उत्रने कला हो । लासले नदीमा पूर्ण रूपले आत्मसमर्पण गरेजस्तो समष्टि अस्तित्वमा पूर्णतः समर्पित हुने व्यक्ति कहिल्यै संसारको जञ्जालमा फँस्दैन ।

२०६३-११-०७

### ३४) सम्प्रदायवाद र वेदान्त

अनेकथरी सम्प्रदाय र मत-मतान्तरहरूले मेरै मतमात्र ठीक्छ छ र अरु सबै गलत छन् भन्नु अन्धाहरूले हात्ती छामेजस्तै हो । अन्धाहरूले हात्तीलाई छाम्दा कान छाम्नेले हात्ती नाङ्लाजस्तो रहेछ भन्यो भने सूँड छाम्नेले हात्ती केराको थामजस्तो रहेछ भन्यो । त्यसैगरी सर्वात्मा सर्वस्वरूप ब्रह्मतत्त्वलाई कुनै देवविशेष र रूपविशेषमा मात्र उपासना गर्ने मतानुयायीहरूले आफ्नो मतलाई ग्राह्य र अरु मतहरूलाई त्याज्य भनी बताउँछन् । अन्धाहरूले हात्ती नाङ्लोजस्तो मात्र छ । थामजस्तो होइन भनी परस्पर युद्ध गरेजस्तो यी सम्प्रदायवादीहरूको ठूलो भन्ने झगडामा पर्दछन् । ज्ञानको आँखा खुलेका तत्त्वज्ञानी पुरुषहरू भने सत्यको सम्पूर्ण स्वरूपलाई दर्शन गर्छन् र सर्वात्मा ब्रह्मतत्त्वकै वर्णन गर्दछन् । त्यसैले वेदान्तदर्शन सत्यको सर्वाङ्गीण दर्शन गर्ने प्रक्रिया हो ।

२०६३-११-०८

### ३५)

मुर्दालाई स्पर्श गर्दा त अपवित्र भइन्छ भने त्यसैमा आत्मबुद्धि गर्ने झनै अपवित्र हुन्छ ।

२०६५-०४-१३

### ३६)

संसार अनादि कालदेखिको बासी भात हो, त्यसलाई नखाऊ ।

२०६५-०४-१३

३७)

मान्छेलाई अनुहार हेर्ने ऐना धेरै चाहिएको छ, वाथरुम, बैठक, शयनकक्ष र पकेटमा समेत राख्छ तर आत्माको अनुहार हेर्ने सत्सङ्ग भने चाहिएको छैन ।

२०६५-०४-१७

३८)

विषयचिन्तनले चित्त मोटाउँछ ।

२०६५-०४-२०

३९)

ज्ञानद्वारा वासनाको कोलाहल शान्त गर्नु नै असली मौन हो ।

२०६५-०४-२०

**४०) चिप्ले कीरा र विषयभोग**

चिप्ले कीराले हिँडेको ठाउँमा रेखो छाडेझैँ विषयको अनुभवले पनि कुसंस्कारको घेरो छोड्छ । जसरी मीठोलाई मीठो मानेर खाएको मूलाले नमीठो डकार छोड्छ, त्यसैगरी विषयभोगले पनि काम, क्रोध आदि ग्याँस छोड्छ ।

२०६५-०५-१०

**४१) माया र व्यापारी**

माया ठूलो व्यापारीजस्ती छे । उसका गाडी, घर र उद्योगधन्दा आदि सबै ब्रह्मरूपी बैङ्कको ऋणबाट चल्छ । ऋण र कर चुकाउँदा रित्तै हुन्छ । ब्रह्मसँग सत्ता र चिद्रूपताको ऋण लिएर मात्र मायारूपी व्यापारीले संसाररूपी व्यापार खडा गरेको हो ।

२०६५-०५-१०

४२)

अहन्ता र ममताबाट रहित हुनु नै महान् पुरुषार्थ हो ।

२०६६-०३-२१

४३)

संसार राग-द्वेषको अड्डा हो ।

२०६६-०३-३०

**४४)**

नम्रता र शिष्टता नै गुरुलाई खुशी पार्ने एकमात्र उपाय हो ।

२०६६-०४-०१

**४५) ज्ञानको अधिकारी**

जो व्यक्ति छल-कपटले रहित एवम् सरल हुन्छ उसैले ज्ञान प्राप्त गर्न सक्दछ । महाभारतमा भीष्म, युधिष्ठिर, द्रोणाचार्यजस्ता मनस्वीहरूले समेत गीताज्ञान पाउन सकेनन्, केवल अर्जुनले प्राप्त गरे । अर्जुन ऋजुता (सरलता)का स्वरूप हुन् । जो सहज र सरल भावले ईश्वरको शरणमा जान्छ, उसैले ज्ञान पाउन सक्छ ।

२०६६-०४-०१

**४६)**

ज्ञानीको ज्ञान जिज्ञासुहरूको सम्पत्ति हो ।

२०६६-०४-०३

**४७)**

अतृप्तिको अनुभूति नै बन्धन हो ।

२०६६-०४-१४

**४८)**

मनुष्यको सारा व्यवहार बदर मतपत्रजस्तै हो ।

२०६६-०६-१४

**४९)**

ज्ञानमार्गमा सबैभन्दा कठिन उकालो भनेको इन्द्रियनिग्रह हो । इन्द्रियनिग्रह भइसकेपछि ज्ञानमार्गको साधनायात्रा सरल हुन्छ ।

२०६६-०६-१४

**५०)**

जसले इन्द्रियहरूको छटपटीलाई शान्त गर्न सक्छ, त्यही असली ज्ञान हो ।

२०६६-०६-१६

**५१)**

विवेक विनाको जीवन एकान्तमा धिक्कार्नका लागि मात्र योग्य हुन्छ ।

२०६६-०६-१७

**५२)**

संसारका पदार्थलाई एक पटकमात्र मान्यता दिइयो भने पनि त्यसले बारम्बार दुःख दिइरहन्छ ।

**२०६६-०६-१९**

**५३)**

भगवान्ले खोजेको गुरुले मात्र मुक्ति दिलाउन सक्छन् ।

**२०६६-१०-०१, दक्षिणामूर्तिस्तोत्रको प्रवचनारम्भ, देवघाट**

**५४)**

व्यवहारमा स्वतः जे गरिन्छ, गलत नै गरिन्छ ।

**२०६६-११-०६**

## ५५) मन र मुमुक्षुको टक्कर

जिज्ञासु व्यक्तिले आफ्नो मनसँगै इख लिनुपर्दछ । कुसंस्कारले भरिएको मनले स्वभावतः जे सोच्छ, गलत नै सोच्छ । अतः प्रतिक्षण सावधान भई मनको निरीक्षण गर । मनसँग टक्कर लिँदै यसो भन- मेरो आत्मारूपी धनलाई अपहरण गर्ने हे मन ! आजसम्म तेरो पालो थियो तर अब मेरो पालो हो । त्यसैले चुपो लागेर बस् ।

**२०६६-११-०६**

**५६)**

दूधमा मिठास बसेझैँ वेदान्तश्रवणमा ब्रह्म बसेको छ ।

**२०६६-१२-०७**

**५७)**

स्नेह तलतिर बग्छ भने श्रद्धा माथितिर बग्छ ।

**२०६६-१२-०७**

## ५८) सिनेमा र साक्षिभाव

जसरी सिनेमा हेर्दा सारा दृश्य व्यवहारहरूलाई आफूभन्दा अलग ठानी हेर्छौँ, त्यसैगरी संसारको व्यवहारलाई पनि साक्षिभावमा बसेर हेर । व्यवहारमा न मुछिई त्यसभन्दा अलग्गै बस ।

**२०६६-१२-०७**

५९)

संसारी व्यक्ति अनात्मामा रमाउँछ भने विवेकी आत्मामा रमाउँछ ।

२०६६-१२-०९

६०)

अनात्मचिन्तनका लागि पुण्य चाहिँदैन तर आत्मचिन्तनका लागि पुण्यपुञ्जको आवश्यकता पर्दछ ।

२०६६-१२-०९

६१)

विवेकरूपी सम्पत्तिलाई महापुरुषले मात्र प्राप्त गर्न सक्दछ ।

२०६६-१२-१०

६२)

मनले मान्छेलाई होइन, मान्छेले मनलाई बिगारेको हो ।

६३)

यो संसार बौलाएको साँढे हो ।

६४) **निर्देशन**

हे शिष्यहरू ! यो युग चुहिने थोत्रो ताप्केजस्तो भइसक्यो, यसलाई तुरुन्त फेरिदेओ ।

६५)

योगवाशिष्ठ मनको विषयमा लेखिएको सर्वश्रेष्ठ अनुसन्धानात्मक ग्रन्थ हो ।

२०६८-०६-१२

६६)

विषय बन्धनको कारण होइन । विषयमा हुने ममता नै बन्धनको कारण हो ।

२०६८-०६-१२

६७)

समयको दुरुपयोग भगवान्को अनादर हो । अतः व्यर्थमा समय नगुमाऊ ।

२०६८-०६-१२

**६८)**

म प्राइमरी स्कुलको टिचरजस्तो छु । बच्चाहरूलाई समाल्दा समाल्दै कक्षाको समय सकिएजस्तो तिम्रो मनलाई समाल्दा समाल्दै मेरो समय सकिन्छ ।

२०६८-०६-१४

**६९)**

कि ब्रह्मज्ञान छाड कि विषयासक्तिलाई छाड ।

२०६८-०६-१४

**७०) व्यवहारकुशलता**

तिम्रो व्यवहारकुशलताले व्यहारको रक्षा गर्न अलि-अलि झुटको सहारा लिनुपर्दछ भन्छ । मलाई त्यस्तो कुशलता चाहिएको छैन । व्यवहारको छक्का-पञ्जाबाट अनभिज्ञ व्यक्तिले नै सात्त्विक सुख प्राप्त गर्न सक्छ ।

२०६८-०६-१५

**७१) खबरदारी**

हे दाताहरू ! आफ्नो दानमा अभिमान नगर । तिम्रो एक बोरा चामलको भरमा बाँचेको छैन । चाहेँ भने भूकम्प ल्याइदिन सक्छु ।

२०६८-०६-१५

**७२)**

नम्रता नै महापुरुषहरूलाई खुसी गराउने साधन हो ।

२०६८-०६-१६

**७३)**

नबोल्नु मौन होइन, मनको शान्ति नै मौन हो ।

२०६८-०६-१७

**७४) बडा दशैँको शुभकामना**

छाप्रोमा बच्चा थच्चिएझैँ भगवतीमै थच्चिएर बस । त्यहाँबाट तल नझर । यही मेरो तिमीहरूका लागि बडादशैँको शुभकामना हो ।

२०६८-०६-१७

७५)

विषयभोग गर्ने व्यक्ति कहिल्यै शान्त हुँदैन ।

२०६८-०६-२२

### ७६) उपदेशको सम्मान

मेरो सत्सङ्ग र उपदेशको अपमान एवम् उपेक्षा नगर किनभने यो ज्ञान मेरो नभई गुरुपरम्पराको हो । नारायणबाट आरम्भ भएको यस गुरुपरम्पराको ज्ञानलाई पूर्ण श्रद्धा र समर्पणका साथ ग्रहण गर ।

२०६८-०६-२७

७७)

सुषुप्तिको चिन्तन द्वैतलाई उडाउने एटम बम हो ।

२०६८-०६-२८

७८)

म ब्रह्म हुँ । विषयभोगको कुमार्गमा गएका व्यक्तिहरूलाई ठटाउने गुरुको आवश्यकता भएकाले ब्रह्म नै यस्तो रिसाहा रूपमा आएको हो ।

२०६८-०६-२८

७९)

संसार बाँदर हो, त्यतातिर हेऱ्यौ भने झम्टिन आउँछ । संसारतिर हेर्दै नहेरी अध्यात्ममार्गमा खुरु-खुरु हिँड्यौ भने केही बिगार गर्दैन ।

२०६८-०६-२९

८०)

दिनभरमा जति समय मन विषयदेशमा जान्छ, त्यति समय बेकारमा गएको ठान्नुपर्दछ ।

२०६८-०७-०१

८१)

विवेकको उदय नहुनु सबैभन्दा ठूलो दुर्भाग्य हो ।

२०६८-०७-०२

### ८२) मानवता र सम्प्रदाय

पहिला मानवता अनि सम्प्रदाय । अचेल यस्ता अनेकौँ

सम्प्रदाय चलेका छन्, जसले आफ्नो सम्प्रदायका व्यक्तिहरूलाई मात्र सहयोग, हेरविचार गर्दछन् । अरुलाई जतिसुकै पीडा भएको भए पनि तिनले एक काँडी सहयोग गर्दैनन् । राजनीतिक दलजस्ता यी सङ्गठनवादीहरूले धन्न भगवान्ले कृपाले खान पाएका छन् । वास्तवमा यिनीहरूले खानै नपाउनुपर्ने हो ।

२०६८-०७-०४

**८३) जडबाट ब्रह्मबोध**

घडी, टेबुलजस्ता जडपदार्थहरूले पनि सत्‌रूपले ब्रह्मको बोध गराउँछन् । संसारमा त्यस्तो कुनै पदार्थ छैन जहाँ ब्रह्मको अंश नभएको होस् । केवल देख्ने दृष्टिको खाँचो छ । ब्रह्मज्ञानीका लागि त जड पदार्थहरू पनि ब्रह्मको बोध गराई बिलाएर जान्छन् । त्यसैले उसको ब्रह्मनिष्ठामा जड पदार्थहरूले सहयोग नै गर्दछन्, विघ्न होइन ।

२०६८-०७-०४

**८४)**

कुतर्कबाट ब्रह्मज्ञानलाई त्यसैगरी रक्षा गर्नुपर्दछ, जसरी सिंहबाट गाईलाई ।

२०६८-११-१०

**८५)**

पढ्नु भनेको दृष्टि प्राप्त गर्नु हो ।

२०६८-११-११

**८६) ब्रह्म र अन्तःकरणवृत्ति**

ब्रह्माकार अन्तःकरणवृत्तिले सगुण ब्रह्मलाई नै विषय गर्दछ किनभने निर्गुण ब्रह्म वृत्तिको विषय हुन सक्दैन । वृत्तिले सगुण ब्रह्मलाई विषय गरे पनि निर्गुण ब्रह्मको बोध भने अवश्य गराउँछ र यसैबाट मोक्ष मिल्दछ । जसरी राजहाँसले दूध-पानीको मिश्रणमा चुच्चो डुबाउँछ तर अन्तमा दूध नरही पानीमात्र बाँकी रहन्छ । ठीक त्यसैगरी वृत्तिले पनि ब्रह्म र माया मिसिएको स्वरूप या सगुण ब्रह्ममा नै चुच्चो गाड्ने हो । राजहाँसले दूधको अंश जति खाइदिई

र शुद्ध ब्रह्ममात्र बाँकी रहन्छ । यसरी वृत्तिले सगुणलाई विषय गरेर निर्गुणलाई बुझाउने देखिन्छ ।

२०६८-११-११

८७)

आत्मस्थिति भनेकै होस या सजगता हो ।

२०६८-११-११

**८८) वेदान्तले बारम्बार द्वैतनिषेध गर्नुको तात्पर्य**

चार जना धूर्तले कुकुर भनेकाले बोको डोऱ्याइरहेको मानिसले त्यसलाई कुकुर नै सम्झी छाडिदिएको दृष्टान्त छ । त्यसैले बारम्बार संसार मिथ्या भनी दोहोऱ्याएपछि त्यसलाई फाल्छ कि भनेर वेदान्तले जगत् निषेध गरेको हो ।

२०६९-०९-०७

८९)

मनरूपी कोठाबाट विवेकरूपी कुच्चोले दृश्यसंस्काररूपी कसिङ्गर फाल्नु नै सत्सङ्ग हो ।

२०६९-०९-०८

**९०) खबरदारी**

ममा दोषदर्शन नगर । गुरुबाट के चाहेका थियौ र के पायौ ? त्यसैलाई ध्यान देऊ । गाली, तिरस्कार आदिलाई होइन ।

२०६९-०९-०९

**९१) समर्पण**

कुनै भाग्यशाली महापुरुषको मनभित्र मात्र सच्चा समर्पणको उदय हुन्छ ।

२०६९-०९-११

९२)

ननिदाउनु र नचिताउनु नै आत्माकार वृत्ति हो ।

२०६९-०९-११

९३)

विचारको अभावमा बाँच्नु मर्नुसमान हो ।

२०६९-०९-१२

९४)

विद्याको रस लिन नजानेको जीवन मुर्दासमान हो ।

२०६९-०९-१२

९५)

आत्माको सम्बन्ध मनसँग, मनको सम्बन्ध कानसँग र कानको सम्बन्ध गुरुवचनसँग राखी सुनेको सत्सङ्ग पूर्ण हुन्छ ।

२०६९-०९-१४

९६)

सङ्कल्प विकल्प नउठाउनु नै मनको निग्रह हो ।

२०६९-०९-१५

९७)

तर्कसङ्ग्रह र लघुकौमुदी नै मेरो सर्वस्व हो, त्यसैको बलमा गुरुकुल खोलिएको हो ।

२०६९-०९-१८

९८)

महेश गुरुकुलमा अध्ययन पूरा गरेको छात्रलाई बाहिर अन्तर्वाता आदिमा प्रश्नै न सोधून् । क्र्याम्ब्रिजको झैँ प्रसिद्धि होस् भन्ने मेरो इच्छा छ ।

२०६९-०९-२२

**९९) विरोधपरिहार**

कर्मकाण्ड र ज्ञानकाण्डको विरोध छ ? छैन । कर्म नगरी चित्तशुद्धि हुन्न, अतः कर्मकाण्डले कर्तृत्वको प्राप्ति गरायो । प्राप्त कर्तृत्वको निषेध गरी आत्मभावमा अवस्थित गराउन ज्ञानकाण्ड प्रवृत्त भयो । निष्काम कर्मद्वारा चित्तशुद्धि गरी ज्ञानमा पुऱ्याउनु नै सम्पूर्ण वेदको अविरुद्ध निष्कर्ष हो ।

२०६९-०९-२६

१००)

अज्ञानी जीव आफ्नो अज्ञान झनै बढाउन खोज्छ ।

२०६९-०९-२७

## १०१) आत्मविश्वास

अरु कसैको सहयोग चाहिन्न, म एक्लै परम्परा धानिदिन्छु भन्ने आत्मविश्वास छ, फेरि रामानन्दयुग आउनेवाला छ ।

२०६९-०९-२८

## १०२)

तिमीहरूले संसारको कुना-कुनामा गई संस्कृतशिक्षाको प्रचार गर्नेछौ भन्ने उद्देश्यले मैले गुरुको नाममा गुरुकुल खोलेको हुँ ।

**२०६९-०९-२९, संस्कृतस्वाध्यायारम्भ, सायं, आचार्यनिवास स्वाध्यायकक्ष**

## १०३)

प्रह्लाद मेरा आदर्श गुरु हुन् ।

२०६९-१०-०१

## १०४)

ब्रह्म र ब्रह्माकार वृत्तिको सम्बन्ध नै अर्धनारीश्वरको रहस्य हो ।

२०६९-१०-०१

## १०५) खग ही जाने खग की भाषा

वेदान्त रहस्यविद्या हो । विवेक वैराग्य आदि साधनले सम्पन्न योग्य शिष्यले मात्र गुरुको भाषा बुझ्छ । विरक्त शिष्य र ब्रह्मनिष्ठ गुरुले नै वेदान्तको रस चाख्छन् । अरु बहिरबाट अनुमान गर्छन्, कति रसास्वादन भएको छ भनेर ।

२०६९-१०-०५

## १०६) वेदान्तमहिमा

वेदान्त भगवान्ले सुन्ने विषय हो । रामलाई वशिष्ठले, विष्णुलाई शिवले सुनाएको पाइन्छ । तिमी रामकृष्णभन्दा पनि ठूला भए वेदान्त नसुन ।

२०६९-१०-०६

## १०७)

झुटो नबोल्ने, होटलमा नखाने, सन्ध्यावन्दन गर्ने र लघुकौमुदी-तर्कसङ्ग्रह राम्ररी पढाउन सक्ने छ भने त्यसको शिरमा रुद्राभिषेक गर्दा हुन्छ । त्यसलाई सर्वस्व दिँदा हुन्छ ।

२०६९-१०-०६

**१०८) लाटो लड्छ एक बल्ड्याङ् बाठो लड्छ दश बल्ड्याङ्**

मुमुक्षु संसारदृष्टिमा लाटो हो । ऊ लौकिक उन्नतिमा चुक्नाले एक बल्ड्याङ् लड्छ । जगत्को बाठो भने वासनावशात् बारम्बार जन्ममृत्युको चक्करमा पर्नाले दश बल्ड्याङ् लड्छ ।

२०६९-१०-०७

**१०९)**

आवश्यकताभन्दा बढी विषयको सङ्ग्रह नगर्नु विषयत्याग हो ।

२०६९-१०-०७

**११०)**

संसारमा सबैभन्दा पवित्र काम भनेको पढ्नु-पढाउनु हो ।

२०६९-१०-०८

**१११)**

अन्न-पानी शरीरको खुराक भएझैँ सत्सङ्ग मनको खुराक हो ।

२०६९-१०-०८

**११२) भावको प्रतिबिम्बन**

आफ्नो छाती देखाउँदै गुरुले भन्नुभयो- मेरो हृदय सेतो कागजजस्तो छ । ज-जसले जस्तो भाव राख्छन् त्यो प्रतिबिम्बित हुन्छ । त्यही अनुसार मेरो मुखबाट वचन निस्कन्छ ।

२०६९-१०-०८

**११३) पशुपतिको बाँदरलाई नमस्कार**

पशुपतिको बाँदरलाई नमस्कार । कपडा, थैलो च्याते पनि देश र धर्मको घर भत्काउँदैन । दुष्ट नास्तिकहरूभन्दा कुकुर-बाँदर श्रेष्ठ छन् । त्यसैले कुकुरको पूजा पनि गरिन्छ । यिनले दुष्टहरूले झैँ संस्कृतिको सर्वनाश गर्दैनन् ।

२०६९-११-०९

**११४)**

एक दिनको सत्सङ्ग छुट्दा सर्वस्व छुट्यो भन्ने मानिसको अन्तिम जन्म हो र त्यही व्यक्ति मेरो प्राणभन्दा प्यारो हुन्छ ।

२०६९-११-२९

* * *

# सन्दर्भग्रन्थसूची

## क) प्रमुख सन्दर्भग्रन्थ

**ईशादि दश उपनिषद्** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७३, रामनवमी

**जनकदर्शनम्** प्रकाशक - महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५०

**दुर्गासप्तशती** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०६९, घटस्थापना

**देवीगीता** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०६९, नववर्ष

**माण्डूक्योपनिषद्** प्रकाशक - महेश संन्यास आश्रम, वि.सं. २०५६ (द्वि.सं.)

**रामगीता** प्रकाशक - महेश संन्यास आश्रम, वि.सं. २०६६(चौ.सं.)

**वेदस्तुति** प्रकाशक - श्रीराजर्षि जनकस्मृति कोष, वि.सं. २०६१

**श्रीमद्भागवतमहापुराणम् (पहिलो खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७२, नववर्ष (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (दोस्रो खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५ विजयादशमी (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (तेस्रो खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५ विजयादशमी (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (चौथो खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५ विजयादशमी (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (पाँचौँ खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५ कोजागरी पूर्णिमा (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (छैठौँ खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५ बालाचतुर्दशी (द्वि.सं.)

**श्रीमद्भागवतमहापुराणम् (सातौँ खण्ड)** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७५, धान्यपूर्णिमा (द्वि.सं.)

**श्रीदक्षिणामूर्तिस्तोत्रम्** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७१, गुरुपूर्णिमा
**श्रीशिवमहिम्नःस्तोत्रम्** प्रकाशक - महेश संस्कृत गुरुकुल, वि.सं. २०७०, घटस्थापना

## ख) सहायक सन्दर्भग्रन्थ

**अद्वैतसिद्धि** सम्पादक - स्वामी योगीन्द्रानन्द, वाराणसी : षड्दर्शन प्रकाशन प्रतिष्ठान (सन् 1984)
**अमरकोश** सम्पादक – पं. बालकृष्ण आचार्य, काठमाडौँ : लक्ष्मीनाथ गौतम, (वि.सं. २०१७)
**ईशादि नौ उपनिषद्** गोरखपुर : गीताप्रेस, (वि.सं. २०६०)
**ईशादिदशोपनिषदः (मणिप्रभा)** दिल्ली : मोतीलाल बनारसीदास, (सन् 1966)
**उत्तररामचरित** व्याख्या – डा. रमाकान्त त्रिपाठी, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन (सन् 1999)
**कादम्बरी** व्याख्या – मोहनदेव पन्त, दिल्ली : मोतीलाल बनारसीदास (सन् 1977)
**छान्दोग्योपनिषद्** गोरखपुर : गीताप्रेस, (वि.सं. २०५८)
**तत्त्वार्थदीपनिबन्ध**
**तृतीय भागवार्थप्रकरण** टीकाकार - वल्लभाचार्य, सम्पा. एवम् प्रका. - कृष्णशङ्कर शास्त्री
**तरुणतपसी** प्रकाशक - साझा प्रकाशन, ललितपुर : साझा प्रकाशनको छापाखाना, (वि.सं.२०६६)
**तर्कसङ्ग्रह** व्याख्याकार - शिवनारायण शास्त्री, बम्बई : खेमराज श्रीकृष्णदास, (वि.सं. १९९५)
**त्रिपुरारहस्य** व्याख्याकार - जगदीशचन्द्र मिश्र, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, (सन् 1999)
**दक्षिणामूर्ति मानसोल्लास** वाराणसी : दक्षिणामूर्ति मठ, (सन् 1987)
**दशकुमारचरित** सम्पादक - नारायण राम आचार्य, नयाँ दिल्ली: मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा.लि. (सन् 1983)
**नारदभक्तिसूत्र** गोरखपुर : गीताप्रेस, (वि.सं.
**नैष्कर्म्यसिद्धि** सम्पादक - प्रज्ञानन्द सरस्वती, वाराणसी : श्रीदक्षिणामूर्ति मठ (वि.सं. २०५३)
**पञ्चदशी** दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, (सन् 1987)

**बृहदारण्यकोपनिषद्** गोरखपुर : गीताप्रेस, (वि.सं. २०५८)

**ब्रह्मसूत्र** दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि. (सन् 1998)

**भक्तिरसायन** मधुसूदन सरस्वती

**भागवत श्रीधरी टीका** सम्पादक - जगदीशलाल शास्त्री, दिल्ली : मोतीलाल बनारसीदास (सन् 1983)

**भानुभक्तीय रामायण** सम्पादक - शिवराज आचार्य कौडिन्न्यायन, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. (वि.सं. २०७३)

**मनुस्मृति** सम्पादक - गङ्गानाथ झा, दिल्ली : परिमल पब्लिकेशन, (सन् 1998)

**माण्डूक्योपनिषत्** सम्पादक - डा. उमेशानन्द सरस्वती, ऋषिकेश : कैलाश आश्रम, (वि.सं. २०३८)

**मीमांसादर्शन** सम्पादक – श्रीमहाप्रभुलालगोस्वामी, वाराणसी : तारा बुक एजेन्सी, (वि.सं. २०४२)

**मुनामदन** प्रकाशक - चूडामणि गौतम, काठमाडौँ : गौतम प्रकाशन (वि.सं. २०४१)

**योगदर्शन** व्याख्या - डा. सुरेशचन्द्र श्रीवास्तव्य शास्त्री, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, (सन् 1998)

**रघुवंश** सम्पा- रामतेज पाण्डेय, बनारस : पण्डित पुस्तकालय (सन् 1955)

**लक्ष्मीनिबन्धसङ्ग्रह** सम्पादक - साझा प्रकाशन, ललितपुर : साझा प्रकाशनको छापाखाना, (वि.सं.२०६५)

**लघुसिद्धान्तकौमुदी** प्रकाशक - गोरखपुर : गीताप्रेस, (वि.सं. २०६१)

**विवेकचूडामणि** व्याख्याकार - अरविन्दानन्द यतिवर, वाराणसी : चौखम्बा विद्याभवन, (सन् 1998)

**वेदान्तपरिभाषा** सम्पादक - प्रो.पारसनाथ द्विवेदी, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, (वि.सं. २०५७)

**शाकुन्तल** सम्पादक - साझा प्रकाशन, ललितपुर : साझा प्रकाशनको छापाखाना, (वि.सं.२०६३)

**शिवमहिम्नःस्तोत्र (मधुसूदनी)** व्याख्या : मधुसूदन सरस्वती

**शिवराजविजय** व्याख्याकार - डा. रमाशङ्कर मिश्र, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन (सन् 2014)

**शुक्लयजुर्वेद संहिता** सम्पादक - श्रीदौलतरामगौड, वाराणसी : चौखम्बा विद्याभवन, (सन् 1996)

**श्रीमद्भगवद्गीता** गोरखपुर : गीताप्रेस, (वि.सं. २०६१)

**श्रीमद्भागवतमहापुराण (पच्चीसटीकासहित)** सङ्कलक – कर्दम ऋषि, सम्पा – कृष्णशङ्कर शास्त्री, अहमदावाद : श्रीभागवत विद्यापीठ (वि.सं. २०४२)

**श्रीमद्भागवतमहापुराण-दशटीका (दशमस्कन्ध)** सम्पा – नित्यस्वरूप ब्रह्मचारी, बङ्गाल : वनमाली राय बहादुर (वि.सं. १९६३)

**संक्षेपशारीरक** वाराणसी : चौखम्बा संस्कृत सीरीज, (सन् 1924)

**साधनसमर वा देवीमाहात्म्य (सप्तशती व्याख्या)** व्याख्याकार - ब्रह्मर्षि श्रीसत्यदेव, कलकत्ता : साधनसमर कार्यालय, (सन् 1986)

**सप्तशतीसर्वस्व** टीकाकार – पण्डित सरयूप्रसाद, वाराणसी : प्राच्य प्रकाशन, (सन् 1986)

**साङ्ख्यतत्त्वकौमुदी** अनु – रामशङ्कर भट्टाचार्य, वाराणसी : मोतीलाल बनारसीदास, (सन् 1986)

**स्तोत्ररत्नावली** गोरखपुर : गीताप्रेस